# कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति, स्नातकोत्तर तह,
नेपाली दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत

## शोध पत्र

शोधार्थी
**चक्रपाणि अर्याल**

नेपाली शिक्षण समिति
स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस,
पाटनढोका, ललितपुर
२०६७

शोधनिर्देशक
सहप्रा. डा. कृष्णप्रसाद दाहाल

# कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति, स्नातकोत्तर तह,
नेपाली दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत

## शोध पत्र

शोधार्थी
चक्रपाणि अर्याल

नेपाली शिक्षण समिति
स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस,
पाटनढोका, ललितपुर
२०६७

# शोध-निर्देशकको सिफारिस

शोधार्थी चक्रपाणि अर्यालले त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको आवश्यक परिपूर्तिका निम्ति **'कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** शीर्षकको शोधपत्रको लेखन मेरो निर्देशनमा तयार पार्नु भएको हो । शोधार्थी अर्यालले यस शोधपत्रमा कवि रिजालको जीवनी एवम् व्यक्तित्वका विविध आयामहरूमाथि विस्तृत प्रकाश पार्नुभएको छ । कवि रिजाल नेपाली साहित्यको क्षेत्रमा एउटा आशालाग्दो प्रतिभाको रूपमा देखा पर्नुभएको छ । पेशाले प्राध्यापक कवि रिजाल नेपाली काव्यिक जगत्मा 'रेसुङ्गा' नामको महाकाव्य प्रकाशन गरेर नेपाली महाकविहरूको श्रृङ्खलामा उभिनु भएको छ । यस महाकाव्यमा रेसुङ्गाको भौगोलिक र प्राकृतिक मात्र वर्णन छैन, यहाँ पौराणिक र सांस्कृतिक विषयले पनि त्यति नै व्याप्ति पाएको छ । आयुर्बेदिक औषधशास्त्रको महत्त्वलाई पनि यसले त्यति नै गम्भीर भएर जानकारी दिएको छ । यिनै विषयहरूमाथि शोधार्थी अर्यालले शोधविधिको मान्यता अनुसार अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नुभएको छ । म शोधार्थी अर्यालको यस शोधपत्रको लेखनप्रति पूर्ण सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली स्नातकोत्तर कार्यक्रम समक्ष सिफारिस गर्दछु ।

..........................................

(सहप्रा.डा.कृष्णप्रसाद दाहाल)

शोधनिर्देशक

नेपाली स्नातकोत्तर कार्यक्रम

नेपाली शिक्षण समिति

पाटन संयुक्त क्याम्पस,

पाटनढोका, ललितपुर

दिनाङ्क : २०६७/१२/१५

# मूल्याङ्कन समितिको स्वीकृति

शोधार्थी चक्रपाणि अर्यालले नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यक परिपूर्तिका लागि तयार पार्नुभएको **कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

...............................................
सहप्रा.डा. कृष्णप्रसाद दाहाल
**शोधनिर्देशक**
नेपाली स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस

...............................................
प्रा.डा.जगदीशचन्द्र भण्डारी
**संयोजक**
नेपाली स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस

...............................................
सहप्रा. सुरेन्द्रवरसिंह थापा
**विभागीय प्रमुख**
नेपाली शिक्षण समिति
पाटन संयुक्त क्याम्पस

...............................................
प्रा.डा. शैलेन्दुप्रकाश नेपाल
**बाह्यपरीक्षक**
पद्मकन्या क्याम्पस
बागबजार, काठमाडौं
मिति : २०६७/१२/३०

# कृतज्ञताज्ञापन


प्रस्तुत **'कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** शीर्षकको शोधपत्र त्रि.वि. मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गतको नेपाली स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

प्रस्तुत शोधपत्रलाई यस रूपसम्म ल्याइपुऱ्याउनका लागि शोधनिर्देशकका तर्फबाट सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु सहप्रा.डा. कृष्णप्रसाद दाहालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी प्रस्तुत शोधशीर्षक स्वीकृत गरी शोधकार्यमा अघि बढ्न बाटो देखाउने नेपाली स्नातकोत्तर कार्यक्रमका संयोजक आदरणीय गुरु प्रा. डा. जगदीशचन्द्र भण्डारीप्रति पनि आभारी छु ।

प्रस्तुत शोधपत्र पूरा गर्नका लागि हरतरहले आफ्नो व्यस्त समयका बाबजुद पनि झर्को नमानी आवश्यक जानकारीका साथमा राय, सल्लाह र सुझाव दिएर सहयोग पुऱ्याउनुहुने आदरणीय शोधनायक लक्ष्मणप्रसाद रिजालज्यू र उहाँकी धर्मपत्नी कलावतीप्रति पनि आभार व्यक्त गर्न चाहन्छु । शोधनायकको जीवनी र व्यक्तित्व दिनमा सहयोग गर्नुहुने आदरणीय प्रेमनाथ अर्याल र विश्वनाथ पन्थीज्यूमा आभारी छु । यस्तै गरी उहाँको व्यक्तित्वका बारेमा जानकारी गराउनुहुने अन्य महानुभावहरूमा पनि आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधपत्रलाई पूरा गर्नको लागि पुस्तकालयीय सामग्रीहरू सङ्कलनमा सहयोग गर्नुहुने रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास गुल्मीका लाइब्रेरियन द्वय माधवप्रसाद अर्याल र लोकनाथमा आभार प्रकट गर्दछु ।

सधैँ पढाइप्रति प्रेरणा दिएर अहिलेको यस अवस्थासम्म ल्याइपुऱ्याउनु हुने पूज्य आमा यमकुमारी अर्याल र बुबा भीमलाल अर्याल प्रति विशेष आभार प्रकट गर्दै सत्कार्यमा प्रेरणा दिइरहनुहुने आदरणीय दाजुदिदीहरू मतीलाल, कुलप्रसाद, नन्दराम र हरिकलाहरूप्रति पनि आभार व्यक्त नगरी रहन सक्दिन ।

कार्य सम्पादन गर्न ढिलाई गर्नु हुँदैन भनी सधैंभरि प्रेरणा दिइरहने प्राणप्रिय पत्नी देवकला अर्यालप्रति विशेष आभार प्रकट गर्दै शोधपत्रलाई छिटो छरितो रूपमा टङ्कण गरी सहयोग पुऱ्याउनु हुने श्रीमती कमला प्रजापती (क्वालिटी फोटोकपी एण्ड जी-लिङ्ग सर्भिस प्रोभाइडर, नयाँ गट्ठाघर, भक्तपुर) लाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

यसबाहेक पनि शोधपत्रको वर्णविन्यास शुद्धीकरण गरिदिने मित्र अच्यूत गिरीमा विशेष धन्यवाद दिँदै प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने भाइ-भतिजहरू – नारायणप्रसाद, ताराप्रसाद, मेघराज, कृष्ण, कमल र देवुमा विशेष धन्यवाद !

अन्त्यमा, शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति, स्नातकोत्तर कार्यक्रम समक्ष प्रस्तुत गर्दछु ।

..........................

चक्रपाणि अर्याल

**<u>शोधार्थी</u>**

क्याम्पस क्रमाङ्क : १८/०६०

परीक्षा क्रमाङ्क : ७७८५

त्रि.वि. रजिस्ट्रेसन नं. : १३०७१-९५

मिति : २०६७/१२/२५

नेपाली स्नातकोत्तर कार्यक्रम

नेपाली शिक्षण समिति

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

# विषय सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| | शोध निर्देशकको सिफारिस | |
| | मूल्याङ्कन समितिको स्वीकृति | |
| | कृतज्ञताज्ञापन | |
| | सङ्क्षेपीकृत-शब्दसूची | |
| **१.** | **अध्याय-एक : शोध परिचय** | **१** |
| | १.१ शोध शीर्षक | १ |
| | १.२ शोधपत्रको प्रयोजन | १ |
| | १.३ विषय परिचय | १ |
| | १.४ शोध समस्या | ३ |
| | १.५ शोधको उद्देश्य | ३ |
| | १.६ पूर्व कार्यको समीक्षा | ३ |
| | १.७ शोधको औचित्य र महत्त्व | ५ |
| | १.८ शोधको सीमाङ्कन | ५ |
| | १.९ शोध विधि | ५ |
| | १.१० शोधपत्रको रूपरेखा | ६ |
| **२.** | **अध्याय-दुई : कवि लक्ष्मणप्रसाद रिजालको जीवनीको अध्ययन** | **७** |
| | २.१ परिचय | ७ |
| | २.१.१ जन्म र जन्मस्थान | ७ |
| | २.१.२ बाल्यकाल | ७ |
| | २.१.३ शिक्षा-दीक्षा | ८ |
| | २.१.४ विवाह र सन्तान | ९ |
| | २.१.५ धार्मिक जीवन | ९ |
| | २.१.६ आर्थिक स्थिति | १० |
| | २.१.७ जागिरे जीवन | १० |
| | २.१.८ संस्थागत संलग्नता | १० |
| | २.१.९ साहित्यिक पत्रकारिता तथा सम्पादनमा संलग्नता | ११ |
| | २.१.१० पुरस्कार तथा सम्मानपत्रहरू | ११ |

२.१.११ साहित्यिक प्रेरणा, प्रभाव र प्रकाशित पहिलो कविता १२
२.१.१२ रुचि तथा स्वभाव १२
२.१.१३ प्रकाशित कृति १३
२.१.१४ प्रकाशोन्मुख कृति १३
२.२ निष्कर्ष १४
**३. अध्याय-तीन : कवि लक्ष्मणप्रसाद रिजालको व्यक्तित्वको अध्ययन १५**
३.१ परिचय १५
३.२ शारीरिक व्यक्तित्व १५
३.३ आन्तरिक व्यक्तित्व १५
३.४ साहित्यिक व्यक्तित्व १६
३.४.१ काव्यिक व्यक्तित्व १६
३.४.२ लेखक व्यक्तित्व १७
३.४.३ समीक्षक व्यक्तित्व १७
३.५ साहित्येतर व्यक्तित्व १८
३.५.१ प्राध्यापक व्यक्तित्व १८
३.५.२ धार्मिक एवम् आध्यात्मिक व्यक्तित्व १९
३.५.३ भाषा एवम् संस्कृति प्रेमी व्यक्तित्व १९
३.६ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तरसम्बन्ध २०
३.७ निष्कर्ष २०
**४. अध्याय-चार : महाकाव्यको सैद्धान्तिक परिचय र नेपाली महाकाव्य परम्पराको अध्ययन २१**
४.१ परिचय २१
४.२ परिभाषा २१
४.२.१ पूर्वीय धारणाहरू २२
४.२.२ पाश्चात्य धारणाहरू २५
४.२.३ अन्य धारणाहरू २७
४.३ महाकाव्य सम्बन्धी धारणाहरूको तुलनात्मक समीक्षा २८
४.४ महाकाव्यका तत्त्वहरू २९
४.४.१ कथानक ३०
४.४.२ चरित्र चित्रण ३०

४.४.३ भाषाशैली ३१
४.४.४ देशकाल परिवेश ३१
४.४.५ उद्देश्य ३१
४.४.६ रस ३२
४.५ नेपाली महाकाव्यको परम्परा ३२
४.५.१ पृष्ठभूमि ३२
४.५.१.१ प्राथमिककालीन नेपाली महाकाव्य (वि.सं. १८२६-१९४०सम्म) ३३
४.५.१.२ माध्यमिककालीन नेपाली महाकाव्य (वि.सं. १९४१-१९७४ सम्म)३४
४.५.१.३ आधुनिककालीन नेपाली महाकाव्य (वि.सं. १९७५-हालसम्म) ३५
४.५.१.३.१ पूर्वार्द्ध (१९७५-२०१६ सम्म) ३५
४.५.१.३.२ उत्तरार्ध (वि.सं. २०१७-हालसम्म) ३७
४.६ निष्कर्ष ४१
**५. अध्याय-पाँच : कवि लक्ष्मणप्रसाद रिजालको काव्यिक यात्रा र 'रेसुङ्गा' महाकाव्यको परिचय ४२**
५.१ परिचय ४२
५.२ लक्ष्मणप्रसाद रिजालको काव्यिक यात्रा ४२
५.२.१ प्रथम चरण - वि.सं. २०४२ देखि २०६१ सम्म ४३
५.२.२ द्वितीय चरण (२०६१-हालसम्म) उत्तरार्द्ध ४५
५.३ 'रेसुङ्गा' महाकाव्यको परिचय ४७
५.४ निष्कर्ष ५९
**६. अध्याय-छ : तत्त्वगत रूपमा 'रेसुङ्गा' महाकाव्यको अध्ययन ६०**
६.१ परिचय ६०
६.२ कथानक ६०
६.३ चरित्र चित्रण ६१
६.४ भाषाशैली ६१
६.५ देशकाल परिवेश ६३
६.६ उद्देश्य ६६
६.७ रस ६८
६.८ अन्य तत्त्वहरू ७३
६.८.१ अलङ्कार ७३

६.८.१.१ शब्दालङ्कार ७४
६.८.१.२ अर्थालङ्कार ७७
६.८.२ छन्द विधान ७९
६.९ निष्कर्ष ८१
**७. अध्याय-सात : रेसुङ्गा महाकाव्यको मूल्याङ्कन ८२**
७.१ परिचय ८२
७.२ महाकाव्यका तत्त्वका आधारमा ८२
७.२.१ कथानक ८३
७.२.२ चरित्र चित्रण ८४
७.२.३ देशकाल परिवेश ८४
७.२.४ उद्देश्य ८५
७.२.५ भाषाशैली ८६
७.२.६ रस विधान ८८
७.२.७ अलङ्कार विधान ८९
७.२.८ छन्द विधान ८९
७.२.९ संरचना ९०
७.३ प्रवृत्तिगत आधारमा ९१
७.३.१ पूर्वीय साहित्य सिद्धान्तमा केन्द्रित महाकाव्य ९१
७.३.२ परिष्कारधर्मी महाकाव्य ९३
७.३.३ दार्शनिक महाकाव्य ९५
७.३.४ औषधशास्त्रमय महाकाव्य ९६
७.३.५ पशुपक्षीमय महाकाव्य ९७
७.३.६ सास्कृतिक पक्ष ९८
७.३.७ एक नायकत्व प्राकृतिक महाकाव्य ९९
७.४ महाकाव्यका प्रमुख प्राप्ति र अप्राप्तिहरू १००
७.५ निष्कर्ष १०१
**८. अध्याय-आठ : उपसंहार र निष्कर्ष १०२**
सन्दर्भ ग्रन्थसूची १०७
पत्रपत्रिका सूची १०८
परिशिष्ट

# सङ्क्षेपीकृत-शब्दसूची

| | |
|---|---|
| ई.पू. | – ईशा पूर्व |
| गा.वि.स. | – गाउँ, विकास समिति |
| नि.मा.वि. | – निम्न माध्यमिक विद्यालय |
| मा.वि. | – माध्यमिक विद्यालय |
| वि.सं. | – विक्रम सम्बत् |
| त्रि.वि.वि. | – त्रिभुवन विश्वविद्यालय |
| बी.एड. | – ब्याच्लर अफ एजुकेशन |
| रे.ब.क्या. | – रेसुङ्गा बहुमुखी क्याम्पस |
| द्वि.सं. | – द्वितीय संस्करण |
| चौ.सं. | – चौथो संस्करण |
| छै.सं. | – छैठौं संस्करण |
| पृ. | – पृष्ठ |
| ने.भा.प्र.स. | – नेपाली भाषा प्रकाशिनी समिति |
| डा. | – डाक्टर |
| प्र.म. | – प्रधानमन्त्री |
| वी.पी. | – विश्वेश्वरप्रसाद |
| सहप्रा. | –सहप्रध्यापक |

# अध्याय-एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यको मूलत : कविता विधामा कलम चलाउँदै आएका साहित्यका चिन्तक, कला सर्जक व्यक्तित्व लक्ष्मणप्रसाद रिजालको जन्म वि.सं. २०२३/०४/१० का दिन लुम्बिनी अञ्चलको गुल्मी जिल्लाको बडागाउँ गा.वि.स. वार्ड नं.७ को भराह भन्ने गाउँमा भएको हो । उनका माताको नाम हरिकला रिजाल हो भने पिताको नाम थानेश्वर रिजाल हो । उनले गुल्मी जिल्लाको पृथ्वी नि.मा.वि. बडागाउँबाट प्राथमिक शिक्षा (कक्षा-५) उत्तीर्ण गरी घरायसी कारणले विद्यालय छाडेर घरमै चण्डी, रुद्री, लघुकौमुदी, अमरकोष, रघुवंश अध्ययन गरी २०३८ सालमा भारतको दिल्ली गई त्यहाँ भारती ऋषिकुल संस्कृत महाविद्यालय बकौली दिल्लीबाट २०४१ (सन् १९८५) मा पूर्व माध्यमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । २०४१ मा हरिद्वार गई ऋषि संस्कृत महाविद्यालय खड्खडी हरिद्वारबाट २०४३ (सन् १९८७) मा उत्तरमध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन् । त्यस पछि नेपाल फर्की दाङ जिल्लाको जनता क्याम्पस बिजौरीबाट २०४६ सालमा द्वितीय श्रेणीमा शास्त्री उत्तीर्ण गरी २ वर्ष जति बीचमै छाडेर २०४९ मा त्रि.वि.बाट मानविकी सङ्कायमा स्नातकोत्तरमा भर्ना भई २०५१ मा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ भने त्रिभुवन विश्वविद्यालयबाट एक वर्षे बी.एड. २०५१ मा दोस्रो श्रेणीमा गरेको पाइन्छ । (शोधनायक लक्ष्मण प्रसाद रिजालसँग लिएको अन्तर्वार्ताका आधारमा) रेसुङ्गासंरक्षण

समिति गुल्मीको साधारण सदस्य, लेकाली स्वाबलम्वन ऋण तथा वचत सहकारी संस्था गुल्मीका साधारण सदस्य साथमा १ कार्यकाल क्रियाशील सदस्य, रेसुङ्गा बहुमुखी क्याम्पसको आजीवन सदस्य रही सामाजिक क्रियाकलापमा पनि संलग्न रहेका छन् । हाल उनी रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास, गुल्मीका उपप्राध्यापक छन् । उनका एक श्रीमती कलावती र तीन छोराहरू रमेश, केशव र गिरिजा छन् ।

वि.सं. २०४२ तिर ऋषि संस्कृत महाविद्यालय हरिद्वार, भारतमा अध्ययन गर्दा नेपाली विद्यार्थी समूहले प्रकाशित गर्ने पत्रिकामा प्रकाशित कविता “गरिव” उनको पहिलो कविता हो । उक्त कविताबाट नेपाली साहित्यमा प्रवेश गर्ने कवि रिजाल नेपाली कविताको क्षेत्रमा परिचित व्यक्तित्वका धनी बन्न पुगेका छन् ।

साथीहरूसँगको कविता सिर्जना गर्ने प्रतिस्पर्धी भावना र आफ्नै जीवनबाट प्रेरणा पाएका रिजालका स्थानीय पत्र पत्रिकाहरूमा थुप्रै गद्य र पद्य रचनाहरू प्रकाशित हुनुको साथै “रेसुङ्गा” (महाकाव्य) २०६१, प्रकाशित भएको छ ।

लक्ष्मणप्रसाद रिजालको साहित्यपछिको अर्को महत्त्वपूर्ण पाटो भनेको शिक्षण हो । उनले पहिलो पटक महेन्द्र उ.मा.वि. गुल्मी तम्घासमा नेपाली शिक्षकको रूपमा अध्यापन गरेका थिए । २०५० मा १ वर्ष जति सूर्योदय मा.वि. जुगुम गुल्मीमा अध्यापन थालेका थिए । २०५३ सालदेखि रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास गुल्मीमा आंशिक रूपमा प्राध्यापन गर्दै २०५४ बाट पूर्ण रूपम शिक्षण गर्न थालेका हुन् । हाल उनी रे.व.क्या.को नेपाली विभाग प्रमुख छन् ।

रिजालको राजनीतिक जीवन सामान्य देखिन्छ । नेपाली काङ्ग्रेसका सक्रिय सदस्यका रूपमा उनी रहेका छन् । जनता क्याम्पस बिजौरी, दाङमा शास्त्री अध्ययन गर्दा नेपाल विद्यार्थी संघका गतिविधिमा संलग्न रहेको आरोपमा पञ्चायतका प्रहरीले केही दिन कालो कोठरीमा थुनेको थियो । (शोध नायकसँगको अन्तर्वार्ताका आधारमा)

नेपाली साहित्यको फाँटमा कलम चलाउँदा उनको सम्पर्क थुप्रै साहित्यकारहरूसँग भए तापनि विशेष निकटता भने टीकाराम पन्थी, शशि पन्थी, लक्ष्मीकान्त पन्थी, रमाकान्त पौडेल, हिरण्य ज्ञवाली, भेषबहादुर कुँवरहरूसँग भएको उनी बताउँछन् । नेपाली साहित्यको फाँटमा काम गर्दा रिजालले ठूलाठूला राष्ट्रिय स्तरका पुरस्कारहरू र मान सम्मान नपाएपनि स्थानीय

स्तरमा हुने गरेका साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत भने उनी भएका छन् । (शोधनायकको घरमा राखिएका प्रमाणपत्रका आधारमा)

## १.४ शोध समस्या

कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयक यस शोधपत्रका समस्याहरू निम्न लिखित रहेका छन् :

क) कवि लक्ष्मणप्रसाद रिजालको जीवनवृत्त के कस्तो रहेको छ ?

ख) उनका व्यक्तित्वका पाटाहरू के कस्ता रहेका छन् ?

ग) महाकाव्यको सिद्धान्त र नेपाली महाकाव्यको परम्परा केकस्तो रहेको छ ?

घ) कवि लक्ष्मणप्रसाद रिजालको 'रेसुङ्गा' महाकाव्य प्रचलित महाकाव्य मान्यतालाई केकति अङ्गीकार गरी र केकति उल्लङ्घन गरी लेखिएको छ ?

## १.५ शोधको उद्देश्य

उपर्युक्त समस्याहरूमा केन्द्रित रही कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको निरूपण गर्ने क्रममा निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) कवि लक्ष्मणप्रसाद रिजालको जीवनीको अध्ययन गर्नु,

ख) कवि लक्ष्मणप्रसाद रिजालको व्यक्तित्वका पाटाहरूको निर्क्योल गर्नु,

ग) महाकाव्यको सिद्धान्त र नेपाली महाकाव्य विकास परम्पराको निरूपण गर्नु र

घ) रेसुङ्गा महाकाव्यको अध्ययन गर्नु ।

## १.६ पूर्व कार्यको समीक्षा

कवि लक्ष्मणप्रसाद रिजाल र उनको प्रकाशित 'रेसुङ्गा' महाकाव्यका सन्दर्भमा खासै धेरै विद्वान् समालोचकहरूले चर्चा परिचर्चा नगरे पनि यसै कृतिको भूमिका, शुभाकाङ्क्षा र केही पत्रपत्रिकाहरूमा सामान्य चर्चा भएको पाइन्छ :

**रमाकान्त पौडेलले रेसुङ्गा महाकाव्यको भूमिका २०६१ मा -** 'रेसुङ्गा' कवि रिजालको दीर्घकालीन आन्तरिक कविता साधनाको उपज भएको; रिजाल निकै वर्षदेखि सार्वजनिक कविता प्रस्तुतिमा साधनारत भएको; संस्कृत छन्दशास्त्रीय ढाँचामा कविता प्रस्तुत गर्ने रिजालमा

प्रतिभाजनित अभ्यासको प्रस्तुतीकरण भेटिने; भाषाको प्रस्तुतिमा लेखनाथको अनुशीलन प्रतीत हुने; भावमा पूर्वीय अध्यात्मदर्शन केन्द्रित रहने रिजालमा युगीन यथार्थता प्रस्तुत भएको; सामाजिक विकृतिमा केन्द्रित रही लाक्षणिक भावभन्दा वाच्यार्थमा जोड दिने; भौतिक विलासिता, दमन, शोषण र हेपाहा प्रवृत्तिमाथि जोडदार विरोध पाइन्छ भनी रिजालको काव्य सिर्जनाको कारण, काव्यिक प्रवृत्ति र काव्यिक स्वरलाई चिनाउने कोसिस गरेका छन् । 'रेसुङ्गा' महाकाव्यका सन्दर्भमा उनी थप अगाडि - 'रेसुङ्गा' युगधर्म बोकेको कविताको ललित महाकाव्य हो भनी यस काव्यलाई ललित महाकाव्यका कसीभित्र राखेका छन् । पूर्वीय काव्यशास्त्रीय सीमाबन्धनका हुबहु सीमाभित्र यो महाकाव्य नपर्न सक्छ तापनि शदीऔं अघिको मान्यताहरू आजको युगमा आग्रही लाग्दछ । शास्त्रीय छन्दमा लेखिएको यस परिस्कारधर्मी काव्यमा नितान्त नौलो क्रान्तिको प्रतिच्छायाँ पाइन्छ भन्दै महाकाव्यहरूलाई हेर्ने मान्यताहरू समय-सापेक्ष परिवर्तन हुनुपर्ने धारणा समेत अघि सारेका छन् ।

**टीकाराम पन्थीले रेसुङ्गा महाकाव्यको शुभाकाङ्क्षामा** - साहित्यकार रिजालको झुकाव कवितातिर रहेको; उनका थुप्रै गद्य र पद्य रचनाहरू स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका; 'रेसुङ्गा' नामक काव्यकृति रिजालको पहिलो दीर्घकाय काव्यप्रबन्ध भएको; जसमा रेसुङ्गा गिरिको ऐतिहासिक धार्मिक, सांस्कृतिक, प्राकृतिक, जैविक आदि विविध पक्षको परिचयात्मक चित्र प्रस्तुत भएको; रेसुङ्गा गिरिमा तपस्या गरेका तपस्वीहरू शशिधर, लक्ष्मीनारायण र यदुकानन्द तीनै जना रिजाल थरका ब्राह्मण भएका र रिजालकै कलमबाट रेसुङ्गा गिरिसँग संबद्ध कृति रचिनु संयोग भएको साथै संस्कृत साहित्यको प्रमाणिक लक्षण ग्रन्थ साहित्यदर्पणको मान्यता अन्तर्गत समीक्षा गर्दा 'रेसुङ्गा' महाकाव्य भित्र पर्न नसक्ने भए तापनि आधुनिक युगका यस किसिमका दीर्घ कलेवर काव्य कृतिहरूलाई अर्वाचीन समीक्षकहरू निःसङ्कोच महाकाव्य मान्दछन् । सरसता, सरलता, शान्त रसप्रवाह र माधुर्य गुणले काव्य स्तरीय छ भनी समीक्षा गरेकोले यो काव्य पूर्वीय मान्यताअनुसार हुबहु महाकाव्यभित्र पर्न नसके पनि आफ्नै महत्त्व बोकेको महाकाव्य चाहिँ अवश्य हो भन्न सकिन्छ ।

**ऋषि 'आजाद' ले भावना राष्ट्रिय दैनिक (बुटवल) वर्ष-९ अंक-९४ को पृ.२ मा** - 'कार्यकारण सम्बन्धबाट व्यक्तिले कार्य गर्न प्रेरित हुने सिद्धान्त अघि सार्दै रिजालले पनि प्राकृतिक सौन्दर्यबाट उद्दीप्त भई 'रेसुङ्गा' महाकाव्य रचना गरेका र रिजालले 'ब्रह्मसत्य जगत्मिथ्या' दर्शनको सार पक्रेर 'रेसुङ्गा' महाकाव्यमा आद्योपान्त यसै चिन्तनको रूप निर्माण गरेको उल्लेख गरेका छन् साथै उनी ब्रह्मवादी चिन्तक भए पनि अतिवादी ब्रह्मवादमा विश्वास नराख्ने, जात,

जाति, धर्म, वर्ण, लिङ्ग, वर्गभन्दा माथि छन् भनी रेसुङ्गा महाकाव्यमा छचल्किएको ब्रह्मचिन्तन र रिजालमा रहेको मानवता र उदार भावनाको प्रशंसा गरेका छन् ।

**कपिल लामिछानेले हाम्रो पुरुषार्थ (गुल्मी) को सम्पूर्णाङ्क-५१ को 'रेसुङ्गा त रेसुङ्गा पो रै छ' शीर्षकको नियात्रामा –** 'रेसुङ्गा क्याम्पसका उप-प्रध्यापक लक्ष्मणप्रसाद रिजालले रेसुङ्गाबाट प्रभावित भई 'रेसुङ्गा' महाकाव्य लेखेको भए पनि महाकाव्यका कतिपय सीमाले गर्दा यस महाकाव्यले रेसुङ्गालाई थप चर्चामा ल्याउन सकेनछ' भनी रेसुङ्गा महाकाव्यका सीमाभित्र पर्न नसकेको ठहर गरेका छन् ।

यसरी केही समीक्षकहरूले भए पनि कवि रिजाल र उनको 'रेसुङ्गा' महाकाव्यलाई चिनाउन खोजेको पाइन्छ । रेसुङ्गा महाकाव्यका सन्दर्भमा धेरैभन्दा धेरै समालोचकहरूले समालोचना नगरेको भए पनि यसले नेपाली महाकाव्यको स्थानमा आफ्नो छुट्टै वैशिष्ट्य राखेको छ भन्न सकिन्छ ।

## १.७ शोधको औचित्य र महत्त्व

उपर्उल्लिखित पूर्वकार्यको समीक्षामा मात्र केन्द्रित रहेर कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्व स्पष्ट नहुने महसुस गरी उनको जीवनी र व्यक्तित्वको निरूपण गर्दै पुस्तकाकार कृति रेसुङ्गा महाकाव्यको अध्ययन एवं मूल्याङ्कन गर्नु नै शोधको औचित्य रहेको छ ।

## १.८ शोधको सीमाङ्कन

लक्ष्मणप्रसाद रिजाल मुख्य गरी कवि व्यक्तित्व भएको र यसका अतिरिक्त लेखक, समीक्षक पनि रहेकोले यस शोधपत्रभित्र उनको जीवनी, व्यक्तित्व र उनका फुटकर रचनाहरूको कालक्रमिक जानकारी गराउँदै एकमात्र प्रकाशित कृति 'रेसुङ्गा' महाकाव्यको काव्यिक तत्त्वहरूका आधारमा अध्ययन र मूल्याङ्कन गर्नु नै यस शोधपत्रको सीमा हो ।

## १.९ शोध विधि

प्रस्तुत शोधपत्रलाई विश्वसनीय र प्रमाणिक बनाउनको लागि शोधनायक लक्ष्मणप्रसाद रिजाल, उनका आफन्त र निकटका व्यक्तिहरूसँग गरिएको कुराकानी र नेपाली विद्वान्हरूबाट लेखिएका महाकाव्य, काव्यसँग सम्बन्धित पुस्तकहरू र यस पूर्व पूरा गरिएका अन्य शीर्षकका

शोध पत्रहरूलाई पुस्तकालयीय विधिबाट सामग्री सङ्कलनको विधि अपनाइएको छ । यसका साथै यहाँ अन्तर्विषयक विश्लेषणात्मक पद्धति समेत अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित बनाउनका लागि यस शोधपत्रलाई निम्नलिखित किसिमले वर्गीकरण गरिएको छ :

अध्याय-एक : शोध परिचय
अध्याय-दुई : कवि लक्ष्मणप्रसाद रिजालको जीवनीको अध्ययन
अध्याय-तीन : कवि लक्ष्मणप्रसाद रिजालको व्यक्तित्वको अध्ययन
अध्याय-चार : महाकाव्यको सैद्धान्तिक परिचय र नेपाली महाकाव्य परम्पराको अध्ययन
अध्याय-पाँच : कवि लक्ष्मणप्रसाद रिजालको काव्यिक यात्रा र 'रेसुङ्गा' महाकाव्यको परिचय
अध्याय-छ : तत्त्वगत रूपमा 'रेसुङ्गा' महाकाव्यको अध्ययन
अध्याय-सात : रेसुङ्गा महाकाव्यको मूल्याङ्कन
अध्याय-आठ : उपसंहार र निष्कर्ष
सन्दर्भ ग्रन्थसूची
पत्रपत्रिका सूची
परिशिष्ट

# अध्याय-दुई

# कवि लक्ष्मणप्रसाद रिजालको जीवनीको अध्ययन

## २.१ परिचय

कवि लक्ष्मणप्रसाद रिजाल गुल्मी जिल्लाको, बडागाउँ गा.वि.स. वडा नं. ७ भराहमा २०२३ साल भाद्र १० गते जन्मेका हुन् । रिजालको जीवनीको यस अध्यायभित्र उनको जन्म र बाल्यकाल, शिक्षा-दीक्षा, पालन पोषण, रुचि र स्वभाव, विवाह र सन्तान र उनका जीवनका विभिन्न आयामहरूको अध्ययन गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

लक्ष्मणप्रसाद रिजाल (धनञ्जय गोत्र) को जन्म वि.सं. २०२३ सालको भाद्र १० गतेका दिन लुम्बिनी अञ्चलको गुल्मी जिल्ला, बडागाउँ गा.वि.स., वार्ड नं. ७ को भराह भन्ने गाउँमा भएको हो। उनको चिनाको नाउँ नेत्रप्रसाद हो । उनी तेजनारायण रिजाल र भूमिश्वरा रिजालका नाति तथा थानेश्वर रिजाल र हरिकला रिजालका कान्छा छोरा हुन् । जन्म कुण्डली अनुसार उनको अनुराधा नक्षत्र र वृश्चिक राशि हो। उनको स्थायी ठेगाना - बडागाउँ गा.वि.स., वार्ड नं. ७ भराह, गुल्मी हो भने हालको ठेगाना तम्घास गा.वि.स., वार्ड नं. १, गुल्मी हो ।[१]

### २.१.२ बाल्यकाल

प्राकृतिक दृष्टिले मनोरम मानिने गुल्मी जिल्लाको बडागाउँमा जन्मिएका रिजालको बाल्यकाल गाउँघरमै लडिबुडी खेलेर, गट्टा र डण्डीबियो खेल्दै, कपर्दी खेलेर, भोटो र कमिज च्यात्दै बित्दछ । उनको बाल्यकाल दुईजना हजुरबुबाहरूका नातिहरू समेत सँगै रहेको संयुक्त परिवारमा बित्दछ। उनका बुबा थानेश्वर र आमा हरिकला अति सोझो स्वभावका भएकाले साथै उनका हजुरबुबा तेजनारायण लक्ष्मण नजन्मँदै बितेकोले कान्छा हजुरबुबा लालमणिले दाइको छोरा र नातिनातिना साथै आफ्ना छोरा नातिलाई समेत संयुक्त परिवारमा राखी पालन पोषण गरेका थिए । गाउँको सामान्य परिवारमा जन्मिएकाले उनले दाइ दिदीहरूसँग गाईबाख्रा

---

[१] शोधनायक लक्ष्मणप्रसाद रिजालसँगको अन्तर्वार्ताको आधारमा ।

चराउन जाने, दाउराघाँस जम्मा गर्ने, गाईवस्तुलाई दानापानी गर्ने जस्ता कार्यहरू पनि गर्दथे । उनी सानैदेखि तीक्ष्ण बुद्धि भएका, शान्त स्वभावका, कल्पनामा डुब्ने, एकान्त प्रिय, आत्मीय मित्रहरूसँग भावना साटासाट गर्ने, दुःखमा संवेदनशील हुने स्वभावका हुन् । उनका एक दिदी कालिका र एक दाजु रामप्रसाद छन् । उनी आमाबुबाका कान्छा सन्तान हुन् ।[२]

### २.१.३ शिक्षा-दीक्षा

कवि लक्ष्मणप्रसाद रिजाललाई साउँअक्षरको शिक्षारम्भ घरमै कान्छा हजुरबुबाबाट गराइएको हो । विद्यालय शिक्षाको आरम्भ भने वि.सं. २०३० तिर तत्कालीन श्री पृथ्वी नि.मा.वि. बडागाउँ, गुल्मीबाट कक्षा-१ मा भर्ना गराइएको हो । उनले त्यस विद्यालयबाट कक्षा-५ सम्मको शिक्षा ग्रहण गरेका हुन् । वि.सं. २०३४ सालमा उनका पिताको निधन भएपछि उनलाई विद्यालय छोडाई घरमै कान्छा हजुरबुबाका छोरा डालराज रिजालले चण्डी, रूद्री पढाउन थाल्छन् । त्यसमा उनी निपुर्ण बन्दै गएपछि वि.सं. २०३७ तिरबाट लक्ष्मीनिधि घिमिरे ( जो पौरोहित्य शिक्षा पढेका र नेपालको सरकारी खरिदार थिए) को घरमा पठाई लघु कौमुदी, अमरकोष, रघुवंश जस्ता संस्कृत शिक्षा प्रदान गरिन्छ । लक्ष्मीनिधि घिमिरेको अभावमा उनी आफ्नै काका पर्ने विश्वनाथ रिजाल (उनले पनि बनारसबाट मध्यमासम्म पढेका र शिक्षक थिए) सँग गई अध्ययन गरेका हुन् ।[३]

वि.सं. २०३८ मा उनलाई आफ्नै दाजु रामप्रसाद रिजालले भारतको दिल्लीमा लगी भारती ऋषिकुल संस्कृत महाविद्यालयमा भर्ना गरिदिन्छन् । त्यहाँबाट उनले सन् १९८५ मा पूर्व मध्यमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । त्यस पछि उनी भारतको हरिद्वार गई सन् १९८७ मा ऋषि संस्कृत महाविद्यालय खड्खडी हरिद्वारबाट उत्तरमध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन् । त्यसपछि नेपाल फर्की जनता क्याम्पस विजौरी दाङबाट (वि.सं. २०४६) शास्त्री द्वितीय श्रेणीमा उत्तीर्ण गरी आर्थिक अभावका कारण बीचमा २-३ वर्ष जति अध्ययनको क्रमलाई छाडेर वि.सं. २०४९ मा त्रि.वि. मानविकी तथा सामाजिक शास्त्रमा भर्ना भई नेपाली विषयबाट वि.सं. २०५१ सालमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् भने एक वर्षे बी.एड. पनि सँगै त्रि.वि. बाटै वि.सं. २०५१ मा द्वितीय श्रेणीमै उत्तीर्ण गरेका हुन् ।[४]

---

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

### २.१.४ विवाह र सन्तान

लक्ष्मणप्रसाद रिजाल २२ वर्षको उमेरमा दाम्पत्य जीवनमा प्रवेश गरेका हुन् । रिजाल वि.सं. २०४५ सालको असार महिनामा गुल्मी जिल्ला अर्खले गा.वि.स. वडा नं. ८ बेंबरे टाकुराका हरिप्रसाद भट्टराई र भुमकला भट्टराईकी जेठी सुपुत्री कलावती भट्टराईसँग दाम्पत्य जीवनमा बाँधिएका हुन् ।[५] उनका तीन छोराहरू रमेश रिजाल (वि.सं. २०४९), केशव रिजाल (२०५१) र गिरिजा रिजाल (२०५४) छन् । उनकी पत्नी धेरै गुणहरूले युक्त भएकोले उनको पारिवारिक जीवन सुखद् र सन्तोषजनक रहेको उनी बताउँछन् ।

### २.१.५ धार्मिक जीवन

लक्ष्मणप्रसाद रिजाल धार्मिक संस्कारमा हुर्केका व्यक्ति हुन् । उनका काका डालराज गुल्मी बडागाउँका एक नामी पुरेत भएकोले उनको प्रभाव रिजालमा पनि परेको देखिन्छ । पाँच कक्षा पढ्दादेखि नै विद्यालयको पढाइलाई छाडेर उनी घरमै चण्डी, रुद्री, कौमुदी, अमरकोष आदिको अध्ययनमा लागेका र पछि भारतमा गएर संस्कृत अध्ययन गरेकाले उनी पूर्णतः ब्राह्मण संस्कारमा देखिन्छन् ।[६] विहानै उठ्ने, नित्यकर्म गर्ने, गायत्री जप्ने र कम्तीमा एक अध्याय भागवत पाठ गर्ने उनको बानी नै छ ।[७] उनी आफ्नो कुल र धर्ममा निकै आस्थावान छन् । उनले आफू व्यास बनेर देवीभागवत (नवाह) र हरिवंश (नवाह) पनि सम्पादन गराएका छन् । साथमा विश्वनाथ रिजाल, दिवाकर घिमिरे, विश्वनाथ पन्थी आदि पण्डितहरूलाई उपवाचक राखी पटक पटक श्रीमद्भागवत (सप्ताह) पनि पूरा गराएका छन् । उनको कथा वाचन कला त्यति प्रभावोत्तेजक नभए पनि कथानकलाई उनले राम्रोसँग नछोडिकन अगाडि बढाएको पाइन्छ ।[८] पुरेत्याइँलाई उनले पेसाको रूपमा ल्याएका छैनन् तर पनि आवश्यक परेको खण्डमा चण्डी, रुद्री, वेद, गीता, भागवत पाठ गर्ने काम अहिले पनि गर्दछन् ।[९]

---

[५] शोधनायककी पत्नी कलावतीसँग गरिएको कुराकानीका आधारमा ।

[६] शोधनायक लक्ष्मणप्रसाद रिजालसँगको अर्न्तर्वाताका आधारमा ।

[७] शोधनायककी पत्नी कलावतीसँग गरिएको कुराकानीका आधारमा ।

[८] विश्वनाथ पन्थीबाट प्राप्त जानकारी ।

[९] शोधनायक लक्ष्मणप्रसाद रिजालसँगको अर्न्तर्वाताका आधारमा ।

### २.१.६ आर्थिक स्थिति

आफ्नो खेतबारीमा काम गरेर जीवन निर्वाह हुने सामान्य आर्थिक पृष्ठभूमि भएको परिवारमा लक्ष्मणप्रसाद रिजालको जन्म भएको हो । उनी १२-१३ वर्षको हुँदा उनका बुबा र आमा दुवै स्वर्ग भएका हुँदा घरको आर्थिक अभिभारा उनीहरू दुई भाइमा परेको थियो । दाइको प्रेरणा र सहयोगबाट उनी भारतमा गई संस्कृत पढ्न थालेका हुन् । शास्त्री सम्मको पढाइ पूरा गरेर आएपछि उनी जागिरे जीवनमा प्रवेश गरेका हुन् । हाल उनका नाममा भएका पैतृक सम्पत्तिलाई उनले दाजु रामप्रसाद रिजालको संरक्षणमा छाडेर आफ्नै कमाइबाट तम्घास-१, गुल्मीको धागिथुममा दुईतल्ले पक्की घर बनाई बसोबास गरिरहेका छन् । सामुदायिक क्याम्पसको एउटा प्राध्यापकको कमाइबाट ३ भाइ छोराहरूको पढाइ खर्च र घर खर्चले गर्दा उनको आर्थिक अवस्था मध्यम देखिन्छ ।[१०]

### २.१.७ जागिरे जीवन

आफ्नो पढाइ खर्चलाई व्यवस्थापन गर्नको लागि रिजालले २०४५ तिर तुल्सी बोर्डिङ्ग स्कुल दाङमा १/२ वर्ष जति शिक्षण गरेका हुन् । वि.सं. २०४७ को शैक्षिक वर्षदेखि २०५० सम्म महेन्द्र मा.वि. तम्घास गुल्मीमा शिक्षण गरे । २०५० मा उनले महेन्द्र मा.वि.मा आफ्नो दरवन्दीमा सट्टा शिक्षक राखी एम.ए.को जाँच दिन गएको समयमा विद्यालयले सट्टा शिक्षकलाई नै दरबन्दीमा राखेपछि महेन्द्र मा.वि.लाई छोडी एक वर्षजति वि.सं. २०५० मा सूर्योदय मा.वि. जुभुङ्ग गुल्मीमा शिक्षण गरे भने २०५१ देखि अर्जुन बोर्डिङ्ग हाइस्कुल तम्घासमा अध्यापन गर्न थाले । २०५३ बाट रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास, गुल्मीमा आंशिक प्राध्यापकको रूपमा नियुक्त भई २०५४ बाट उप-प्राध्यापक हुँदै अध्यापन गराउँदै आइरहेका छन् । हाल उनी रे.व.क्या. नेपाली विभागका प्रमुख रही कार्य गरिरहेका छन् ।

### २.१.८ संस्थागत संलग्नता

लक्ष्मणप्रसाद रिजाल खासै ठूला-ठूला संस्थाहरूमा रही कार्य गर्दै आएको पाइँदैन तापनि केही सामाजिक संस्थाहरूमा भने आबद्ध रहेका छन् । उनी रेसुङ्गा संरक्षण समिति गुल्मीका साधारण सदस्य, लेकाली स्वावलम्बन ऋण तथा बचत सहकारी संस्था, गुल्मीका साधारण

---

[१०] ऐजन ।

सदस्य, नेपाल प्राध्यापक संघ रे.व.क्या. तम्घास गुल्मीका साधारण सदस्य, महेन्द्र उ.मा.वि. तम्घास गुल्मीका आजीवन सदस्य र रे.व.क्या. गुल्मीको आजीवन सभासद् रही केही संस्थाहरूमा संलग्न रहेका छन् ।[११]

### २.१.९ साहित्यिक पत्रकारिता तथा सम्पादनमा संलग्नता

लक्ष्मणप्रसाद रिजालले साहित्यका विविध क्षेत्रमा कलम चलाउँदै आएको पाइन्छ । महेन्द्र मा.वि. तम्घास, गुल्मीमा अध्यापन गर्दा त्यहाँबाट प्रकाशित हुने मुखपत्र **शैल सन्देश**मा उनी प्रथम अंकका सम्पादक हुन् ।[१२] वि.सं. २०६० बाट गुल्मी तम्घासबाट प्रकाशित भएको साप्ताहिक पत्रिका **गुल्मी टाइम्स** को एक वर्ष जति (२०६० मा) स्तम्भकार भएर गद्य तथा पद्य लेखहरू प्रकाशन गरेका छन् । उनका गुल्मी जिल्लाबाट प्रकाशित हुने **विद्या, हाम्रो पुरुषार्थ, शैल-सन्देश, लेकाली स्मारिका, दीपज्योति** आदि पत्रपत्रिकाहरूमा लेखरचनाहरू प्रकाशित भएका छन् ।

### २.१.१० पुरस्कार तथा सम्मानपत्रहरू

लक्ष्मणप्रसाद रिजालको कलम मुख्य गरी कविता विधामा चल्ने हुँदा उनी स्थानीय रूपमा आयोजना हुने कविता प्रतियोगिता र गोष्ठीहरूमा भाग लिई पुरस्कृत भएका छन् । २८० औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा **नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान** तथा **किरण पुस्तकालय** तम्घास गुल्मीको तत्त्वावधानमा आयोजित कवि गोष्ठीमा भाग लिई उनले प्रथम स्थान हासिल गरेर प्रमाण-पत्र र नगद रु. १,०००।- (एक हजार) प्राप्त गरेका हुन् । लोकतन्त्र दिवस मूल समारोह समिति तथा नेपाल पत्रकार महासंघ गुल्मीको संयुक्त आयोजनामा सम्पन्न भएको कवि गोष्ठीमा उनले प्रथम स्थान हासिल गरेका हुन् । यसरी ठूला-ठूला राष्ट्रिय सम्मान र पुरस्कार नपाए पनि स्थानीय स्तरका प्रतियोगिताहरूबाट रिजाल पुरस्कृत भएका छन् ।

---

[११] ऐजन ।

[१२] ऐजन ।

## २.१.११ साहित्यिक प्रेरणा, प्रभाव र प्रकाशित पहिलो कविता

लक्ष्मणप्रसाद रिजालले साहित्य सिर्जनाको प्रेरणा भारतको हरिद्वारमा अध्ययन गर्दाबाट पाएका हुन् । युग कवि मोतीरामको वनारसको जे योगदान छ हामी नेपालबाट भारतमा आई पढ्नेहरूको पनि नेपाली साहित्यमा त्यही योगदान हुनुपर्छ, साहित्यिक मासिक पत्रिका प्रकाशन गर्नुपर्छ, सबैले केही न केही लेख्नुपर्छ ।"[१३] भन्ने नेपाली विद्यार्थीहरूको प्रेरणा र प्रभावबाट उनी साहित्य रचनामा लागेका हुन् । सन् १९८६ तिर ऋषि संस्कृत महाविद्यालय खड्खडी हरिद्वारबाट प्रकाशित हुने पत्रिकामा प्रकाशित 'गरिब' शीर्षकको कविता नै उनको पहिलो कविता हो । प्रस्तुत कविताको श्लोक रिजालको मस्तिष्कमा ताजै छ -

**"भोको छ पेट दुःखीको व्यथा यस्तै छ जीवन**
**कसले सुन्छ गरीबको कथा विवश जीवन"**

रिजालले साहित्य सिर्जना गर्ने प्रेरणा धेरैतिरबाट पाएका छन् । दाङ विजौरीमा पढ्दा साथी गणेश पाण्डेले शास्त्रीय कविताहरू कोर्नाले रिजालमा उनको प्रेरणा पनि परकको पाइन्छ । शास्त्री पढ्दा दाङबाट प्रकाशित हुने **आमोद** पत्रिकामा साथीहरूसँग हुने प्रतिस्पर्धी भावना, संस्कृत पढाउने उनका गुरुहरू थानेश्वर गौतम, तीर्थराज सुवेदी, थानेश्वर पौड्याल, कृष्णप्रसाद सुवेदी, दामोदर शर्मा आदिको लयात्मक वाचनले गर्दा रिजाल छन्दोबद्ध कविता रचनातर्फ अग्रसर भएका हुन् । उनी भानुभक्त, लेखनाथ, देवकोटा, सम, माधवप्रसाद घिमिरे आदिका शास्त्रीय कविताहरूबाट प्रभावित छन् । पढ्ने समयमा साथीहरूसँग कवितामा अन्ताक्षरी गर्दा चार पाउको पूर्ण श्लोक नै वाचन गर्नुपर्ने नियम बसाली कविता वाचन गर्नाले पनि उनी कविता लेखनतर्फ प्रेरित भएको पाइन्छ ।[१४]

## २.१.१२ रुचि तथा स्वभाव

मानिस पछि गएर कस्तो बन्ने भन्ने कुरा उसको प्रारम्भिक रुचि एवं स्वभावमा भर पर्दछ । रिजाल सानैदेखि एकान्त प्रिय, संवेदनशील र कल्पनामा डुब्ने स्वभावका हुन् । अरुको दुःखमा उनी निकै संवेदनशील बन्दछन् । खानपानमा उनलाई सादा दाल, भात, तरकारी

[१३] ऐजन ।

[१४] ऐजन ।

मनपर्छ । माछा, मासु उनी खाँदैनन् । हरियो सागपात उनी विशेष मनपराउँछन् । लगाउने कुरामा भने उनी खास सौख राख्दैनन् तापनि उनले घरमा बस्दा धोतीकछाड लगाउन मन पराउँछन् । क्याम्पसबाट सरासर घरमा आउने, घरका कामकाज गर्ने, छोराहरूलाई पढाउने, फुर्सद भएमा कोठामा गई कविता साधना गर्ने उनको बानी नै छ ।[१५] साथीभाइसँग हासपरिहास गर्ने, बेकाममा समय खेर फाल्ने, बाहिर बजारमा फाल्तु खर्च गर्ने जस्ता बानीहरू उनमा छैनन् ।[१६] बोलचाल खानपिन नातासम्बन्धमा उनी अत्यन्त नम्र, शिष्ट, इमान्दार व्यक्तित्वमा पर्दछन् ।[१७]

### २.१.१३ प्रकाशित कृति

२० वर्षको कलिलो उमेरबाट नेपाली साहित्यमा कलम चलाउँदै आएका रिजाल मुख्यतः कविता विधामा अगाडि देखिन्छन् । उनका फुटकर गद्य र पद्य रचनाहरू स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् ।

लक्ष्मणप्रसाद रिजालको प्रकाशित कृति भनेको 'रेसुङ्गा' महाकाव्य (२०६१) हो । यसमा कविले १४ सर्ग र ११६९ श्लोकमा रेसुङ्गा गिरिलाई अचल नायक बनाई पूर्वीय आध्यात्मिक पृष्ठभूमिमा रही शास्त्रीय छन्दहरूको प्रयोग गरी काव्य पूरा गरेका छन् ।

### २.१.१४ प्रकाशोन्मुख कृति

रिजाल नेपाली साहित्यको भण्डारलाई माथि उठाउने काममा दत्तचित्त भएर लागिरहेका छन् । उनको निकट भविष्यमा पूर्वीय अध्यात्मक दर्शनमै केन्द्रित हिन्दू दर्शनका व्याख्याता स्वामी विवेकानन्दको जीवनीबाट प्रेरित भएर वर्तमान विशृङ्खल र पथभ्रष्ट व्यक्तिहरूलाई समेत मार्ग निर्देश गर्ने र आफ्नो संस्कृति अनि धर्मको संरक्षणमा सहिदले झैं बलिदान दिनुपर्छ भन्ने आदर्श प्रेरणाबाट प्रेरित भई **'विवेकानन्द'** दोस्रो महाकाव्य प्रकाशोन्मुख देखिन्छ ।[१८] प्रस्तुत 'विवेकानन्द' महाकाव्यको प्रथम सर्गको प्रथम श्लोक यस्तो रहेको छ :

---

[१५] शोधनायककी पत्नी कलावतीसँग गरिएको कुराकानीका आधारमा ।

[१६] माधव अर्यालबाट प्राप्त जानकारी ।

[१७] विश्वनाथ पन्थीबाट प्राप्त जानकारी ।

[१८] शोधनायक लक्ष्मणप्रसाद रिजालसँगको अन्तर्वार्ताका आधारमा ।

**वीणा-पुस्तकले सु-सज्जित सदा मालाहरू मौक्तिक**
**सेतो वर्ण रह्यो प्रदीप्त भरिलो, हे शारदा अम्बिका**
**ज्योतिर्ज्ञानमय प्रकाश जगकी ऐश्वर्यरूपी धन**
**वाणीदेउ सदा प्रकाश भरिलो अज्ञान नाशीकन ।**[१९]

यस प्रकाशोन्मुख कृतिका अतिरिक्त फुटकर कविताहरूबाट अर्को कविता सङ्ग्रह पनि प्रकाशनमा ल्याउने सोच रहेको उनी बताउँछन् । लेखकको कलम निरन्तर रूपमा अघि बढेको खण्डमा उनका निकट भविष्यमा थुप्रै कृतिहरू प्रकाशित हुँदै जानेछन् ।

## २.२ निष्कर्ष

लक्ष्मणप्रसाद रिजालले जीवनका धेरै उकाली ओरालीहरू पार गर्दै ४५ वर्ष उमेर पार गरिसकेका छन् । सुरुसुरुमा उनका पुर्खाहरू त्यति धनाढ्य पनि नभएका र जमिनदार पनि नभएकाले उनको आर्थिक अवस्था सामान्य नै देखिए पनि हाल रे.व.क्या. तम्घासको प्राध्यापक भएर तम्घासमै घर बनाएर बसिरहेकोले उनको जीवनस्तर केही माथि रहेको छ भन्न सहजै सकिन्छ । हाल उनी समाजका एक बौद्धिक व्यक्तिमा गणना हुन्छन् ।

चिन्तनशील स्वभाव र कविता साधना गर्ने उनको बानीले गर्दा स्थानीय साहित्यनुरागीहरू उनीसँग विचार साटासाट गर्न र प्रेरणा लिन आउने गर्दछन् । स्थानीय रूपमा सम्पन्न हुने साहित्यिक र कवि गोष्ठीहरूमा रिजाललाई खबर गरिन्छ । उनले एक/दुई पटक पोखराको पृथ्वीनारायण क्याम्पसमा गई साहित्यिक गोष्ठीमा सहभागिता पनि जनाईसकेका छन् ।

पेशाले प्राध्यापक, स्वभावले सामाजिक र चिन्तनशील अनि काव्य साधक भएको हुनाले रिजालको जीवन वैयक्तिक, सामाजिक र साहित्यिक क्षेत्रमा प्रतिष्ठित नै रहेको छ । प्रकृति, समाज र सङ्गतले उनलाई उद्दीप्त पार्दै र अर्थले साथ दिँदै गएमा उनका थुप्रै कृतिहरू प्रकाशित हुनेछन् ।

[१९] 'विवेकानन्द' महाकाव्य खेस्रा लेखनबाट टिपोट ।

# अध्याय-तीन

# कवि लक्ष्मणप्रसाद रिजालको व्यक्तित्वको अध्ययन

## ३.१ परिचय

कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना-परिघटना, आरोह-अवरोह, क्रिया-प्रतिक्रियाले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त बाँचेको परिवेश, समाज, सङ्गत, परिवार, संस्कृति, पेसा, शिक्षा-दीक्षा आदिबाट पनि मानिसको व्यक्तित्व निर्माण हुने गर्दछ । मानिसको शारीरिक गठनदेखि लिएर उसभित्र निहित प्रतिभाहरूलाई नै व्यक्तित्वका रूपमा लिन सकिन्छ । साहित्यमा कलम चलाउने व्यक्तिहरूको व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्वमा साहित्यका विधाका आधारमा हेर्न सकिन्छ भने साहित्येतर व्यक्तित्वमा उसले गर्ने सामाजिक कार्यका आधारमा हेर्न सकिन्छ । यहाँ कवि लक्ष्मणप्रसाद रिजालको व्यक्तित्वको अध्ययनलाई निम्नानुसार अध्ययन गरिन्छ :

## ३.२ शारीरिक व्यक्तित्व

मिलेका दाँत, गहुँगोरो वर्ण, तेजस्वी आँखा, बाटुलो अनुहार, तीलचामले केशले सु-सज्जित शिर, मध्यम जीउडाल, हँसिलो अनुहार, ५ फिट ४ इन्च उचाइ, ५५/५७ के.जी. तौल नै रिजालको बाह्य शारीरिक रूप हो ।

विनम्र र मिलनसार स्वभावका, सधैं फुर्तिला र जाँगरिला देखिने, आफ्नो पेसालाई आदर्श बनाउनुपर्छ भन्ने प्रेरणा अरुलाई दिँदै हिँड्ने, चिन्तनशील स्वभावका देखिने, गम्भीर र शान्त स्वभाव उनमा देखिन्छन् ।[२०] यही नै उनको बाह्य व्यक्तित्व हो ।

## ३.३ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको वास्तविकता बाह्य व्यक्तित्वले भन्दा आन्तरिक व्यक्तित्वले प्रस्ट झल्कन्छ । लक्ष्मणप्रसाद रिजालको बाह्य व्यक्तित्व भन्दा आन्तरिक व्यक्तित्व प्रखर देखिन्छ । उनमा निष्कलङ्क व्यवहार पाइन्छ । उनी सधैं स्वावलम्बी भएर बाँच्न चाहन्छन् । अरूको कपटी

[२०] शोधनायक लक्ष्मणप्रसाद रिजालसँगको अन्तर्वार्ताका आधारमा ।

व्यवहारबाट उनी सधैं टाढा रहन चाहन्छन् ।[२१] गरिब दु:खीहरूको सेवालाई उनी ईश्वर सेवा ठान्दछन् । सही मार्गमा हिँड्न खोज्नेहरूलाई उनी सधै प्रेरणा दिन चाहन्छन् । उनीसँग सहयोग माग्नेहरूलाई उनी हैन र छैन भन्न जान्दैनन् । सधै शान्त स्वभावका देखिने एकान्त प्रेमी, कल्पनाशील व्यक्ति छन् उनी । कहिलेकाहीँ घरमा सानातिना विषयमा झडङ्ग रिसाए भने पनि उनी कोठामा गई रिसलाई शान्त पार्न चाहन्छन् । घरमा हुने सामान्य भनाभन घोचपेचका कुराहरूलाई पनि उनले कवितामा उतारेर सबैलाई सुनाई आफ्नो प्रतिभा र साधनाको परिचय गराउँदै जहान परिवारलाई प्रेरणा दिन चाहन्छन् ।[२२]

## ३.४ साहित्यिक व्यक्तित्व

लक्ष्मणप्रसाद रिजाल पेसाले प्राध्यापक भए पनि उनी फुर्सदको समयमा साहित्य सिर्जनातर्फ व्यस्त रहन्छन् । साहित्यका माध्यमले उनी समाजको परिवर्तन गर्न चाहन्छन् । उनले नेपाली साहित्यमा गरेको योगदानलाई विद्यागत रूपमा निम्नानुसार हेर्न सकिन्छ -

### ३.४.१ काव्यिक व्यक्तित्व

लक्ष्मणप्रसाद रिजालको साहित्य यात्रा सन् १९८६ तिर ऋषि संस्कृत महाविद्यालय हरिद्वार भारतमा पढ्दा 'गरीब' शीर्षकको कविता प्रकाशन गरेबाट सुरु भएको हो ।[२३] त्यसपछि उनका क्रमिक रूपमा फुटकर कविताहरू प्रकाशित हुँदै आइरहेका छन् । उनका कविताहरू प्रायः गरी गुल्मी जिल्लाबाट प्रकाशित हुने **'विद्या', हाम्रो पुरुषार्थ, दीप ज्योति, शैल-सन्देश, स्रोतकेन्द्र दर्पण, विभिन्न विद्यालयका मुखपत्रहरू** आदिमा प्रकाशित छन् । कविताहरू पूर्णतः शास्त्रीय छन्दमा रचिएका छन् । उनका धेरैजसो कविताहरू पूर्वीय अध्यात्मदर्शनको पृष्ठ भूमिका रहेका छन् । रिजालले मुख्य गरी लेखनाथ र माधव घिमिरेको कविता लेखनको अनुशीलनमा रही कविता रचना गर्दछन् ।[२४] भाषाको प्रस्तुतिमा लेखनाथको अनुशीलन प्रतीत हुने र भावमा पूर्वीय

---

[२१] प्रेमनाथ अर्यालबाट प्राप्त जानकारी ।

[२२] शोधनायककी पत्नी कलावतीसँग गरिएको कुराकानीको आधारमा ।

[२३] शोधनायक लक्ष्मणप्रसाद रिजालसँगको अर्न्तर्वाताका आधारमा ।

[२४] प्रेमनाथ अर्यालबाट प्राप्त जानकारी ।

अध्यात्म दर्शनमा केन्द्रित रहने उनमा युगीन यथार्थता पनि प्रस्तुत भएका हुन्छन् ।[२५] रिजालका फुटकर कविताहरू प्रशस्त मात्रामा प्रकाशित भए पनि कविता सङ्ग्रह भने प्रकाशित हुन सकेको छैन । रिजालको 'रेसुङ्गा' (महाकाव्य वि.सं. २०६१) एउटा मात्र कृति प्रकाशित छ । यसमा पूर्वीय अध्यात्म दर्शनलाई गहन रूपमा अघि सारिएको छ । 'रेसुङ्गा' नामक प्रस्तुत काव्यकृति कवि रिजालको पहिलो दीर्घकाय काव्यप्रबन्ध हो ।[२६] कविताको वृहत् रूप महाकाव्यसम्म रचना गर्न पुगेकाले रिजाल कवि व्यक्तित्वमा प्रखर छन् ।

### ३.४.२ लेखक व्यक्तित्व

कवि लक्ष्मणप्रसाद रिजालको कलम कविताका अतिरिक्त विचार र दृष्टिकोण लेखनमा पनि अघि बढेको छ । वि.सं. २०६० सालबाट गुल्मीको तम्घासबाट प्रकाशित हुने साप्ताहिक पत्रिका **गुल्मी टाइम्स** मा उनले करिब एक वर्षजति स्तम्भकारको रूपमा रही गद्य लेखमा कलम चलाएका छन् । त्यस वखतमा उनको कलम प्रसङ्ग अनुसार पर्व विशेष, जानकारी, कवि परिचय, पूर्वीय र पाश्चात्य साहित्य परम्पराका व्यक्ति र तिनका काव्यिक प्रवृत्तिको समीक्षा आदि विषयमा चलेको छन् । रिजालका सन्दर्भ, व्यक्ति परिचय, समीक्षा, दृष्टिकोण, विचार जस्ता लेखहरू प्रकाशित छन् । यी लेखहरूमा उनको निजि दृष्टिकोण समेत स्पष्ट देखिन्छ ।

### ३.४.३ समीक्षक व्यक्तित्व

लक्ष्मणप्रसाद रिजाल समीक्षक व्यक्तित्व पनि हुन् । उनले पूर्वीय र पश्चिमी काव्य परम्परा र सिद्धान्तहरूलाई आफ्नै ढंगले समीक्षा गरेका छन् । उनी **काव्यहेतु र कवित्व** मा यसरी देखिएका छन् :

**प्राणीहरूमा नररूप श्रेष्ठ मनुष्यमा विद्वत् हुन् विशिष्ट**
**विद्वान्मा पारख काव्य स्रष्टा, स्रष्टाहरूमा पनि तत्त्व द्रष्टा ।**
**तीतत्त्व दर्शी कवि शास्त्र ज्ञाता अध्यात्मको ज्ञान दिने प्रकाश**
**खोजेर ल्याई रसज्ञान धारा आलोक भर्छन् जनमा अपार ॥**[२७]

---

[२५] रमाकान्त पौड्याल, **'रेसुङ्गा'** महाकाव्य (भूमिका), गुल्मी, (रेसुङ्गा संरक्षण समिति-२०६१) ।
[२६] टीकाराम पन्थी, 'रेसुङ्गा', महाकाव्य शुभाकाङ्क्षा, गुल्मी (रेसुङ्गा संरक्षण समिति -२०६१) ।
[२७] 'विद्या' (मुखपत्र), गुल्मी (रेसुङ्गा बहुमुखी क्याम्पस वर्ष १९, अङ्क-१६, २०६३ पृ. ६८) ।

अर्थात् प्राणीमा मानिस, मानिसमा विद्वान् र विद्वान्मा काव्यस्रष्टालाई प्रमुख रूपमा अघि सारी ज्ञानको आलोक छर्ने भनेकैं कविहरू हुन् भनी कविहरूलाई उच्च स्थानमा राखेका छन् ।

रिजालका 'काव्यपरम्परामा औचित्यवाद', भरतमुनि र उनको नाट्यशास्त्र 'दार्शनिक चिन्तक प्लेटो र उनको आदर्श राज्य', 'चर्चा वक्रोक्ति सम्प्रदायको', जस्ता शीर्षकका समीक्षात्मक लेखहरू **गुल्मी टाइम्स** र **विद्या** पत्रिकामा प्रकाशित भएकोले उनी समीक्षक व्यक्तित्व पनि हुन् ।

## ३.५ साहित्येतर व्यक्तित्व

साहित्य सिर्जनाको अतिरिक्त व्यक्तिले समजामा रहेर जे गर्दछ त्यसैलाई साहित्येतर व्यक्तित्वमा लिइन्छ । रिजालको साहित्येतर व्यक्तित्वलाई निम्नानुसार लिन सकिन्छ :

### ३.५.१ प्राध्यापक व्यक्तित्व

लक्ष्मणप्रसाद रिजालले हाल रे.व.क्या. तम्घास, गुल्मीमा स्नातकोत्तर तहसम्म नेपाली विषय प्राध्यापन गराइरहेका छन् । उनले शिक्षण कार्य भने वि.सं. २०४७ बाट सुरु गरेका हुन् । शिक्षणका क्रममा धेरै ठाउँमा दौडधुप गर्नु परे पनि उनले वि.सं. २०५३ बाट रे.व.क्या. तम्घास गुल्मीमा प्राध्यापन गर्न थालेका हुन् । नेपाल सरकारले वि.सं. २०५२ मा खोलेको शिक्षा सेवा आयोगमा उनले नेपाली विषयबाट (मा.वि. तृतीय श्रेणी) गुल्मी जिल्लाबाट पहिलो स्थानमा नाम निकालेका थिए । तर आफूले रोजेको ठाउँमा जान नपाएकोले र जि.शि.का गुल्मीले दुर्गममा पठाउन चाहेकोले उनले स्थायी जागिरलाई छाडी अस्थाई रूपमा अहिलेसम्म प्राध्यापन गरिरहेका छन् ।[२८] उनी आफ्नो पेसालाई आदर्श बनाउन चाहन्छन् । पेशाप्रति उनी वफादार छन् । समयमै कक्षामा पुग्ने, पूरा पिरियड कक्षा लिने, पाठ्य सामग्रीहरू सङ्कलन गरी विद्यार्थीहरूलाई दिने, अनुशासित, कर्तव्यपरायण प्राध्यापक हुन् उनी ।[२९] यसरी रिजाल सफल प्राध्यापक व्यक्तित्व भएको पाउन सकिन्छ ।

[२८] शोधनायक लक्ष्मणप्रसाद रिजालसँगको अर्न्तवार्ताका आधारमा ।

[२९] प्रेमनाथ अर्यालबाट प्राप्त जानकारी ।

### ३.५.२ धार्मिक एवम् आध्यात्मिक व्यक्तित्व

लक्ष्मणप्रसाद रिजालमा धार्मिक स्वभाव प्रशस्त पाउन सकिन्छ । उनी ब्राह्मण कुलमा जन्मेका र काका डालराजको पौरोहित्य व्यवहारबाट प्रभावित छन् । सानै उमेरबाट घरमै रुद्री, चण्डी, कौमुदी आदि पढेका र पछि संस्कृत शिक्षाबाट शास्त्रीसम्म अध्ययन गरेकाले उनमा यो स्वभाव विकसित भएको हो । उनले आवश्यक परिआएको खण्डमा देवीभागवत, श्रीमद्भागवत जस्ता महान् यज्ञहरू पनि पूरा गराउन सक्छन् भने रुद्री, चण्डी, भागवत पाठ आदि त सहजै गर्न सक्छन् ।[३०] पण्डितहरूमा पाइने : बिहानै उठेर नित्यकर्म गर्ने, गायत्री जप्ने, कम्तीमा एक अध्याय भागवत पाठ गर्ने[३१] स्वभाव उनका छन् । 'कवि रिजाल ब्रह्मवादी भए पनि उनी अतिवादी ब्रह्मवादमा विश्वास गर्दैनन् । उनी जात, जाति, लिङ्ग, वर्ग, क्षेत्र, धर्म, भाषा र वर्णको आधारमा कसैलाई भेदभाव नगर्ने उदार ब्रह्मज्ञानी हुन् । ब्रह्मपरम्परा अनुसार चल्ने र पूर्वीय अध्यात्म दर्शनको छाप परेकोले रिजालमा धार्मिक स्वभाव प्रशस्त रहेको पाइन्छ ।

### ३.५.३ भाषा एवम् संस्कृति प्रेमी व्यक्तित्व

नेपाली भाषाको साहित्य क्षेत्रमा कवि रिजालको लेखनी अगाडि बढेको छ । भाषा र साहित्यका माध्यमबाट उनी समाजलाई अगाडि बढाउन चाहन्छन् । उनी पूर्वीय अध्यात्म दर्शनमा आस्था राख्ने एक आस्तिक व्यक्तित्व हुन् । उनले आफ्नो धर्म, कुल, परम्परा, संस्कृति आदिले मानिसलाई जीवन्त पारेको कुरामा विश्वास गर्दछन् । नेपाली, हिन्दी, संस्कृत जस्ता भाषाहरूको पूर्ण ज्ञान उनमा रहेको छ । नेपाली भाषा संस्कृत भाषाबाट ओतप्रोत छ भन्ने कुरामा उनी आत्मसात् गर्छन् । आफ्नो संस्कृतिको जगेर्नाका लागि उनी कटिबद्ध देखिन्छन् । नेपाली भाषाका माध्यमबाट साहित्य सिर्जना गरेर वर्तमान समयका पथभ्रष्ट मानिसहरूलाई आलोक प्रदान गरी सही मार्गमा ल्याउने[३२] उनको विचार रहेकोले रिजाल भाषा एवम् संस्कृति प्रेमी व्यक्तित्व हुन् भन्न सकिन्छ ।

---

[३०] विश्वनाथ पन्थीबाट प्राप्त जानकारी ।

[३१] शोधनायककी पत्नी कलावतीसँग गरिएको कुराकानीका आधारमा ।

[३२] शोधनायक लक्ष्मणप्रसाद रिजालसँगको अन्तर्वार्ताका आधारमा ।

## ३.६ जीवनी व्यक्तित्व र साहित्य लेखनका बीच अन्तर्सम्बन्ध

कवि लक्ष्मणप्रसाद रिजालले ४५ वर्षको जीवन भोगाइ पार गरिसकेका छन् । यस अवधिमा उनले जीवनलाई सही बाटो दिनको लागि निकै सङ्घर्ष गर्नु परेको कुरा उनको जीवनीबाट पाउन सकिन्छ । जीवन निर्वाहको लागि मानिसले एउटा न एउटा पेसा अङ्गाल्नु पर्ने परिप्रेक्ष्यमा रिजालले शिक्षण पेसालाई अङ्गालेका छन् तापनि उनलाई साहित्यिक वातावरणले प्रभाव पारेको छ । शिक्षण र लेखनकार्य समानधर्मी कार्य हुन् । शिक्षण गर्दा साहित्य सिर्जनाका लागि ऊर्जा प्राप्त हुन्छ । उनको जीवन आध्यात्मिक छ । चिन्तन पनि आध्यात्मिक छ र सिर्जना पनि आध्यात्मिक नै छन् । उनी कुनै पनि वस्तुको अन्तर्जगतलाई पहिल्याउँदै साहित्य सिर्जना र अध्यात्म दर्शनको माध्यमबाट उनी समाजको परिवर्तन गर्न चाहन्छन् ।

रिजालको जीवन जुन धार्मिक एवम् आध्यात्मिक पृष्ठभूमिमा छ, व्यक्तित्व पनि त्यस्तै छ भने साहित्यमा पनि त्यस्तै भाव व्यक्त भएको छ ।

## ३.७ निष्कर्ष

कवि लक्ष्मणप्रसाद रिजालको जीवन भोगाइ जस्तो छ उनको व्यक्तित्व पनि त्यत्ति नै मात्रमा निख्खर देखिन्छ । सधैँ फुर्तिला र जाँगरिला देखिने, चिन्तनशील स्वभावका उनमा प्राध्यापनकला उच्च छ । समाजसँग पनि उनी राम्रोसँग मिलेर बसेको पाइन्छ । उनी कसैलाई पीर मर्कामा पार्न जान्दैनन् । धार्मिक एवम् संस्कृति प्रेमी व्यक्तिको रूपमा उनी देखिएका छन् । साहित्य सिर्जनातिर उनी तन्मय देखिन्छन् । उनले वंशपरम्पराबाट नभई स्वतः स्फुर्त रूपमा आफ्नै प्रेरणाले साहित्य सिर्जनाको बाटो रोजेको पाइन्छ । संस्कृत साहित्यका अध्येता र धार्मिक पृष्ठभूमिमा जन्मेको भएर नै उनमा आध्यात्मिकताको विकास हुन सकेको पाइन्छ ।

आध्यात्मिकता र मानवताको ह्रास हुन गइरहेको वर्तमान परिप्रेक्ष्यमा रिजालको व्यक्तित्व र कृतित्त्वले यसलाई बचाइ राख्नेछ भन्ने लाग्दछ ।

# अध्याय-चार

# महाकाव्यको सैद्धान्तिक परिचय र नेपाली महाकाव्य परम्पराको अध्ययन

## ४.१ परिचय

साहित्यका विविध विधाहरू मध्ये 'महाकाव्य' के हो ? 'महाकाव्य' कसरी जन्मन पुग्यो ? यसका सन्दर्भमा पूर्वीय र पाश्चात्य काव्यमनीषीहरू के के भने भन्ने कुरा जान्नु सान्दर्भिक हुन्छ । साहित्यको एउटा विधा महाकाव्यलाई चिन्नु अघि साहित्यका बारेमा जान्नुपर्ने हुन्छ । पश्चिममा 'लिक्ट्रेचर" र पूर्वमा 'काव्य' शब्दको पर्यायवाची शब्द बनेर यो आएको छ ।

छापाखानाको अभाव हुँदा हजारौँ वर्ष पहिले स्रष्टाहरूले हातैले लेखेर ग्रन्थहरू तयार पार्थे । यस्तो समयमा नाटक आदिलाई मञ्चन गराउने र कविता, कथा, महाकाव्य आदिलाई सुनाउने गर्दथे । यसै आधारमा काव्यलाई श्रव्य र दृश्य गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । हाल आएर 'साहित्य' शब्दले व्यापक अर्थ समेट्न थालिसकेको छ । 'काव्य' शब्द महाकाव्य, खण्डकाव्य, गीतिकाव्य आदिमा रुढ हुन पुगेको छ । तापनि 'काव्य' शब्द र 'साहित्य' शब्दमा तात्त्विक भिन्नता भने देखिएको छैन । साहित्यका व्यापक र सीमित गरी दुई अर्थहरू रहेका छन् । व्यापक अर्थमा यसले समस्त वाङ्मयलाई बुझाउँछ भने सीमित अर्थमा केवल गद्य, पद्य र चम्पूलाई बुझाउँछ । यी मध्ये पद्य अन्तर्गत पर्ने प्रबन्ध काव्यको बृहत् र बृहत्तर रूपलाई नै महाकाव्य भनेर चिनिएको छ ।

महाकाव्यलाई चिनाउनका लागि पूर्वीय, पाश्चात्य र अन्य चिन्तकहरूका धारणाहरूलाई यहाँ अघि सारिएको छ :

## ४.२ परिभाषा

महाकाव्यका सन्दर्भमा पूर्वीय पाश्चात्य, भारती र नेपाली गरी विभिन्न आचार्यहरूले आ-आफ्नै ढंगले परिभाषा गरेका छन् । ती विद्वान्हरूका परिभाषाहरूलाई पूर्वीय, पाश्चात्य र अन्य धारणा गरी यसरी देखाइन्छ :

### ४.२.१ पूर्वीय धारणाहरू

पूर्वीय साहित्यमा एकैपटक महाकाव्य चिन्तनको थलनी भएको पाइँदैन । सबभन्दा पहिलो अग्निपुराणको कथन अनुसार - सङ्क्षेपमा अभीष्ट अर्थ व्यक्त गर्ने दोष रहित, गुणसहित, पदावली नै काव्य हो ।[३३] भनी गुणले युक्त पदावली जसले मीठा अर्थ व्यक्त गर्छ त्यसलाई काव्य भनी चिनाइएको छ । पूर्वीय महाकाव्य विधाका पहिला चिन्तक भामह (पाँचौ शताब्दी) हुन् । उनले – लामो कथानक भएको, महान् चरित्रमा आधारित, नाटकीय पञ्चसन्धि समन्वित, उत्कृष्ट एवम् अलङ्कृत शैलीमा रचित् तथा जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने सर्गबद्ध र सुखान्त काव्य नै महाकाव्य हो ।[३४] भनेर परिभाषित गरेका छन् ।

भामहको यो परिभाषालाई हेर्दा महाकाव्य -

- सर्गबद्ध हुन्छ ।
- नायक र कथानक दुवै उच्च हुन्छ ।
- शिष्ट शब्दार्थ एवं आलाङ्कारिक पदसंयोजन हुन्छ ।
- मन्त्र, दूत, प्रणायादि एवं नायकको अभ्युदय देखाइन्छ ।
- कथानक पञ्चसन्धि समन्वित हुन्छ ।
- यो बढी व्याख्येय हुँदैन् ।

भामहपछि महाकाव्यका वारेमा केही विस्तृत रूपले परिभाषा गर्ने आचार्य दण्डी हुन् । उनको परिभाषा अनुसार -

सर्गबन्धो महाकाव्यमुच्यते तस्य लक्षणम् ।
आशीर्नमस्क्रिया वस्तु निर्देशं वापितन्मुखम् ॥
इतिहास कथोद्भूतमितरद्वा सदाक्षयम् ।
चतुर्वर्ग फलोपेतं चतुरोदात नायकम् ॥

---

[३३] बूनु लामिछाने, **सुलोचना महाकाव्य : एक अध्ययन** (शोधपत्र), कीर्तिपुर, (त्रि.वि. २०५६) पृ. १० ।

[३४] कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य** (सैद्धान्तिक तथा ऐतिहासिक विश्लेषण), कीर्तिपुर, (क्षितिज प्रकाशन २०६४) पृ.२० ।

नगरार्जव शैलर्तु चन्द्रार्कोदयवर्णनैः ।
उद्यान सलिल क्रिडा मधुपानरतोत्सवैः ॥
विप्रलम्भै र्विवाहैश्य कुमारोदय वर्णनैः ।
मन्त्रदूत प्रयाणादि नायाकाभ्यु दयै रपि ॥
अलङ्कृत च संक्षिप्तं रसभाव निरन्तरम् ।
सर्गेरनति विस्तृर्णैः श्रव्यवृर्तैः सुसन्धिभि ॥
सर्वत्र भिन्नवृत्तान्तै रूपेतं लोकरञ्जनम् ।
काव्यं कल्पान्तर स्थायी जायते सदलंकृति ॥[३५]

यस परिभाषा अनुसार - महाकाव्य, सर्गबद्ध, आशीर्वाद वा नमस्कृया वा वस्तुनिर्देशमध्ये कुनै एकबाट थालिएको र तिहास प्रसिद्ध कथानक, सदाश्रयी, चर्तुवर्ग फल प्राप्ति, चतुर एवं उच्च नायक भएको, नगर, शागर, शैल, सूर्य, चन्द्रोदय, क्रीडा आदिको वर्णन गरिएको, मन्त्रदूत, प्रणायादि वर्णन, अलङ्कृत, सङ्क्षिप्त, रस निरन्तरता, सन्तुलित सर्गयुक्त, पञ्चसन्धि समन्वित एवं लोकरञ्जक कथानक भएको हुन्छ ।

दण्डी पछिका महाकाव्यलाई परिभाषित गर्ने अर्का आचार्य रुद्रट हुन् । उनको परिभाषाअनुसार - “महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए पनि हुन्छ । यस कथानक भित्र अवान्तर कथाहरू पनि सभाविष्ट हुन सक्छन् । यसले युग र जीवनको विविध चित्रण गर्दछ । नायक सर्वलक्षण सम्पन्न द्विजकुलोत्पन्न र शक्तिमान हुनुका साथै युद्धमा विजयसमेत हासिल गर्न सक्ने खालको हुन्छ ।”[३६] उनको यो परिभाषाबाट भन्नुपर्दा महाकाव्य :

- उत्पाद्य-अनुत्पाद्य दुवै लामा पद्यबद्ध कथा
- कथा सर्गबद्ध र नाटकीय सन्धियुक्त
- नायकको विजय र प्रतिनायकको पराजय
- प्रतिनायक र कुलको वर्णन
- प्रकृति चित्रण, स्वर्गदेखि धरतीसम्मको वर्णन
- युद्ध वा साहसिक कार्यको अलङ्कृत वर्णन

---

[३५] ऐजन ।

[३६] बूनु लामिछाने पूर्ववत् पृ. ११ ।

) चर्तुवर्ग फलप्राप्ति र सबै रसको प्रस्तुति हुनुपर्ने देखिन्छ ।

रुद्रट पछि हेमचन्द्रले महाकाव्यलाई यसरी परिभाषित गरेका छन् :

"पद्यबद्ध रूपमा प्रायः संस्कृत, अपभ्रंश आदि भाषामा विभिन्न कथानकलाई लिएर शब्द वैचित्य, अर्थ वैचित्य, रसयुक्त, छन्दोबद्ध एवं लोक रञ्जक गुण बोकेको काव्य नै महाकाब्य हो ।"[३७]

आचार्य हेमचन्द्रले पहिलोपटक संस्कृतेतर भाषालाई पनि महाकाव्योचित भाषा मानेका छन् । महाकाव्यमा शब्द वैचित्य, र अर्थ वैचित्यको प्रसङ्ग पनि उल्लेख गरेका छन् । यस परिभाषामा केही नयाँपन र समसामयिकता पाउन सकिन्छ ।

संस्कृत साहित्यका अर्का चिन्तक आचार्य विश्वनाथले महाकाव्यलाई यसरी परिभाषित गरेका छन् :

"महाकाव्य सर्गबद्ध हुन्छ र त्यसको नायक शूर, सद्वंशी क्षेत्रीय, एकै वंशको वा एकै वंशका धेरै पनि हुन सक्छन् । शृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी र अन्य अङ्ग रस हुनुपर्छ । सुरुमा वस्तु निर्देशन, नमस्कृया, वा आशीर्वाद रहनु पर्दछ । सज्जनको गुणगान र दुर्जनको निन्दा गरिएको हुनुपर्दछ । न धेरै लामा न धेरै छोटा र कम्तिमा आठओटा सर्गहरू हुनुपर्दछ । सर्गान्तमा भावी सर्गको सूचना हुनुपर्दछ । सम्पूर्ण काल चक्र (सन्ध्या, प्रभात, इन्दु, रजनी, मध्यान्त आदि) सम्पूर्ण ऋतुचक्र स्वर्गदेखि धरतीसम्मको र धरतीदेखि स्वर्गसम्मको सम्पूर्ण परिवेशको वर्णन गरिनुपर्दछ । संभोग, विप्रलम्भ, पुत्रोत्पत्ति आदिको वर्णन हुनुपर्छ । रण प्रयास एवं सत् विजय देखाइनु पर्छ । नायक कथानक वा कविका नामबाट काव्यको नामकरण गरिनु पर्दछ । विविध छन्दका प्रयोग गरिनुका साथै सर्गान्तमा छन्द बदल्नु पर्दछ ।[३८]

यसरी विश्वनाथको यस परिभाषाले– महाकाव्यका प्राचीन लक्षण सूत्रहरूलाई समर्थन मात्रै नगरी केही समसामयिकतालाई पनि समेटेको देखिन्छ । महाकाव्यमा चर्तुवर्गमध्ये एउटा फलसिद्धिको सङ्केत गर्नुले परिभाषा बढी ललितकाव्यतर्फ झुकेको देखाउँछ । यस्तै अङ्गी रसका

[३७] ऐजन ।

[३८] कृष्णप्रसाद आचार्य, पूर्ववत् पृ. २४ ।

रूपमा करुण रसको उल्लेख नगर्नुले पनि परिभाषा ललित महाकाव्य तिरै लक्षित भएको देखिन्छ । यिनै कारणले गर्दा यो परिभाषा बढी अनुगमनात्मक बनेको छ ।

विश्वनाथ पछि आचार्य जगन्नाथले सिङ्गै काव्यलाई परिभाषित गरेकाले महाकाव्य परिभाषामा भामहदेखि विश्वनाथसम्मलाई लिन सकिन्छ । यी सबै परिभाषालई समग्रमा भन्नुपर्दा आचार्य भामह र दण्डीका परिभाषाले आर्ष महाकाव्यलाई लक्ष्यग्रन्थ बनाएका छन् भने अन्य आचार्यका परिभाषाले ललित महाकाव्यलाई आधारग्रन्थ बनाएका छन् ।

संस्कृत आचार्यहरूका सबै परिभाषालाई समेटेर भन्नुपर्दा महाकाव्य - "युग र जीवनका विविध आयामलाई समेटेको, सर्गबद्ध, छन्दोबद्ध, पञ्चसन्धि समन्वित भएको महान् चरित्रको महत् अर्थलाई बोकेको अलङ्कृत र श्रुतिरम्य काव्य हो" भन्न सकिन्छ ।

### ४.२.२ पाश्चात्य धारणाहरू

पाश्चात्य साहित्यमा युनानी कवि होमरका 'इलियट' र 'ओडेसी' जस्ता प्रसिद्ध महाकाव्यहरूद्धारा साहित्य सिर्जनाको सुरुवात भएको पाइन्छ । यस्तै सिङ्गो साहित्य चिन्तनको परम्परा प्लेटो (ई.पू. ४२७-३५३) ले बसालेको पाइन्छ ।[३९] तर महाकाव्यका पहिला चिन्तकका रूपमा भने अरस्तु (ई.पू.३८४-३२२) देखा परेका छन् । अरस्तुले महाकाव्यका निम्ति छुट्टै चिन्तन नगरे पनि ट्रेजेडीको चर्चाका क्रममा आफ्नो ग्रन्थ काव्याशास्त्र (पेरिपोइतिकेस) का अध्याय २२.२३ र २४ मा ट्रेजेडी र महाकाव्यका बीच तुलना गरेका छन् । यसै क्रममा उनी भन्दछन् : "महाकाव्यमा आफ्ना सीमामाथि विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ । जहाँसम्म यस्तो काव्य कृतिको प्रश्न छ, जसको रूप आख्यानात्मक तथा छन्द एउटा मात्र प्रयोग भएको हुन्छ, कथानकको विकास आदि, मध्य र अन्त्य भएको एक पूर्ण घटनाको उल्लेख हुनुपर्छ र यसले एउटा जीवन्त प्राणीले जस्तै आनन्द प्रदान गर्दछ ।"[४०]

अरस्तुको यो परिभाषा भित्र– 'इलियट' र 'ओडेसी' जस्ता विकसित महाकाव्यहरू समेटिएका छैनन् । यहाँ दुःखान्तकसँग महाकाव्यको तुलना गर्दै केवल अलङ्कृत महाकाव्य (इपिक अफ आर्ट) लाई मात्र सङ्केत गरिएको देखिन्छ । यसबाहेक पनि महाकाव्यमा वीर

---

[३९] बून् लामिछाने पूर्ववत् पृ. १३ ।

[४०] कृष्णप्रसाद आचार्य पूर्ववत् पृ. ४९ ।

छन्दलाई जोड दिई एकै छन्द प्रवाहतर्फ भुकेको देखिन्छ । तर यति भएर पनि महाकाव्यका चिन्तनका क्रममा भएको पहिलो आवाजको रूपमा भने यी अभिव्यक्तिहरू निकै महत्त्वपूर्ण देखिन्छन् ।[४१]

अरस्तु पछि धेरै लामो समयपछि मात्र जोसेफ एडिसनले 'प्याराडाइज लस्ट' को भूमिकामा महाकाव्य सम्बन्धी धारणा यसरी व्यक्त गर्दछन् : "महाकाव्यमा दन्त्यकथा पूर्ण वा अपूर्ण हुन्छ । यसमा कम्तिमा तीन कुराहरू- एउटा घटना, घटना महान् र घटना पूर्ण हुनु पर्दछ ।[४२] भनी कथानकको व्यापकतामा मात्र जोड दिई नायकको बारेमा मौन देखिन्छन् ।

अर्का पाश्चात्य चिन्तक एवर क्राम्बेले महाकाव्यलाई साहित्यिक र ऐतिहासिक रूपमा विभाजन गर्दै यसो भनेका छन् – "आलाङ्कारिक रूपमा मनोरञ्जक पाराले लेखिएकोलाई साहित्यिक र ऐतिहासिक पाराले कथानकमा समयानुरूप लिएको महाकाव्य ऐतिहासिक महाकाव्य हो ।"[४३] यहाँ ऐतिहासिक कथानकमा जोड दिएको पाइन्छ ।

महाकाव्यलाई परिभाषित गर्ने क्रममा सी.एम.बागरले अझ अगाडि बढेर चर्चा गरेको पाइन्छ । उनका अनुसार – "त्यो वृहत्कार कथात्मक काव्य महाकाव्य हो जसमा महत्त्वपूर्ण र गरिमामय घटनाहरूको वर्णन हुन्छ तथा जसमा केही पात्रहरूको क्रियाशील एवम् भयङ्कर कार्यले भरिएको जीवनकथा हुन्छ । त्यो पढ्दा हामीलाई घटना र पात्रहरूले हाम्रो हृदयमा मानवीय उपलब्धिहरू तथा गौरव र महत्त्वप्रति दृढ आस्था उत्पन्न गरिदिन्छ ।"[४४]

यसरी महाकाव्यमा, कथात्मक प्रबन्धकाव्य, गरिमायुक्त घटनाको वर्णन, आत्मगौरवको भाव सञ्चार गर्ने क्षमता, क्रियाशील जीवनको उद्घाटन, जीवन्त कथा र रञ्जक तत्त्व हुनु आवश्यक भएको कुरा बाबराको चिन्तनमा देखिन्छ ।

---

[४१] बूनु लामिछाने पूर्ववत् पृ. १३ ।

[४२] ऐजन ।

[४३] कृष्णप्रसाद आचार्य पूर्ववत् पृ. ५३ ।

[४४] ऐजन पृ. ५४ ।

यी माथिका पाश्चात्य, चिन्तकहरूको परिभाषालाई सङ्क्षेपमा हेर्दा 'महाकाव्य – महान् नायक, महान् कथानक बोकेको, आलङ्कारिक गरिमामय लामो छन्दोबद्ध पद्यमय रचना हो' भन्न सकिन्छ ।

### ४.२.३ अन्य धारणाहरू

महाकाव्यका सन्दर्भमा पूर्वीयहरू र पश्चिमाहरूले चर्चा गरे जस्तै यसको विकास सँगै अन्य चिन्तकहरूको धारणा पनि प्रस्तुत भएका छन् – भारतीय विद्वान् डा. नागेन्द्रका अनुसार "उदात्त कथानकयुक्त, उदात्त नायकयुक्त, उदात्त उद्देश्ययुक्त र उदात्त भाव एवं शैली युक्त छन्दोबद्ध वर्ण्य काव्यग्रन्थ नै महाकाव्य हो ।"[४५]

उनको यो परिभाषाअनुसार महाकाव्य ठूलो कथानक भएको, ठूलो कुलको नायक भएको र विशाल उद्देश्य बोकेको काव्य हो भनिएको छ ।

अर्का भारतीय विद्वान् विश्वम्भर मानवका अनुसार – "महाकाव्यले जीवनको विराट चित्र प्रस्तुत गर्दछ । यो जातीय कथा, इतिहास, पुराणमाथि आधारित रहनाले यसको कथा विशेष वा संस्कृतिको वाहक हुन्छ ।"[४६]

नेपाली साहित्यका समालोचक वासुदेव त्रिपाठीका अनुसार – "वस्तुतः सामयिक र सामाजिक धरातलमा टेकेर मानसिक भावात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता छविद्वारा जीवनको विस्तृत व्यापक अझ विराट अभिव्यञ्जना गर्नु नै मेरो दृष्टिमा महाकाव्य हो ।"[४७]

समालोचक भानुभक्त पोखेलका अनुसार - एउटा युगका धरातलमा उभिएर जीवन र जगतका अनेकौं स्थायी तत्त्वहरूको उद्घाटन र विश्लेषण गर्न सक्ने कथानक या चरित्रमा आधारत, निश्चित, दृष्टिकोण या दर्शन बोकेको सुसङ्गत एवं सुसङ्गति विशाल कवितात्मक ग्रन्थ महाकाव्य हो ।"[४८]

---

[४५] बूनु लामिछाने पूर्ववत् पृ. १७ ।

[४६] ऐजन ।

[४७] ऐजन पृ. १९ ।

[४८] ऐजन ।

महाकवि देवकोटाका अनुसार - "............... तर छ साधारण सामाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता उपन्यास जसलाई महाकाव्य भन्ने साधारण समझको उपाधि सायद उपाधि नै हुने गरी दिइएको छ।"[४९]

बालकृष्ण समका अनुसार – " संलग्न रूपले लेखिएका धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो।"[५०]

नेपाली बृहत शब्दकोश अनुसार – "काव्यशास्त्र अनुसार कथासूत्रमा आबद्ध प्रख्यात विषय वस्तुमा आधारित सर्गबद्ध तथा रसयुक्त ठूलो गहन काव्य"[५१] भनेर परिभाषित गरिएको छ । यसरी महाकाव्य सम्बन्धी पूर्वीय, पाश्चात्य, भारती र नेपाली विद्वान्हरूले आ-आफ्नै परिभाषा दिएका छन् ।

## ४.३ महाकाव्य सम्बन्धी धारणाहरूको तुलनात्मक समीक्षा

पूर्वीय आचार्य भामह र पाश्चात्य विद्वान् अरस्तु नै महाकाव्य चिन्तन परम्परालाई डोऱ्याउने उद्गम विन्दु हुन् । यी दुवैको चिन्तन परम्परामा उत्तरवर्तीहरूले समसामयिकतालाई प्रस्तुत गर्दै आइरहेका छन् । पूर्व र पश्चिममा महाकाव्यलाई परिभाषित गर्दा केही समानता र केही असमानता देखिएका छन् । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

- भामह र अरस्तु दुवैले महान् चरित्रको वर्णन भएको, बोलचालको भन्दा भिन्दै आलङ्कारिक भाषाशैलीमा रचिएको मूल कथानक एउटै भएको पद्यमय रचनालाई महाकाव्य मानेका छन् ।
- पाश्चात्य चिन्तक अरस्तुले महाकाव्यमा वस्तु सङ्गठनको आवश्यकता अपेक्षा गरेको देखिन्छ भने कथा वस्तुमा पञ्चसन्धि समन्वित हुनुपर्ने कुराको समर्थन पूर्वीय चिन्तक विश्वनाथले पनि जनाएका छन् । केही विचारहरू पूर्वीय र पाश्चात्य चिन्तकका बीचमा फरक बनेर पनि देखापरेका छन् । जस्तै :
- पूर्वमा छन्द विविधतालाई स्वीकारिएको छ भने, पश्चिममा एकछन्द (वीरछन्द)को अपेक्षा गरिएको छ ।

[४९] कृष्णप्रसाद आचार्य पूर्ववत् पृ. ५६ ।

[५०] ऐजन ।

[५१] ऐजन पृ. ५७ ।

- पूर्वमा शृङ्गार, शान्त र वीरमध्ये एक रसलाई अङ्गीरस हुनुपर्ने भनी स्वीकारिएको छ भने पश्चिममा करुण रसलाई मान्यता दिइएको छ ।
- पूर्वमा महाकाव्यभित्र आदर्श विचारको अपेक्षा छ भने पश्चिममा जीवन जगत्को यथास्थिति, दुःखान्तता र भौतिक विचारहरूको बाहुल्य हुनुपर्ने मानिएको छ ।

अन्य धारणाहरू अनुसार महाकाव्यलाई हेर्दा केही युगीनता हुनुपर्छ भनी समसामयिकतामा जोड दिन खोजिएको छ भने कतै महाकाव्यलाई आफ्नै पाराले देखाउन खोजे पनि आधार धरातल भनेकै पूर्वीय र पाश्चात्य चिन्तनहरू नै हुन् ।

निष्कर्षमा भन्नुपर्दा : "महाकाव्य गम्भीर कथानक बोकेको उच्च नायकको चरित्रमा आधारित, युग, सभ्यता, समाज र संस्कृतिका विविध आयामहरू समेटिएको आलाङ्कारिक भाषा भएको छन्दोबद्ध पद्य रचना हो । "

## ४.४ महाकाव्यका तत्त्वहरू

विभिन्न ठूला-साना अङ्ग र अवयवहरूबाट महाकाव्य शरीरको निर्माण भएको हुन्छ । महाकाव्य निर्माणमा देखापर्ने सबै घटनाहरूलाई यसका तत्त्वहरू भन्न सकिन्छ । महत्त्वका आधारमा तत्त्वहरू प्रमुख र गौण रूपमा रहेका हुन्छन् । हालसम्मका पूर्वीय र पाश्चात्य साहित्य चिन्तकहरूले दिएको महाकाव्यका परिभाषाका आधारमा महाकाव्यका तत्त्वहरू निम्नानुसार रहेको पाइन्छ :

क) कथानक

ख) चरित्रचित्रण

ग) भाषाशैली

घ) देशकाल परिवेश

ङ) उद्देश्य

च) रस –[५२]

---

[५२] बूनु लामिछाने, पूर्ववत पृ. २२ ।

उपर्युक्त तत्त्वहरूलाई महाकाव्यले अपेक्षा गरेका तत्त्वहरू ठानी तिनीहरूको अध्ययन गर्ने जमर्को गरिएको छ ।

### ४.४.१ कथानक

पूर्वीय धारणा अनुसार - "कथानक ऐतिहासिक पौराणिक तथा कविकल्पनाजन्य मध्ये कुनै एक हुनु पर्दछ । यसका साथै स्वर्गदेखि धरतीसम्मका विविध प्रवृत्तिको स्थान, समय र चक्रको वर्णन आवश्यक ठानिएको छ । महाकाव्यको प्रारम्भ मङ्गलाचरणबाट भई पञ्चसन्धि समन्वित कथानक आवश्यक छ भने पाश्चात्य मान्यता अनुसार ऐतिहासिक, दन्त्यकथात्मक तथा जीवनको सत्यकथामा आधारित कुनै पनि घटनायुक्त कथानक महाकाव्यको निम्ति आवश्यक छ भन्दै एकान्विति, पूर्णता, सम्भाव्यता, सहज विकास कुतुहल र साधारणीकरण जस्ता कथानकीय गुणहरू परिपूर्ण हुनुपर्छ" [५३] भनी महाकाव्यको कथानकमा गम्भीर, आधिकारिक र प्रासाङ्गीक कथावस्तु हुनुपर्छ भनिएको छ । तर अचेल साहित्यका विविध विधामा कथावस्तुलाई बहिष्कार गर्न थालिएको छ । जीवनमा जसरी कुनै घटनाको संबद्धता हुँदैन, साहित्यमा त्यसरी नै घटनाको शृङ्खलाबद्धता हुँदैन । आजको जटिलतापूर्ण र विषमतापूर्ण जीवनका घटनाहरूमा क्रमबद्धता हुनुपर्छ वा हुन्छ भन्ने कुनै अनिवार्यता छैन ।[५४] भनी कथानकका सन्दर्भमा केही फरक मान्यता देखिएको छ ।

### ४.४.२ चरित्र चित्रण

"पूर्वीय मान्यताअनुसार नायक देवता, सद्वंशको क्षेत्रीय, त्यागी, पुरुषार्थ, यौवन उत्साह आदिले भरिएको र काव्यमा सज्जन र दुर्जन सबै खाले पात्रहरू हुनुपर्ने, सज्जनको प्रशंसा र दुर्जनको निन्दा गरिएको हुनुपर्छ भनिएको छ भने पाश्चात्य मान्यताअनुसार महाकाव्यको नायक भद्र, कुलीन, उदात्त, नैतिकवान, यशस्वी र शक्तिशाली हुनुपर्छ भनी पात्रका वारेमा व्याख्या गरिए पनि आजको सन्दर्भमा जन-जीवनको यथार्थिक र स्वभाविक पात्र भए पनि हुन्छ । तर काव्यत्व प्रदान गर्ने प्रमुख तत्त्व पात्र भएकोले पात्रहरू, प्रभावकारी, पत्यारिला र सामाजिक हुनु आवश्यक छ । महाकाव्य जस्तो व्यापक विधामा सत्असत् दुवै खाले पात्रहरू भए पनि नायक

---

[५३] कृष्णप्रसाद आचार्य पूर्ववत् पृ. ५९ ।

[५४] मोहन हिमांशु थापा, **'साहित्य परिचय'** द्वि.सं. काठमाडौं, (साझा प्रकाशन २०४७), पृ. ५५ ।

भने गम्भीर र भव्य व्यक्तित्वको हुनु आवश्यक छ।"[५५] भनी पात्र वा चरित्रका वारेमा गम्भीर र शान्त हुनुपर्ने वताइएको छ।

### ४.४.३ भाषा शैली

"भाषामा स्तरीयता र शिष्टताको अपेक्षा गर्नु पूर्वीय परम्परा नै हो। विभिन्न छन्द, रस अलङ्कारले परिपूर्ण भएको भाषा अनि श्रुतिमधुरता, लयात्मक पद्यबद्ध कवितात्मक भाषाशैली महाकाव्यका निम्ति आवश्यक ठानिएको छ। पाश्चात्यहरूले प्रसाद गुणले युक्त शब्दहरूको प्रयोगमा जोड दिएको हुनाले भाषा शैली आलङ्कारिक, परिस्कृत तथा प्रोढ हुनु पर्ने, भाषा स्तरीय र शैली सुदृढ, सुसङ्गठित, श्रुतिमधुर र गरिमामय हुनुपर्ने"[५६] आग्रह राखिएको छ। पूर्वमा र पश्चिममा जस्तो आग्रह राखे पनि भाषाशैली सरल र सम्प्रेष्य हुनु आवश्यक छ।

### ४.४.४ देशकाल परिवेश

ऐतिहासिक, पौराणिक र कविकाल्पनिक कथावस्तुलाई डोऱ्याउने देशकाल परिवेश पनि जीवन जगत्का विविध, युग, संस्कृति र वातावरणलाई वर्णन गर्न सक्ने, वर्तमान, भूत र भविष्यत् दर्शाउने खालको हुनुपर्ने देखिन्छ। पूर्वीय धारणाअनुसार महाकाव्यमा धरतीदेखि स्वर्गसम्मको र स्वर्गदेखि धरतीसम्मको वर्णनको अपेक्षा गरिएको छ। पश्चिममा महाकाव्यका परिवेशका वारेमा खासै चर्चा नगरिए पनि 'न्यारेटिब' र 'डिष्क्रिप्सन' जस्ता शब्दहरू प्रयुक्त छन्। यहाँ पनि व्यापक परिवेशकै अपेक्षा गरिएको छ।[५७]

### ४.४.५ उद्देश्य

पूर्वीय आचार्यहरू विश्वनाथ र दण्डीले महाकाव्यको उद्देश्यका सम्बन्धमा चार पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) मध्ये कुनै एउटाको फलप्राप्तिमा जोड दिएका छन्। पाश्चात्य चिन्तकहरूले भने उद्देश्यका सम्बन्धमा खासै मत दिएको पाइँदैन तापनि महाकाव्य जीवनकै अभिव्यक्ति भएकोले महाकाव्यमा उद्देश्य हुँदैन र छैन भन्न मिल्दैन। त्यसैले महाकाव्यमा जीवन दृष्टि वा उद्देश्यलाई अनिवार्य तत्त्वका रूपमा स्वीकारिन्छ।

---

[५५] कृष्णप्रसाद आचार्य पूवर्वत पृ. ६०।

[५६] ऐजन पृ. ६१।

[५७] बूनु लामिछाने पूर्ववत् पृ. २५।

### ४.४.६ रस

महाकाव्यमा रसलाई अनिवार्य तत्त्वका रूपमा स्वीकारिएको छ । पूर्वीय आचार्यहरूले रसलाई साहित्यको प्राण मानेका छन् । उनीहरूले महाकाव्यमा सबै रसको प्रस्तुति हुनुपर्ने कुरा उल्लेख गरेका छन् । महाकाव्यको लेखनमा शृङ्गार, शान्त र वीरमध्ये एक रस अङ्गी रूपमा हुनै पर्ने कठोर धारणा पूर्वमा छ । पश्चिमाहरूले रसका बारेमा खासै चर्चा नगरे पनि त्रासदी र करुणाको अभिव्यक्तिमा करुण रसको झलक भेटिन्छ । महाकाव्य वीर छन्दमा रचिनुपर्छ भन्ने रहेकोले पनि यस मान्यतामा वीर रसको आस्वादन भेटिन्छ ।[५८]

यसरी आजको सन्दर्भमा कुनै रस विना महाकाव्य रचिन सक्दैन । रचिन्छ भने त्यहाँ दसौँ रस जन्मन्छ ।

## ४.५ नेपाली महाकाव्यको परम्परा

पूर्व र पश्चिममा शदिऔं पहिलेदेखि ऋषि र विद्वान्हरूले वृहत्तर र वृहत्त महाकाव्यहरू लेखेको पाइन्छ । नेपाली साहित्यको इतिहास त्यति पुरानो नभएकोले अझ महाकाव्यको लेख्न परम्परा कहिले, कसद्वारा, कस्ता-कस्ता महाकाव्यहरू लेखे भन्ने कुरालाई यस उपशीर्षक अन्तर्गत देखाउन खोजिएको छ ।

### ४.५.१ पृष्ठभूमि

सुरु सुरुमा संस्कृतको वौदिक युगमा महाकाव्यले विभिन्न स्थिति, समाज, समय, परम्परा अनुसार मौखिक रूपमा स्थान लिएको थियो । पछि बौद्धिक युगकै अन्त्यतिर आएर लिखितरूपमा महाकाव्यले स्थान लिएको इतिहासबाट थाहा हुन्छ । महाकाव्य लेखिन थालेपछि मात्र काव्यिक मान्यताहरू देखिन थालेका छन् ।

संस्कृतको वैदिक युग पछि लौकिक युग (ई.पू. ५००-ई.८००) मा आएर महाकाव्य विधा लिखितरूपमा स्थापित हुन पुगेको देखिन्छ । (ई.पू.५०० वर्ष अगाडिका मानिने वाल्मीकिको रामायण (आदि महाकाव्य) र व्यासको महाभारत (आर्ष ऐतिहासिक महाकाव्य) बाट पूर्वमा

---

[५८] ऐजन पृ. ६१ ।

महाकाव्य लेखनको थालनी भएको हो ।[५९] यसपछि पूर्वमा कालिदास, अश्वघोष, भारवी, माघ, श्रीहर्ष जस्ता महाकविहरूले विद्वत्ता र शास्त्रीयता पूर्ण महाकाव्य लेखेको भेटिन्छ । पूर्वीयमा वाल्मीकिको (रामायण) र व्यासको (महाभारत) आर्षमहाकाव्यबाट महाकाव्य लेखनको थालनी भेटिए झैँ पाश्चात्यमा होमरका 'इलियड' र 'ओडेसी' जस्ता महाकाव्य नै विश्व साहित्यका आदि महाकाव्य हुन् । यसपछि पश्चिमा जगतमा पनि होमर, भर्जिल, दाँते आदि महाकाव्यकारका रूपमा देखा पर्दछन् । हाल पूर्वीय र पाश्चात्य दुवैमा महाकाव्य लेखनको अवस्था प्रयोगका हिसाबले नयाँनयाँ वाद, सिद्धान्त र प्रणालीका रूपमा देखिँदै आएको छ ।

नेपाली महाकाव्य विधाको पृष्ठभूमिका रूपमा कविता विधा रहेकोले महाकाव्यको विकास प्रक्रियामा सुरुमा कविताको इतिहासलाई हेर्न सकिन्छ अधिकांश विद्वान्को धारणा अनुसार नेपाली कविताको उठान सुबानन्द दासका वीर रसपूर्ण कविताबाट भएको हो । नेपाली कविताको काल विभाजन धेरै विद्वान्हरूले आ-आफ्नै आधारमा गरेका छन् तापनि सहमती अनुसार कविता विधाको काल वर्गीकरण निम्नानुसार देखिन्छ :

१. प्राथमिक काल (वि.सं. १८२६-१९४० सम्म )
२. माध्यमिक काल (वि.सं.१९४१ -१९७४ सम्म)
३. आधुनिक काल (वि.सं. १९७५- हाल सम्म)
   क) पूवार्द्ध (वि.सं. १९७५-२०१६ सम्म)
   ख) उत्तरार्द्ध (वि.सं. २०१७ -हालसम्म)[६०]

### ४.५.१.१ प्राथमिककालीन नेपाली महाकाव्य (वि.सं. १८२६-१९४०सम्म)

यस वर्गीकरणमा देखिएको प्राथमिक कालदेखि नै नेपाली महाकाव्य लेखन र प्रकाशनका दृष्टिले सुरुवात भएको पाइन्छ । नेपाली साहित्यको यस समयमा वि.सं. १८७० तिर उदयानन्द अर्यालले रचेको **पृथ्वीन्द्रोदय** महाकाव्य पहिलो मौलिक महाकाव्य भए पनि हालसम्म अप्रकाशित

---

[५९] कुमारबहादुर जोशी, **महाकवि देवकोटा र उनका महाकाव्य**, चौ.सं. काठमाडौं, (साझा प्रकाशन २०६५) पृ. ११९ ।
[६०] बूनु लामिछाने, पूर्ववत पृ. २९ ।

रहनु र मानक महाकाव्यका लम्बाईका दाँजामा नपुग्नुले यो मौलिक भए पनि अपूर्ण नै भएको सङ्केत मिल्छ[६१] ।

त्यसैगरी नेपाली साहित्यको आदिकाल वा प्राथमिककालका प्रतिनिधि वा महान् कवि भानुभक्त आचार्य (१८७१-१९२५) ले वि.सं. १८९८ देखि १९१० सम्मको लगभग १५ वर्षको समयावधिमा तयार पारेको **रामायण** नै नेपाली भाषाको पहिलो महाकाव्य हो । नेपाली साहित्यमा महाकाव्य परम्पराको श्रीगणेश गर्ने भानुभक्तको यो **रामायण** संस्कृत अध्यात्मरामायणको नेपालीमा अनुवाद मात्र होइन अपितु अनुवाद र मौलिकताको रूपन्तरण हो ।[६२]

नेपाली महाकाव्यको प्रारम्भ भएको यो काल स्तरीयताका दृष्टिले भन्दा पनि महाकाव्यको विधागत जन्मका दृष्टिले महत्त्वपूर्ण रहेको छ । यस महाकाव्यका सन्दर्भमा डा.वासुदेव त्रिपाठी यसे भन्छन् –"भानुभक्तको रामायण पहिलो नेपाली महाकाव्य हो । शैली र रचनागत सामान्य परिवर्तनवाहेक भानुभक्त अनुवादक हुन र स्वभावतः उनले मौलिक महाकाव्यको तर्जुमा गर्न चाहेका होइनन् ।"[६३]

यसरी नेपाली कविताको प्राथमिक कालमा 'रामायण' भन्दा अन्य महाकाव्यहरू देखा पर्दैनन् ।

### ४.५.१.२ माध्यमिककालीन नेपाली महाकाव्य (वि.सं. १९४१-१९७४ सम्म)

नेपाली कविताको माध्यमिक काल (वि.सं. १९४१-१९७४ सम्म) शृङ्गारिक युगका रूपमा देखा पर्दछ । यस समयावधिमा कविताका मध्यमस्तर (खण्डकाव्य) तथा बृहत्स्तर (महाकाव्य) का रचनाहरू थुप्रै भएको पाइन्छन् । यी रचनाहरूमा -शिखरनाथ सुवेदीको **कृष्णचरित्र** (१९८६), नरेन्द्रनाथ रिमालको **महाभारत अठार पर्व** (१९८६), डिल्लीशमसेर थापाको **युरोप यात्रा** (१९६७), रामजीप्रसाद उपाध्यायको **देवीभागवत** (१९८६) पर्दछन् । यी कृतिहरू महाकाव्यात्मक गुणभन्दा कथानकका विस्तारले मात्रै काव्यात्मक आयाम लिएको देखिन्छ ।

---

[६१] महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाण्डौ, (इन्टेलेक्चुअल बुक प्यालेस २०६४) पृ.५९ ।

[६२] कुमारबहादुर जोशी, पूर्ववत पृ. १३६ ।

[६३] वासुदेव त्रिपाठी, **महाकाव्य बूढो र पुरानो साहित्यिक विधा**, ('प्रज्ञा' २०२७/१/१) ।

अनूदित भएका र महाकाव्यात्मक गुणहरूले कमजोर भएका यी कृतिहरू भानुभक्तीय रामायणभन्दा निकै भन्दा बन्न पुगेका छन् ।"[६४]

यसरी हेर्दा यस समयमा पनि मौलिक महाकाव्यहरू लेखिन नसकेको पुष्टि हुन्छ ।

### ४.५.१.३ आधुनिककालीन नेपाली महाकाव्य (वि.सं. १९७५-हालसम्म)

नेपाली कविता विधाको काल विभाजनका आधारमा वि.सं. १९७५ यताको समयावधिलाई आधुनिककाल भनिएको छ । नेपाली भाषामा महाकाव्यको चरमोत्कर्षता र ह्रासोन्मुखताका दृष्टिले पूवार्द्ध उत्तारार्द्ध गरी दुई चरणमा निम्नानुसार वर्गीकरण गरी देखाइएको छ :

#### ४.५.१.३.१ पूर्वार्द्ध (१९७५-२०१६ सम्म)

नेपाली कविताको आधुनिक कालको यस पूवार्द्ध (१९७५-२०१६ सम्म) को समयावधिमा महाकाव्यको चरम विकास भएको पाइन्छ । पण्डित सोमनाथ सिग्द्यालले अनुमानित(१९७६-१९८६) १० वर्षको समय लगाएर **चन्द्रचरित्र** मौलिक महाकाव्य लेखेको बुझिन्छ । तर विशेष कारणवश यो प्रकाशित हुन सकेन । त्यस्तै १९७३-७४ तिर बालकृष्ण समले **एक प्रभात स्मरण** लेख्न थाले । यो पनि १-२ सर्गमै सीमित हुन पुग्यो । यसपछि देविदत्त पराजुलीले १९९२-९८ सम्म ६ वर्ष लगाएर लेखेको - **कविता गुच्छहार** लाई ने.भा.प्र.स.ले "महाकाव्य चढाउन ल्याएकोमा समिति पण्डितजीलाई उचित पुरस्कार सहित धन्यवाद दिन्छ" भनेकोमा यो ग्रन्थ पनि महाकाव्यको लक्षणसूत्रमा पर्न सकेन ।[६५]

लेखन तथा प्रकाशनका दृष्टिले लक्ष्मीप्रसाद देवकोटाले नेपाली महाकाव्यको क्षेत्रमा देखिएको समस्या पूर्तिको उद्देश्यलाई ख्यालगरी २००२ सालमा **शाकुन्तल** महाकाव्य प्रकाशनमा ल्याए । **शाकुन्तल** प्रकाशनको दृष्टिले मात्र हो होइन स्तरीय कवित्त्वको विराट प्रवाह र वृहत्

[६४] बूनु लामिछाने, पूर्ववत पृ. ३० ।

[६५] ऐजन पृ. ३१ ।

आख्यानात्मक प्रबन्ध विधानका दृष्टिले पनि नेपाली साहित्यको सर्वप्रथम मौलिक महाकाव्य ठहरिएको कुरा स्वतः स्पष्टै छ ।[६६]

शाकुन्तलको प्रकाशन पछि वि.सं. २००३ सालमा देवकोटाकै **सुलोचना** प्रकाशित भएको पाइन्छ । यो पनि नेपाली महाकाव्यको क्षेत्रमा मौलिक महाकाव्यका रूपमा देखिन्छ । त्यसपछि २००५ सालमा पं. सोमनाथ सिग्द्यालको **आदर्श राधव** देखा पर्दछ । **आदर्श राधव** पूर्वीय परम्पराअनुसार महाकाव्यको सवै लक्षण ठ्याम्मै मिल्ने गरी अर्थात नवक्लासिकल प्रकृतिलाई आत्मसात् गरी लेखिएको नेपाली साहित्यको आफ्नै पाराको महाकाव्य हो ।[६७]

यस समयमा लेखनाथ पौड्यालको महाकाव्य समकक्षी कृति **तरुण तपसी** (२०१० जसलाई लेखनाथ आफैंले नव्य-काव्यको संज्ञा दिएका छन् ।) बालकृष्ण समको **चिसो चूल्हो** (२०१५) जस्ता आधुनिक र मौलिक महाकाव्यहरू देखा पर्दछन् ।

शाकुन्तल र सुलोचनाको लेखनपछि पनि देवकोटाले **महाराणा प्रताप**, **वनकुसुम**, **पृथ्वीराज चौहान** र **प्रमिथस** जस्ता महाकाव्य लेखेका छन् ।

यस समयका मौलिक महाकाव्यहरूलाई महाकाव्यकार, कृति र लेखन तथा प्रकाशनका दृष्टिले यसरी देखाइन्छ :

| महाकाव्यकार | कृति | लेखन साल वि.सं. | प्रकाशन साल (वि.सं.) |
|---|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | शाकुन्तल | २००२ | २००२ |
| लक्ष्मीप्रसाद देवकोटा | सुलोचना | २००२ | २००३ |
| लक्ष्मीप्रसाद देवकोटा | महाराणा प्रताप | २००३ | २०२४ |
| लक्ष्मीप्रसाद देवकोटा | वनकुसुम | २००३ | २०२५ |
| लक्ष्मीप्रसाद देवकोटा | प्रमिथस | २००७-२०१० | २०२८ |
| लक्ष्मीप्रसाद देवकोटा | पृथ्वीराज चौहान | २००२-२००३ | २०४९ |
| सोमनाथ सिग्द्याल | आदर्श राधव | २००२-२००५ | २००५ |

[६६] कुमारबहादुर जोशी, पूर्ववत पृ. १३८ ।

[६७] ऐजन ।

| | | | |
|---|---|---|---|
| लेखनाथ पौड्याल | तरुण तपसी | २०१० | २०१० |
| बालकृष्ण सम | चिसो चूल्हो | २०१५ | २०१५ |

महाकाव्य लेखनको यो समय विधागत गम्भीर्यका दृष्टिले उत्कर्ष कालका रूपमा देखिन्छ ।

### ४.५.१.३.२ उत्तरार्द्ध (वि.सं. २०१७-हालसम्म)

नेपाली कविताको आधुनिककालको यस उत्तरार्द्ध (वि.सं. २०१७-हालसम्म) कालमा पूवार्द्ध कालमा भन्दा सङ्ख्यात्मक हिसावले थुप्रै महाकाव्यहरू लेखिएका छन् । विभिन्न धारा र प्रवृत्तिको प्रयोगले गर्दा यस समयका महाकाव्यहरू पनि उत्कृष्ट वनेका छन् । यस चरणमा लेखिएका केही महाकाव्य र महाकविहरूलाई यसरी चिनाउन सकिन्छ :

**स्वच्छन्दतावादी धारा अन्तर्गत**

| महाकाव्यकार | कृति | प्रकाशन साल |
|---|---|---|
| गोविन्दप्रसाद भट्टराई | पृथ्वीमहेन्द्र | २०१९ |
| मोदनाथ शास्त्री | भानु | २०२४ |
| मोदनाथ शास्त्री | गणेशमान | २०५८ |
| हरिहर शास्त्री | उषाविनोद | २०२४ |
| | रम्भा | २०२५ |
| | घाम झुल्कियो | २०२६ |
| नीर विक्रम प्यासी | द्यवला | २०३४ |
| उमानाथ शास्त्री (सिन्धुलीय) | मकवानीवाला | २०३५ |
| श्रीहरि फूयाँल | आँसुको सङ्ग्राम | २०३६ |
| तुलसीराम कश्यप | जन्मभूमि | २०४३ |
| | ऋामा | २०४५ |
| | मन्थन | २०५० |
| वसन्तकुमार शर्मा नेपाल | विप्रलम्भ | २०४४ |
| भानुभक्त पोखरेल | मृत्युञ्जय | २०४७ |

| | | |
|---|---|---|
| | जागृतिराज | २०५६ |
| रामनाथ खनाल | प्रजातन्त्रोदय | २०४८ |
| | पाण्डु | २०४९ |
| शैलेन्दुप्रकाश नेपाल | जुनू | २०४८ |
| | ऋनामिका | २०५६ |
| रमेश खकुरेल | सरिता नानी | २०४९ |
| | स्रग्धरा | २०५९ |
| मदनदेव भट्टराई | जीवन स्मृति | २०५२ |
| पूर्णानन्द भट्ट | शान्ति विज्ञान | २०५३ |
| पूर्णप्रकाश नेपाल यात्री | वसन्तपल्लव | २०५५ |
| | सिंजापतिवाला | २०५७ |
| | सिद्धिचरण सञ्चारण | २०६० |
| गोविन्दप्रसाद घिमिरे | युगनायक | २०५८ |
| | मृत्युचक्र | २०६० |
| | प्रेरणा | २०६० |
| कुलचन्द्र कोइराला | भीमसेन थापा | २०५९ |
| बुनू लामिछाने | इाचना | २०६० |
| माधव वियोगी | छन्दशिरोमणि | २०६० |
| | धर्मराज | २०६० |
| | जगदम्बा | २०६२ |
| नारायणप्रसाद शर्मा | गुरु गौरव | २०६२ |
| खेमनाथ ओझा | हिमशिखर | २०६३ |
| नीलकण्ठ न्यौपाने | म्हामानव | २०६३ |
| काशिनाथ न्यौपाने | विरजा | २०६३ |

परिष्कारवादी धारा अन्तर्गत

| महाकाव्यकार | कृति | प्रकाशन साल |
|---|---|---|
| कृष्णप्रसाद घिमिरे | राष्ट्रिय चरित्र | २०१७ |
| | देश नरेश | २०१७ |
| | कादम्बरी | २०४३ |
| गुणराज उपाध्याय | श्रीकृष्ण सन्देश | २०२९ |
| | भरतमिलन | २०२९ |
| जयदेव पौडेल | गोरखाख्यायिका | २०३३ |
| रामचन्द्र गिरी | समाज दर्पण | २०३९ |
| भरतराज मन्थलीय | देवयानी | २०२९ |
| | श्रुति सौरभ | २०५८ |
| पीताम्बर भोला | शिवासन्तति | २०४२ |
| | सारस्वतेय | २०४७ |
| पूर्णप्रसाद ढुङ्गेल | त्रिवेणी | २०४४ |
| लक्ष्मीप्रसाद पोखरेल | वेनवैन्य वर्णन | २०४९ |
| शिवगोपाल रिमाल | पद्मकन्या | २०५८ |
| जीवराज पोखरेल | पाटनको कृष्णमन्दिर | २०५८ |
| | शिक्षकशिष्य संवाद | २०५८ |
| | बुद्धचरित्र | २०५९ |
| लक्ष्मणप्रसाद रिजाल | रेसुङ्गा | २०६१ |

प्रगतिवादी धारा अन्तर्गत

| महाकाव्यकार | कृति | प्रकाशन साल |
|---|---|---|
| मोदनाथ प्रश्रित | मनव | २०२३ |
| | देवासुर सङ्ग्राम | २०३० |
| मोहन दुखुन | मन्दाकिनी | २०४१ |

| | | |
|---|---|---|
| चन्द्रप्रसाद न्यौपाने | सोल्मु | २०५३ |
| | प्रत्याघात | २०५५ |
| | सिमाना | २०५८ |
| | गौतमबुद्ध | २०५९ |
| रामप्रसाद ज्ञावाली | औंसीका फूलहरू | २०५३ |
| डा. भीष्मराज प्रसाईं | आत्मसमर्पण | २०५५ |
| पोषराज दाहाल | शहीदगाथा | २०५७ |
| ऋषिराम न्यौपाने | पुष्पाञ्जली | २०५७ |

**प्रयोगवादी धारा अन्तर्गत**

| महाकाव्यकार | कृति | प्रकाशन साल |
|---|---|---|
| जगदीशशम्शेर राणा | नरसिंह अवतार | २०३७ |
| मोहन कोइराला | नीलो मह | २०४१ |

**उत्तरआधुनिकतावादी धारा अन्तर्गत**

| महाकाव्यकार | कृति | प्रकाशन साल |
|---|---|---|
| गोपाल पराजुली | पृथिवीमाथि आलेख | २०४६ |
| | हिमालमाथि आलेख | २०५३ |
| | देशमाथि आलेख | २०५५ |
| | शब्दशताब्दी | २०५७ |
| | समयको प्रस्थान | २०५८ |
| | नयाँ ईश्वरको घोषणा | २०६० [६८] |

यसरी यस चरण अन्तर्गत प्रयोगका हिसाबले नौला नौला र सङ्ख्यात्मक हिसाबले धेरै महाकाव्यहरू प्रकाशनमा आएका छन् । यी सवै महाकाव्यहरू आफ्नै वैशिष्ठ्य रहेको छ ।

[६८] महादेव अवस्थी पूर्ववत् पृ.६५/६६ ।

## ४.६ निष्कर्ष :

नेपाली महाकाव्यको परम्परालाई हेर्दा भानुभक्तद्वारा रचित 'रामायण' यद्यपि मौलिक महाकाव्यको रूपमा देखिन नसके पनि आदि प्रयासका रूपमा देखिएको छ । विशाल कथानकलाई पक्की छन्दशास्त्रीय ढाँचामा रचिएकोले यो महाकाव्यको सीमाभित्र पर्छ नै । यो कार्यलाई महाकाव्य परम्पराको पृष्ठभूमिका रूपमा लिन सकिन्छ । त्यसपछि नेपाली कविताको माध्यमिक कालमा खासै महाकाव्य भन्न मिल्ने कृतिहरू जन्मन सकेनन् । आधुनिक कालमा आएर देवकोटाले मौलिक महाकाव्य 'शाकुन्तल' लेखेर महाकाव्यको समस्यालाई पूर्ति मात्र गरिदिएनन् आफ्ना थुप्रै (६/६ओटा) महाकाव्य लेखनले महाकविको स्थान नै ग्रहण गरेर आफ्नो समयावधिलाई अहिलेसम्म महाकाव्यकै उत्कर्ष कालका रूपमा स्थापित नै गरे । उनीसँगै सोमनाथ सिग्द्याल र लेखनाथ पौड्याल र बालकृष्ण समले पनि १/१ ओटा महाकाव्यहरू जन्माए । यी महाकाव्यकारहरू नयाँ नयाँ धारामा उभिन सके ।

महाकाव्य लेखनको उत्तरार्द्ध चरण (२०१७ देखि हालसम्म) को सुरुसुरुमा खासै महाकाव्य भन्न मिल्ने उत्कृष्ट महाकाव्यहरु आउन नसकिए पनि यस पछिल्लो समयमा आएर थुप्रै महाकाव्यहरू प्रकाशित भएका छन् । विभिन्न वाद, प्रयोग र प्रणालीलाई अँगालेर रचिएकोले यी महाकाव्यहरू आफ्नो ठाउँमा विशेष महत्वका रहेका छन् ।

## अध्याय-पाँच

# कवि लक्ष्मणप्रसाद रिजालको काव्यिक यात्रा र 'रेसुङ्गा' महाकाव्यको परिचय

### ५.१ परिचय

कवि लक्ष्मणप्रसाद रिजाल नेपाली साहित्यको फाँटमा मूलतः कविका रूपमा चिनिएका छन् । उनका हालसम्ममा दर्जनौं फुटकर कविताहरू स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित छन् । कविताहरू धेरै छन्दोबद्ध छन् भने केही गद्य पनि । उनको हालसम्ममा एक मात्र काव्य कृति- 'रेसुङ्गा' महाकाव्य प्रकाशित छ । लेखन र प्रकाशनलाई आधार बनाएर यहाँ उनको काव्यिक यात्राको चरण विभाजन गरिएको छ भने उनको प्रकाशित 'रेसुङ्गा' महाकाव्यलाई सर्गअनुसार परिचय गराउने चेष्टा गरिएको छ ।

### ५.२ लक्ष्मणप्रसाद रिजालको काव्यिक यात्रा

लक्ष्मणप्रसाद रिजाल नेपाली साहित्यको फाँटमा मूलतः कवि व्यक्तित्वका रूपमा चिनिएका छन् । उनले सानै उमेरदेखि कविताको साधना गर्दै आएका हुन् । उनले भानुभक्तको पूर्वीय अध्यात्म दर्शन र लेखनाथको परिस्कारवादी धारालाई अवलम्बन गरी कविता रचना गरेको पाइन्छ । कवि रिजालको वि.सं. २०४२ तिर भारतको हरिद्वारमा उत्तर मध्यमा अध्ययन गर्दा 'गरिब' शीर्षकको कविता त्यहाँको स्थानीय पत्रिकामा प्रकाशित भएको थियो । उनका हालसम्म निरन्तररूपमा फुटकर कविताहरू र अन्य गद्य लेखहरू स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् । रिजालको दीर्घकालीन कविता साधनाको उपज रहेको 'रेसुङ्गा' महाकाव्य वि.सं. २०६१ सालमा प्रकाशित कृति हो । उनका रचना र कृतिको यही लेखन र प्रकाशनका समयावधिलाई आधार मानी उनको काव्यिक यात्राको चरण विभाजन निम्नानुसार गरिएको छ :

क) प्रथम चरण - वि.सं. २०४२-२०६१ (पूर्वार्द्ध)

ख) द्वितीय चरण - वि.सं. २०६२ - हालसम्म (उत्तरार्द्ध)

रिजालको एकमात्र प्रकाशित कृति 'रेसुङ्गा' महाकाव्य प्रकाशन हुनु पूर्वको समयलाई प्रथम चरण र 'रेसुङ्गा' महाकाव्य प्रकाशन पश्चात्को समयलाई द्वितीय चरण गरी यहाँ अध्ययन गरिएको छ :

### ५.२.१ प्रथम चरण - वि.सं. २०४२ देखि २०६१ सम्म

कवि लक्ष्मणप्रसाद रिजालको फुटकर रचना प्रकाशन हुन थालेपछि पुस्तकाकार कृति प्रकाशन नहोउन्जेल (२०६१) अघिको समयावधिलाई पूर्वार्द्ध चरणका रूपमा लिइएको छ । उनको हरिद्वार भारतको ऋषिकुल संस्कृत महाविद्यालयबाट प्रकाशित हुने पत्रिकामा 'गरिब' शीर्षकको कविता नै पहिलो फुटकर प्रकाशित कविता हो ।[६९] त्यसपछि बिजौरी दाङमा शास्त्री पढ्दा त्यहाँबाट प्रकाशित हुने 'आमोद' पत्रिकामा पनि कविता प्रकाशन भएको थियो ।[७०] त्यसपछि रिजाल जागिरे जीवनका रूपमा गृहजिल्ला गुल्मी आएपछि भने उनका फुटकर रचनाहरू स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका छन् । यस चरणको पूवार्द्धमा रिजाल पूर्णतः पद्य विधामा देखा परेका छन् भने उत्तरार्द्धमा आएर गद्य लेखनमा पनि देखिएका छन् । उनका यस चरणमा प्रकाशित रचनाहरूको प्राप्त विवरण यस प्रकार छ :

**प्रथम चरणमा प्रकाशित फुटकर रचनाहरू**

| क.सं | रचना/शीर्षक | विधा | प्रकाशित वर्ष | प्रकाशित पत्रिका | वर्ष | अङ्क | पृ. |
|---|---|---|---|---|---|---|---|
| १. | राजा चिरायू रहून | कविता (पद्य) | २०५३ | विद्या | ९ | ६ | ४८ |
| २. | २२ औं शिक्षा दिवस र यसको नारा | कविता (पद्य) | २०५४ | विद्या | १० | ७ | १०८ |
| ३. | यो अयथार्य होइन | कविता (गद्य) | २०५५ | विद्या | ११ | ८ | १७ |
| ४. | महिमा दान धर्मको | कविता (गद्य) | २०५६ | विद्या | १२ | ९ | १० |
| ५. | नानी कसोरी भनूँ | कविता (पद्य) | २०५७ | विद्या | १३ | १० | ८ |
| ६. | के देख्नु ऐले पऱ्यो | कविता (पद्य) | २०५९ | विद्या | १५ | १२ | ४६ |
| ७. | नेपाली गौरव | कविता (पद्य) | २०६१ | विद्या | १७ | १४ | ९ |
| ८. | वारुदका छिर्काहरूको सन्देश | कविता (गद्य) | २०५६ | हाम्रो पुरुषार्थ | २७ | १ | ७७ |

[६९] शोधनायक लक्ष्मणप्रसाद रिजालको स्मरणको आधारमा ।

[७०] ऐजन ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | महिमा रेसुङ्गाको | कविता (पद्य) | २०५८ | हाम्रो पुरुषार्थ | २८ | २ | १६५ |
| १०. | शान्ति आह्वान | कविता (पद्य) | २०६० | हाम्रो पुरुषार्थ | ३१ | १ | ९८ |
| ११. | नेपाल हाँसिरहोस् | कविता (पद्य) | २०६० | हाम्रो पुरुषार्थ | ३१ | २ | |
| १२. | आध्यात्मिक चिन्तक विवेकानन्द | कविता (पद्य) | २०६१ | दीप-ज्योति | २० | ७ | ५३ |
| १३. | शुभकामना | कविता (पद्य) | २०५७ | दीप-ज्योति | १६ | ४ | २ |
| १४. | 'शुभ-कामना' दीप ज्योतिलाई | कविता (पद्य) | २०५९ | दीप-ज्योति | १८ | ५ | १ |
| १५. | भू-स्वर्ग | कविता (पद्य) | २०६० | दीप-ज्योति | १९ | ६ | १४ |
| १६. | प्रसङ्ग फेरि व्यूह कै | कविता (गद्य) | २०५७ | शैल-सन्देश | ३९ | १९ | ७३ |
| १७. | नरमेध गर्नेहरू | कविता (गद्य) | २०५९ | शैल-सन्देश | ४१ | २१ | ३१ |
| १८. | शुभकामना गुल्मी टाइम्सलाई | कविता (पद्य) | २०६०/५/२ | गुल्मी टाइम्स | १ | १ | |
| १९. | युगकवि मोतीरामको प्रेरणा ..... | लेख | २०६०/५/९ | गुल्मी टाइम्स | १ | २ | |
| २०. | सनातन धार्मिक सापेक्षतामा तीज पर्व | लेख | २०६०/५/१६ | गुल्मी टाइम्स | १ | ३ | |
| २१. | लोप हुन लागेको अनन्त ब्रत र यसको महिमा | लेख | २०६०/५/२३ | गुल्मी टाइम्स | १ | ४ | |
| २२. | सन्दर्भ विजया दशमीको | सन्दर्भ | २०६०/६/११ | गुल्मी टाइम्स | १ | ७ | |
| २३. | सन्दर्भ कोजागत्र पूर्णिमाको | सन्दर्भ | २०६०/६/२५ | गुल्मी टाइम्स | १ | ८ | |
| २४. | समानता र आरक्षण | लेख | २०६०/७/२ | गुल्मी टाइम्स | १ | ९ | |
| २५. | अलिनु तिहार | लेख | २०६०/७/८ | गुल्मी टाइम्स | १ | १० | |
| २६. | संविधान दिवस र यसको ...... | लेख | २०६०/७/२३ | गुल्मी टाइम्स | १ | ११ | |
| २७. | प्रसङ्ग पौराणिक पुरञ्जन पाराख्यानको | लेख | २०६०/७/३० | गुल्मी टाइम्स | १ | १२ | |
| २८. | शिक्षक नियुक्तिमा योग्यता क्रम | व्यङ्ग्य | २०६०/८/९ | गुल्मी टाइम्स | १ | १३ | |
| २९. | काव्य परम्परामा औचित्यबाट | समीक्षा | २०६०/८/२१ | गुल्मी टाइम्स | १ | १५ | |
| ३०. | पौराणिक प्रसङ्ग सन्दर्भ ...... | परिचय | २०६०/८/२८ | गुल्मी टाइम्स | १ | १६ | |
| ३१. | भरतमुनि र उनको नाट्यशास्त्र | समीक्षा | २०६०/९/१३ | गुल्मी टाइम्स | १ | १८ | |
| ३२. | प्रेरणाका प्रतिमूर्ति पौड्याल .... | परिचय | २०६०/९/२० | गुल्मी टाइम्स | १ | १९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३. | अधुरो सपना | लेख | २०६०/९/२७ | गुल्मी टाइम्स | १ | २० | |
| ३४. | कवि लेखनाथ पौडेलप्रति | कविता | २०६०/१०/४ | गुल्मी टाइम्स | १ | २१ | |
| ३५. | सन्दर्भ श्रीपञ्चमीको | लेख | २०६०/१०/११ | गुल्मी टाइम्स | १ | २२ | |
| ३६. | सहीदहरू प्रति ............. | कविता | २०६०/१०/२५ | गुल्मी टाइम्स | १ | २३ | |
| ३७. | फगत औपचारिकता | लेख | २०६०/११/१० | गुल्मी टाइम्स | १ | २५ | |
| ३८. | खाँचो संयमको | लेख | २०६०/१२/८ | गुल्मी टाइम्स | १ | २८ | |
| ३९. | आखिर सर्वोत्तम ........... | लेख | २०६१/१/६ | गुल्मी टाइम्स | १ | ३२ | |
| ४०. | सन्दर्भ रामनवमीको | लेख | २०६०/१२/१६ | गुल्मी टाइम्स | १ | २९ | |
| ४१. | निरङ्कुश थापा सरकार ...... | लेख | २०६१/१/१४ | गुल्मी टाइम्स | १ | ३३ | |
| ४२. | साउने तपस्वीलाई | कविता | २०६१/३/३ | गुल्मी टाइम्स | १ | ३५ | |
| ४३. | दार्शनिक चिन्तक प्लेटो .... | लेख | २०६१/४/३ | गुल्मी टाइम्स | १ | ४३ | |

रिजालका उपर्उल्लिखित रचनाहरूमा कतै मानवतावाद त कतै व्यङ्ग्य पाइन्छ भने प्रकृति चित्रण पनि पाइन्छ । **नानी कसोरी भनूँ** उनको पूर्णतः शृङ्गार रसमा र समस्यापूर्तिमा रचित पद्य रचना हो । **आध्यात्मिक चिन्तक विवेकानन्द** रिजालको लघुकाय खण्डकाव्य कृति हो ।[७१] जुन रिजालको कृति प्रकाशन नभई पत्रिकाले प्रकाशन गरिदिएकोले यो कृतिका रूपमा देखा पर्न सकेको छैन । हाल रिजालले यसै खण्डकाव्यको कथानक पक्रेर **विवेकानन्द** (महाकाव्य) को रचना गरिरहेका छन्, जुन प्रकाशोन्मुख छ ।

यस चरणमा रिजाल फुटकर प्रकाशनका रूपमा गद्य र पद्य दुवै विधामा देखा परेका छन् ।

### ५.२.२ द्वितीय चरण (२०६१-हालसम्म) उत्तरार्द्ध

कवि लक्ष्मणप्रसाद रिजालको २०६१ माघ महिनातिर 'रेसुङ्गा' महाकाव्य प्रकाशनमा आएको हो । यही महाकाव्य प्रकाशनलाई आधार बनाएर उनको काव्यिक यात्राको द्वितीय चरण कायम गरिएको छ । रिजालले प्रस्तुत महाकाव्यलाई वि.सं. २०६० को नववर्ष सँगै लेखन कार्य थालनी गरी २०६० कै माघसम्मको १० महिनाको अवधिमा पूरा गरेका हुन् । १४ सर्ग र ११६९ श्लोकमा पद्यहरूलाई उनेर कवि रिजालले कृति प्रकाशनमा ल्याएका छन् । यस कृतिको अध्ययन

[७१] टीकाराम पन्थी, पूर्ववत् ।

र मूल्याङ्कन आघौं अध्यायमा गरिएको छ । यस कृतिका साथ-साथै रिजालका फुटकर रचनाहरू पनि प्रकाशनमा आएका छन् । उनका यस चरणमा पद्य रचनाहरू कै बहुलता पाइन्छ तर केही भने समीक्षात्मक लेख पनि रहेका छन् । उनका प्रकाशित र प्राप्त फुटकर रचनाहरूलाई यहाँ पनि कालक्रमिक रूपमा देखाइएको छ :

**द्वितीय चरणमा प्रकाशित कृति र रचनाहरूको कालक्रमिक विवरणः**

| क्र.सं | रचना/शीर्षक | ीवधा | प्रकाशित वर्ष | प्रकाशित पत्रिका | वर्ष | अङ्क | पृ. |
|---|---|---|---|---|---|---|---|
| १. | रेसुङ्गा | महाकाव्य | २०६१ | कृति | | | |
| २. | भानुप्रति शब्द श्रद्धाञ्जली | कविता (पद्य) | २०६१ | शैल सन्देश | ४३ | २३ | ७३ |
| ३. | लक्ष्मीप्रसाद देवकोटा प्रति शब्द श्रद्धाञ्जली | कविता (पद्य) | २०६२ | शैल सन्देश | ४४ | २४ | ४५ |
| ४. | गुल्मी गौरव रत्न | कविता (पद्य) | २०६१ | स्रोतकेन्द्र दर्पण | ४ | ४ | ५ |
| ५. | धरती | कविता (पद्य) | २०६२ | दीप-ज्योति | २१ | ८ | २२ |
| ६. | भोक राष्ट्रियताको | लेख | २०६४ | दीप-ज्योति | २३ | ९ | २० |
| ७. | सङ्कल्प | कविता (पद्य) | २०६५ | गुल्मेली आवाज | १ | १ | ८६ |
| ८. | चर्चा वक्रोक्ति सम्प्रदायको | समीक्षा | २०६२ | विद्या | १८ | १५ | ६० |
| ९. | काव्य हेतु र कवित्त्व | समीक्षा | २०६३ | विद्या | १९ | १६ | ६७ |
| १०. | इतिहास आफैं बोल्ला | इतिहास(पद्य) (आख्यान सहित) | २०६४ | विद्या | २० | १७ | ६८ |

कवि रिजालका यस चरणमा फुटकर रचाहरू कमै मात्रामा प्रकाशित छन् । उनी मूलतः कृतिकारका रूपमा देखिनु नै यस चरणको मुख्य उपलब्धि हो ।

## ५.३ 'रेसुङ्गा' महाकाव्यको परिचय

कवि लक्ष्मणप्रसाद रिजालको 'रेसुङ्गा' महाकाव्य पूर्वीय शास्त्रीय ढाँचामा रचित काव्य हो । यस काव्यलाई कविले चौध सर्ग र ११६९ श्लोकको पुष्पहारमा उनेका छन् । रेसुङ्गा गिरि

गुल्मी जिल्लाको दोस्रो अग्लो पर्वत हो । यस पर्वतको ऐतिहासिक महत्त्व रहेको छ । पौराणिक कालमा ऋष्य श्रृङ्गी आएर यस पर्वतमा तपस्या गरी ज्ञान प्राप्त गरेका थिए भन्ने किंवदन्ती पाइन्छ । ती ऋषिले पूर्वीय वेदान्त दर्शन, साङ्ख्य दर्शन र गीताको निष्काम कर्म योगको सारलाई जनसमक्ष पुऱ्याई धार्मिक चेतना प्रवाह गरेको पौराणिक इतिहास छ । पछि यही गिरिमा तपस्वीहरू- शशिधर, लक्ष्मीनारायण र यदुकानन्दले तपस्या गरी यसको यशलाई फैलाएका थिए । यस पर्वतका परिसरमा असङ्ख्य जीवजन्तु, वनस्पति र जडीबुटीहरू पाइन्छन् । यो गिरि प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । यिनै विषयवस्तुलाई समेटेर सर्ग-सर्गमा विभाजन गरी रचित् महाकाव्य हो 'रेसुङ्गा' । यस महाकाव्यलाई यसैका सर्गहरूले पक्रेको विषयवस्तु र कथानकका आधारमा परिचय गराइएको छ :

'रेसुङ्गा' महाकाव्यमा कथावस्तु अत्यन्तै क्षीण छ । रेसुङ्गा गिरिको महिमा, यसको जैविक, धार्मिक, ऐतिहासिक, आयुर्वेदिक, साँस्कृतिक आदि समग्र परिचयात्मक चित्र प्रस्तुत[७२] गरिएको काव्यमा कुनै फरक-फरक नायकहरूलाई पात्रका रूपमा नराखी रेसुङ्गा गिरिसँग संबद्ध जे जति कार्यहरू भए ती विषयहरूलाई अलग-अलग सर्गमा राखी वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको कथानक छ । 'रेसुङ्गा' महाकाव्यको अध्ययन गर्नु अघि यसका कथानकलाई सर्गअनुसार परिचय गराइएको छ :

**प्रथम सर्ग**

'रेसुङ्गा' महाकाव्यको प्रथम सर्गको प्रथम श्लोक मङ्गलाचरणका रूपमा रहेको छ ।

सर्गाद्य सृष्टी-लय देवी रूपा
ज्योतिर्मयब्रह्म उनै स्वरूप,
अज्ञान सारा गर अन्त्य मात
यो भक्तलाई गरिद्यौ कृतार्थ । (१/१)

यसरी कवि रिजालले 'ब्रह्म नै सृष्टि कर्ता हुन्' र आफू पनि ब्रह्मभक्त भएकोले कृपा गरिद्यौ भनी देवीसँग आशीर्वाद मागेर काव्य लेख्न थाल्दछन् । काव्य नमस्कृयाबाट सुरु भएको छ ।

---

[७२] ऐजन ।

राम नै सत्य हुन र संसार झुठ छ भन्ने कुराहरूलाई यसरी भनिएको छ

संसार कच्चा र'छ राम सच्चा
संसार नबूझे गति हुन्छ कच्चा । (१/८)

ईश्वर एउटा अदृश्य शक्ति हो, सृष्टिस्थिति, चराचर सबै ईश्वरकै रूप हुन् । ईश्वरबाट सबै कुरा चलेको छ भन्ने कुरालाई यसरी भनिएको छ :

उत्पत्ति सृष्टि स्थिति रूप लयस्थिति या सबका स्वरूप
ती ब्रह्मका रूप चरा चरै हुन् अदृश्य शक्ति पनि ईश्वरै हुन् । (१/६४)

यसरी यो सर्ग भरिमा ईश्वरीय शक्ति, आत्माको अमरता, गीताको निष्काम कर्मयोग, भौतिक वस्तुहरूको प्राप्तिमा आशक्ति राख्नु दुःख हो भन्ने सार, वेदान्त दर्शन, साङ्ख्य दर्शन र शास्वत जीवनको रहस्यलाई प्रस्ट पारिएको छ । यो सर्ग सर्गबादका रूपमा खर्चिएको छ ।

## द्वितीय सर्ग

'रेसुङ्गा' महाकाव्यको द्वितीय सर्गमा गुल्मी जिल्लाको सदरमुकाम तम्घास नगरीको मुकुटका रूपमा रहेको रेसुङ्गा गिरिको नामकरण कसरी भयो ? श्रृङ्ग ऋषिको जन्म कसरी भयो ? तिनै श्रृङ्ग ऋषिबाट यस स्थलमा तपस्या गरिएकोले यस गिरिको नाम 'रेसुङ्गा' रहेको हो भन्ने वर्णनात्मक कथानक रहेको छ । वर्णन गरिएका केही श्लोकहरू :

यौटा भव्य-विशाल ताल अनुपम स्वर्गै सरी सुन्दर
शीतल्-मन्द-सुगन्ध वायु वहने एकान्त रे निर्मल
त्यस्तो स्वच्छ-पवित्र पुण्य स्थलमा आनन्द मग्नै भए
कश्यप्-पुत्र विभाण्ड काख्य ऋषिले तप् गर्न लाग्दा भए । (२/५)

कश्यप ऋषिका पुत्र विभाण्डकाख्य ऋषिले प्राकृतिक सुन्दरताले सजिएको यस गिरिमा तपः गरेका थिए । तपः गरेर ब्रह्म प्राप्त गरी संसारको सार खिचेर जागा हुँदा स्वर्गकी उर्वशी अप्सरा आई यहीँको सरोवरमा नुहाएको देख्दा ऋषिको कामात्तुर भई वीर्य स्खलन भएको र त्यही वीर्यसहितको पानी एउटा हरिणीले पिई र गर्भ धारण गरी । हरिणीका गर्भबाट शिरमा सिङ उम्रेका बालक पैदा भएका र तिनै बालक हुर्केर बढेर यही गिरिमा योगाभ्यास र साङ्ग वेद

आदिको ज्ञान लिएकाले यस गिरिको नाम ऋष्य श्रृङ्गबाट रेसुङ्गा रहन गएको किंवदन्तीलाई व्याख्या गरिएको छ ।[७३]

ऋष्य श्रृङ्ग ऋषिले रेसुङ्गामा तपः गरी बसेको, राजाले आफ्नी छोरी उनैसँग विवाह गरिदिएको र उनै ऋषिको तपः साधनाले रेसुङ्गा तीर्थस्थल बन्न गएको हो भन्ने सन्दर्भमा आएको श्लोक यस्तो छ :

यो आर्य भूमी तपतीर्थ लाई तीर्थै बनाए तप नै खन्याई । (२/३२)

श्रृङ्गी ऋषिको तपः साधनाबाटै रेसुङ्गा पवित्र भएको हो भन्ने सन्दर्भमा प्रयोग भएको श्लोक यस्तो छ :

श्रृङ्गी ऋषिबाट भयो रिसुङ्गा
भन्दाछँदा ख्यात भयो रिसुङ्गा
यै नामले ऋष्य अघि भनेथे
श्रृङ्गीऋषि नै जनले कहेथे । (२/३८)

यसरी श्रृङ्गीऋषिले यस गिरिमा तपस्या गरी संसारको सार खिचेर अध्यात्म दर्शनको व्याख्या गरेका हुन् भन्ने कुराको वर्णन यस द्वितीय सर्गमा गरिएको छ ।

## तृतीय सर्ग

'रेसुङ्गा' महाकाव्यको तृतीय सर्ग सृष्टिचक्र, कर्मवाद, भाग्य चक्र, नियती आदिका बारेमा वर्णित छ । संसारका सबै भौतिक वस्तुहरू क्षणिक र नाशवान् छन् आत्मा नै एकमात्र जीवित तत्त्व हो भन्ने आत्माको अमरतालाई वर्णन गर्दै ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या मानिएको छ । प्रयुक्त श्लोक यस्तो रहेको छ :

ब्रह्मै सत्य छ शास्वतै जगतमा त्यै ब्रह्मको तथ्य त
मिथ्या भौतिक बस्तु यी सब कुरा बुझ्ने भए स्पष्ट छ । (३/२)

---

[७३] लक्ष्मणप्रसाद रिजाल, **'रेसुङ्गा'** महाकाव्य गुल्मी, (रेसुङ्गा संरक्षण समिति २०६१) को द्वितीय सर्गको श्लोक (५-१०) को अध्ययनबाट ।

भौतिक र नाशवान् वस्तुमा कहिल्यै आशक्ति राख्नु हुँदैन । मानव जीवन भनेको पानीका फकुन्द्रा जस्तै छ भन्दै कवि अगाडि भन्छन् :

पदार्थ ती भौतिक नाशवान, यो देह सच्चा कहिल्यै नठान
गुम्यो भने मानव सृष्टि चोला पानी फकुन्द्रा सरी नष्ट होला । (३/२७)

सांसारिक सुख सयलमा डुबिरहेको वर्तमान समयका मानिसको जीवनको यथार्थता पनि तलको श्लोकबाट पाउन सकिन्छ :

पानी विना पद्म हुँदै हुँदैन पानी भने पद्म हुँदै हुँदैन
त्यो पद्म निर : सब एक जस्तै त्यो ईश माया बुझिल्यौ न यस्तै । (३/५४)

मानिस भाग्यवादी बन्ने होइन कर्मवादी बन्नुपर्छ र कर्मैमा विश्वास गरौं भन्ने कर्मयोगको सन्देश यसरी व्यक्त भएको छ -

रोपिन्छ विरुवा जस्तो त्यस्तै नै फल फल्दछ
भोगिन्छ कर्म यो यस्तै कर्मैमा भर पर्दछ । (३/७१)

**चतुर्थ सर्ग**

यस महाकाव्यको चतुर्थ सर्गमा श्री १०८ महाप्रभु स्वामी शशिधर रेसुङ्गा गिरिमा आई तप साधना गरेर आध्यात्मिक ज्ञान प्राप्त गरी सोही ज्ञान फैलाएको चर्चा गरिएको छ । महाप्रभु शशिधरको वर्णन यसरी गरिएको छ :

आनन्द त्यै ब्रह्म स्वयं प्रकाश्य ज्योतिर्मयज्ञान सदा उपास्य
ती शङ्कराचार्यसम प्रतापी स्वामी शशीधर् गुरु ब्रह्मवादी । (४/१)
त्यस्तै :
शास्त्रार्थका विज्ञ थिए तपस्वी रहस्य जान्ने ऋषि हुन् महर्षि । (४/१४)

स्वामी शशिधर शङ्कराचार्य जस्तै प्रतापी, शास्त्रका विज्ञ र रहस्य बुझ्न सक्ने थिए । स्वामी शशिधरले काव्यका माध्यमबाट निर्गुण भक्तिलाई जनसमक्ष फैलाएका हुन् भन्दै कविले यसो भन्छन् :

“काव्यात्मकै ग्रन्थ प्रकाश रूप” ज्योतिर्मय ब्रह्म उनै स्वरूप
निर्गूण भक्ति भजनै ति सारा ज्योती फिँजाए जनमा अपार । (४/२८)

यसरी चतुर्थ सर्गभरिमा स्वामी शशिधरले ‘रेसुङ्गा’ गिरिमा गरेको योगसाधना र अध्यात्मको प्रचारप्रसारलाई स्पष्ट खुलाइएको छ ।

**पञ्चम सर्ग**

यस काव्यको पञ्चम सर्गमा रेसुङ्गा गिरिमा स्वामी शशिधर पछि स्वामी लक्ष्मीनारायण आई तपस्या गरेका र लक्ष्मीनारायणमा अलौकिक शक्ति भएको, उनकै पहलमा रेसुङ्गा गोवृत्त भएको, सरकारले पनि यसको संरक्षणमा पहल गरेको जस्ता प्रसङ्गहरूलाई ११६ श्लोकका गुच्छामा उनेर प्रस्तुत गरिएको छ । यस सर्ग भरिमै स्वामी लक्ष्मीनारायणको तपः साधना र कार्यको मूल्याङ्कन गरिएको छ ।

लक्ष्मीनारायणको स्वभाव यस्तो देखिन्छ :

आवाल योगी हुन तत्त्वदर्शी गुरु सबैका अनि दूरदर्शी
अलौकिकै साधक कर्मयोगी गृहस्थ बन्धन्हरू सर्व छोडी । (५/२)

उनी एक तत्त्वदर्शी र दूरदर्शी थिए । अलौकिक साधना उनमा थियो । गृहस्थलाई बन्धन ठान्थे भन्ने माथिका श्लोकको सार हो ।

प्रधानमन्त्री जङ्गबहादुर राणा स्वामी लक्ष्मीनारायणको महिमा सुनेर भेट गर्न छद्म भेष गरी गिरिमा जाँदा प्रभुले चिनेर राणालाई आफ्नो अलौकिक कार्य देखाएका थिए भन्ने प्रसङ्गलाई यसरी भनिएको छ :

स्वामीजिले उसबखत रुखमै चढेर
हल्लाइ खर्सु त्यसमाथि गएर फेर
सुन्कै असर्फि वरवर भुँइमै खसाए
लैजाउ जंग तिमी नै अनि भन्न लागे । (५/१५)

प्रभु लक्ष्मीनारायणले समस्त जनलाई अर्ति दिँदा यसरी दिन्थे भन्दै कविले आफ्नो स्वर यसरी व्यक्त गरेका छन् :-

बाटो बनाउ अरु हिँड्छ यात्री प्रकाश सानो बीच मध्य रात्री
एक्लासमा भित्र बनेर साथ कल्याण राख्दै समभाव राख । (५/४२)

मानवले आफ्नो मूल्य स्थापित गर्न परसेवामा लाग्नुपर्छ भन्ने जीवन दर्शन यहाँ पाइन्छ ।

स्वामी लक्ष्मीनारायणले रेसुङ्गा गिरिमा तपस्या गर्दा यस क्षेत्रको शोभा यसरी बढेर गएको देखिन्छ -

शीतल छहारी वनकुञ्ज भित्र सौन्दर्य शोभा कति हो विचित्र !
सुवास भारी लिई मन्दमन्द बोकेर वायु छरदै सुगन्ध । (५/५४)

जीवनमा पापकर्म गऱ्यो भने पाप धुरीबाट कुर्लन्छ भन्ने तात्त्वीक अर्थलाई अभिव्यक्त गर्दै सबै मानव जातिलाई मानवतामा लाग्न यसरी प्रेरित गर्दछन् :

आखिरमा पोल्दछ पाप उर्ली त्यो मृत्यु बेला धुरीबाट कुर्ली
यसर्थ गर्छन् अनि आत्महत्या नपाइ त्यो ईश्वरको सुरक्षा । (५/९६)

पापीहरूलाई त ईश्वरले पनि रक्षा गर्दैनन्, ईश्वर पाउनलाई त मानवता देखाउनु पर्छ भन्ने भाव यहाँ पाइन्छ ।

## षष्ठ सर्ग

यस षष्ठ सर्ग भरिमा रेसुङ्गामा तपस्या गर्न आउने स्वामी यदुकानन्द र उनको चिन्तन र दर्शनलाई अभिव्यक्त गरिएको छ । स्वामी यदुकानन्दका समयमा रेसुङ्गामा यज्ञ-यज्ञादि भएका, घृतधारा दिने प्रचलन रहेको र उनकै साधना कालमा रेसुङ्गामा प्रशस्तै भौतिक उन्नति भएका थिए भन्ने कथानक पाइन्छ ।

यदुकानन्दका समयमा रेसुङ्गा गिरिमा भएका उन्नतिलाई यसरी देखाइएको छ :

घृतधारा चल्योहोम यज्ञ अग्नि बले यहाँ

लाखौँको सर-सामग्री अभूतपूर्व भो यहाँ । (६/१७)

मानिसहरूले यज्ञ गर्दै जानुपर्छ दान, धर्म, यज्ञ आदि गर्नाले ईश्वर पनि खुसी हुन्छन् भन्ने आध्यात्मिक स्वर यसरी व्यक्त भएको छ :

यज्ञले जल वर्षन्छ वर्षाले धर्ती उर्वर
उर्वरा धर्ती शस्याढ्य अन्न औषधि सत्त्वर (६/१८)
धर्ती पर्जन्य वर्षाले हरियो भै फलाउँछ
हरियो धरती भित्र प्राण प्रीति पलाउँछ । (६/१९)

दानी पुरुषहरूका निम्ति मन नै धन हो भन्दै मानिसले मन उदार गराउनु पर्दछ भनी यसरी भनिएको छ :

धोका डालाभरी पूर्ण पठाए घरमा धन-
उदारहरूका निम्ति अभाव खै कहाँ मन ! (६/२७)

यस यदुकानन्दकालीन समयमा भौतिक उन्नति मात्रै नभई आध्यात्मिक उन्नति पनि उत्तिकै भएको पाइन्छ भन्ने कुराको पुष्टि यसरी गरिएको छ :

सुनको पिँजडा भित्र शुकवासक झैँ भयो
धन सम्पन्नता भित्र वेदधर्म लुकिरह्यो । (६/३८)

राणाहरूबाट पालित पोषित भएका यदुकानन्दमा नेपालमा राणाहरूको पतनसँगै वितृष्णा बढेको र रेसुङ्गामा जम्मा भएको भौतिक सम्पति पनि हिनामिना भएको थियो भन्ने कुरालाई पनि यसै सर्गमा यसरी भनिएको छ :

राणापतनले गर्दा विरक्ति उनमा बढ्यो
मोह भङ्ग भए झैँ भो वितृष्णा अझ नै बढ्यो । (६/४७)

नेपालमा राणाशासनको पतनसँगै रेसुङ्गामा भएको ख्याति र महिमा पनि पतन हुँदै गएको, स्वामीले मट्टीतेल छर्केर आगो लगाई सम्पूर्ण भौतिक सम्पत्ति नास गरेको, पछि २०१६ तिर प्रधानमन्त्री वी.पी. त्यहाँ पुग्दा त स्वामी निर्वाङ्ग भै विरक्तिएर बसेको ऐतिहासिक प्रसङ्गलाई

यस सर्गमा व्याख्या गरिएको छ।[७४] यदुकानन्दपछि यस गिरिमा भार्सेका प्रभु टीकाराम, धनञ्जय मरासिनी, कवि नरहरि आदिले यसै क्षेत्रमा आई धर्म साधना गर्दै यसको महिमालाई कम हुन नदिएको प्रसङ्ग समेत उल्लेख छ।

**सातौं सर्ग**

यस सर्गमा रेसुङ्गा गिरिको संरक्षण र संबर्द्धन गर्ने हेतुले यसै गिरिको काखमा रहेको तम्घास नगरीमा वि.सं. २०६० सालमा सञ्चालन गरिएको महायज्ञ र व्यास वाचनशिरोमणि पं. नारायणप्रसाद पोखरेलको वाचनकलाको वर्णन छ। पं. नारायणप्रसाद पोखरेलले दिएको अध्यात्म दर्शनको सारलाई पनि यसै सर्ग अन्तर्गत विश्लेषण गरिएको छ।

तम्घास नगरीमा भएको श्रीमद्भागवत महायज्ञको दृश्यलाई हेरेर कवि यसरी भन्दछन् -

भक्तीहरूको अतिपूर्ण भक्ति लीला सबै हो ऋषिश्रृङ्ग्य शक्ति
कथाहरू कीर्तन शास्त्र ज्ञान श्री बद्रिका धाम सरी समान। (७/११)

भौतिक धन सम्पत्तिका लोभमा परेर अध्यात्मलाई विर्सन पुग्ने अहिलेका मानिसहरूलाई नैतिक सन्देश दिँदै यज्ञमा उठेको धन सदुपयोगमा आओस् भन्ने चाहनाका साथ कवि यसो भन्छन् :

डाडु पन्यू हात लिनेहरूले उदार बन्दै गर कर्म ऐले
यै धामको उन्नति पूर्ण गर्न पर्यटन क्षेत्र भनी सिंगार्न। (७/२४)

वि.सं. २०६० तिर देशमा द्वन्द्व चर्किरहेको अवस्थाले गर्दा शान्ति अमनचयन थिएन। गरीब र धनी बीचको खाडल झनै ठूलो हुँदै गएको थियो। यस्तो अवस्थामा देशमा शान्तिको आवश्यकता थियो भन्ने कुरालाई पनि यसै सर्गमा पद्यबद्ध गरिएको छ। जस्तै :

**गरिवहरूको अवस्था**

राजश्व लेवी अनि तिर्नी काँ'ट छाक् टार्न सक्ने पनि छैन आँट
ती अफ्रिकी निग्र समान दास रोएर काट्छन् दुःख कष्ट त्रास। (७/५४)

---

[७४] लक्ष्मणप्रसाद रिजाल, **'रेसुङ्गा'** महाकाव्य गुल्मी, (रेसुङ्गा संरक्षण समिति २०६१) को षष्ठ सर्गको श्लोक (५४-५८) को अध्ययनबाट।

**शान्तिको चाहना**

रोएर बस्छन् दिनरात बुद्ध देखेर द्वन्द्वात्मक घोर युद्ध
शान्ती हरायो किन आज यहाँ 'द्यौशान्तिको' मन्त्र पुग्यो नि कहाँ ? (७/६२)

**अष्ठम सर्ग**

यस अष्ठम सर्गमा रेसुङ्गा गिरिका काखमा, गुल्मी जिल्लाको सदरमुकामको रूपमा रहेको सुन्दर नगरी तम्घासको वर्णन, यसको नामकरण आदिको वर्णन रेसुङ्गा गिरि संबद्ध गरिएको छ । तम्घास र यसको महिमा गान गरिएका केही श्लोकहरू :

हिमाल शिखरै शुभ्र चाँदीका दरबार झैँ
मणिमाणिक्यले पूर्ण रत्न ज्योति विशेष नै । (८/३४)
कुवेर राजधानी झैँ झल्झलाकार निर्मल
अलकापुरी नै हुन् कि कीर्ति स्तम्भ मनोहर । (८/३५)
स्वर्गबाट खसे जस्तो तम्घास धाम नै छ यो
साधुको सङ्गतै पाई ज्ञानवान सरी भयो । (८/१०७)
श्रृङ्गीको सङ्गतबाट रेसुङ्गा परिपूर्ण भो
रेसुङ्गा सङ्गतैबाट तमघास विशेष भो । (८/१०९)

यसरी यो सर्ग स्थानीयत्व र नगरको वर्णनमा खर्चिएको छ ।

**नवम सर्ग**

नवम सर्गमा कवि अध्यात्मको वर्णनबाट तृप्त भई सौन्दर्य वर्णनमा उद्दीप्त देखिन्छन् । जस्तै :

सकेर अध्यात्म विचार रम्य सौन्दर्य शोभा नयनाभिराम
अध्यात्मचिन्तन सब थाति राखी सौन्दर्य कै वर्णन ऋङ्ग माथि । (९/१)

कविले यस सर्ग भरि नै रेसुङ्गा गिरि र यस क्षेत्र वरिपरिका दृश्यहरूको सौन्दर्य गान गरेका छन् । कवि कतै शृङ्गारिक बनेर उभिएका छन् भने कतै वीर रसमा त कतै राष्ट्रियताका पक्षमा छन् । जे भए पनि यस अध्याय भरि नै प्रकृतिको सौन्दर्य चित्रण गरिएको छ ।

**दशम सर्ग**

यस दशम सर्गको कथानकका रूपमा रेसुङ्गा गिरिमा पाइने जडीबुटीहरूको आयुर्वेदिक महत्त्वलाई काव्यात्मक शैलीमा वर्णन गरिएको छ । यस गिरिका जङ्गलमा पाइने मृत सञ्जिवनीहरूलाई यस सर्गमा चिनाइएको छ । साथमा अहिलेका युवावर्गलाई प्रकृतिमा खेर गइरहेको जडीबुटीलाई सदुपयोग गर्न आह्वान समेत गरिएको छ । केही घतिला श्लोकहरूलाई यसरी देखाइन्छ :

हर्रो र बर्रो अमला कुरिलो तीतो बिलाजोर अनी रुघिलो
पाषाणभेदहरू ऐसलु यी सत्त्वा र कथ्था अमरावती ती ॥ (१०/९)

किम्बू मजेदो दुधिलो र चुत्रो मलागिरि झ्याउ र नीलतुथ्थो
ती बज्रदन्ती बरुवा सफेद भुत्केश टिम्मूर अनेक रूप । (१०/१०)

रेसुङ्गा गिरिमा अनेक बुटी छन् रत्नै ती सर्वोषधी
आयुर्वेदिक पद्धति अझ ठूलो सञ्जिवनी औषधी प्राकृतिक
विधि पद्धति प्रकृतिका त्यो गर्भमा लुप्त छन्
नेपाली जनता कठोर दुःखमा अज्ञानमै सुत्दछन् । (१०/१४५)

यसरी यो सर्ग पूरै जडीबुटीमय र औषधशास्त्रमय बनेको छ । जडीबुटीलाई प्रयोग गर्दै जनस्वास्थ्यलाई स्वस्थ बनाउनु पर्ने सन्देश समेत व्यक्त भएको छ ।

**एकादश सर्ग**

एकादश सर्गमा रेसुङ्गा गिरि वरपर विचरण गर्ने जङ्गली जनावरहरूको चित्र प्रस्तुत गरिएको छ । ऋष्ण श्रृङ्गीको तपः साधना हेर्न जनावरहरू पनि आएका थिए भन्ने कुरालाई यसरी देखाइएको छ :

श्रृङ्गी ऋषिको तपतीर्थ हेर्न
लिएर जन्मै यहि पूर्ण गर्न
ती जङ्गली जन्तु विधि प्रकार

सौन्दर्य छर्छन् बनमै हजार । (११/१२)

यहाँ पाइने जनावरहरूले यस गिरिको अपूर्व शोभा बढाएको शाश्वत कुरा यहाँ वर्णित छ ।

**द्वादश सर्ग**

यस सर्गको पूर्वार्द्धमा कविले रेसुङ्गा गिरिमा पाइने चराचरहरूको सुन्दर शौन्दर्य गान गरेका छन् भने उत्तरार्द्धमा प्रेम नै संसार हो, जनावरहरू भएर त कति मिलेर बसेका छन् । मानव मात्र चाहिँ काटाकाट गर्ने कारण के होला ? भनी प्रश्न चिह्न उठाएका छन् । यही नै यस सर्गको विषयवस्तु हो । श्लोकहरू बाटै हेर्दा -

प्रीति सबैको यहि रूप हुन्छ प्रेमै विना अम्मर आज कुन्छ ?
भक्ती र प्रीति अमरै छ जान, तिनी विना जीवन व्यर्थ ठान । (१२/१२)

मानिस लगायत जीवजन्तु र चराचुरुङ्गीहरूलाई पनि स्वतन्त्रता सबैभन्दा प्यारो कुरा हो भन्दै कवि भन्दछन् -

चाँदी सुनैको पिंजडा भए नि चौरासी व्यञ्जन सँगमा रहेनी
स्वतन्त्रता झैं सुखकोऽनुभूति पराई बन्धन दुःख हो चुनौती (१२/२०)

**त्रयोदश र चर्तुदश सर्ग**

यस 'रेसुङ्गा' काव्यमा त्रयोदश सर्गको विषय भनेको मानिस नै यस पृथ्वीको श्रेष्ठ प्राणी हो । ज्ञानहीन प्राणीहरू त मिलेर बसेका हुन्छन् । तर मानव आपसमा काटाकाट गर्ने किन ? भन्दै मानवता गिर्दै गएको आजको मानिस प्रति प्रश्न गरेका छन् भने अध्यात्मको ज्ञान भएमा मानिस सुध्रन सक्छ भन्ने सङ्केत पनि छ । चर्तुदश सर्ग कविको उपसंहारको सर्ग हो । यस सर्गका पछिल्ला श्लोकहरूमा रेसुङ्गा गिरिका नामबाट खोलिएका विद्यालय, संघ, संस्था, उद्योग धन्दा, व्यापार व्यवसायको चिनारी छ । साथमा काव्य रचिनुको उद्देश्यको समेत सङ्केत पाइन्छ । केही श्लोकहरूबाटै हेर्दा -

**पहिले मान्छे के थियो ?**

रच्ने वेद पुराण तत्त्व सबसार् मान्छेहरू नै थिए

गान्धी, बुद्ध सबै कविहरू मान्छे भएरै जिए
वेत्ता-ब्रह्म थिए ऋषि, 'प्रमिथस' मान्छेहरू नै थिए
मान्छेकै उपकारमा सहिदहरूले सर्वश्व सुम्पिदिए । (१३/२५)

**<u>अहिले मान्छे के भयो ?</u>**

मान्छे भन्नु यहाँ सबै विकिसक्यो अस्तित्त्व सारा गयो
भित्री मानवता भुलेर जनले षड्यन्त्र मात्रै गऱ्यो
भौतिक् बस्तु निमित्त मानव जुट्यो अध्यात्म विर्सिगयो
भक्ती साधन योगकर्महरू ती सर्वश्व छोडिदियो । (१३/४१)

**रेसुङ्गाका नामबाट धेरै संघ संस्थाहरू छन् भन्ने सन्दर्भमा -**

हजारौं संघ संस्थाको रेसुङ्गा नाम जोडियो
त्रेता देखि कलिसम्म पवित्र नाम यैं भयो । (१४/३४)

**काव्य रचिनुको उद्देश्यलाई कवि यसरी भन्दछन् -**

अध्यात्म विषय मात्रै यसको वर्ण्य वस्तु हो
आत्मवाद यही ज्ञान कविको त्यो अभिष्ट हो । (१४/४७)
प्रयास पहिलो भैगो 'महाकाव्य' प्रकाशन
श्रृङ्गीको तपतीर्थैको ख्याती ठूलो गराउन । (१४/६३)

यसरी 'रेसुङ्गा' महाकाव्यका चौधओटा सर्गहरूमा रेसुङ्गा गिरि संबद्ध फरक फरक विषयलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएकोले यी फरक-फरक विषयलाई अलग अलग चिनारी गराइएको छ ।

## ५.४ निष्कर्ष

कवि लक्ष्मणप्रसाद रिजालका प्रकाशित फुटकर रचनाहरू र कृति प्रकाशनलाई आधार बनाई उनको काव्यिक यात्रालाई दुई चरणमा अध्ययन गरिएको छ । उनीबाट रचित महाकाव्यमा कथानकको पञ्चसन्धिलाई पालना नगरिएको हुँदा यहाँ फरक सर्गले फरक विषयलाई वर्णन गरेको छ । यसै कारणले सर्ग-सर्गका कथानक वा विषयवस्तुलाई यस अध्याय अन्तर्गत चिनारी गराइएको छ ।

## अध्याय-छ

# तत्त्वगत रूपमा 'रेसुङ्गा' महाकाव्यको अध्ययन

### ६.१ परिचय

'रेसुङ्गा' महाकाव्य कवि लक्ष्मणप्रसाद रिजालको प्राकृतिक प्रबन्ध-काव्य हो । रिजालले यस काव्यलाई १४ सर्गका ११६९ श्लोकमा उनेका छन् । महाकाव्यको पूर्वीय र पाश्चात्य सिद्धान्तअनुसार यसमा कथानक, चरित्रचित्रण, उद्देश्य, देशकाल परिवेश, भाषाशैली, रस, छन्द, अलङ्कार आदिलाई अनिवार्य तत्त्वका रूपमा स्वीकारिएको छ । यस अध्यायअन्तर्गत 'रेसुङ्गा' महाकाव्यलाई तत्त्वगतरूपमा अध्ययन गरिएको छ ।

### ६.२ कथानक

महाकाव्यका सन्दर्भमा – "लामो कथानक भएको महान् चरित्रमा आधारित नाटकीय पञ्चसन्धियुक्त, उत्कृष्ट एवं अलङ्कृत शैलीमा रचित तथा जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने सर्गबद्ध, सुखान्त काव्य[७५] नै महाकाव्य हो भनी कथानकका बारेमा पूर्वीय सिद्धान्तमा भनिएको छ ।

'रेसुङ्गा' महाकाव्यको कथानक क्षीण छ । चौध अलग-अलग सर्गमा फरक-फरक विषयवस्तुको वर्णन छ । नाटकीय पञ्चसन्धिको अन्विति यसमा पाइँदैन र खोज्नु पनि हुँदैन किनकी अजीव वस्तु रेसुङ्गा गिरि यसको नायकको रूपमा उभिएको छ । रेसुङ्गा पर्वतमा ऋषिहरू- विभाण्डकाख्य, ऋष्य श्रृङ्गी आदिले तपस्या गरी योग, साङ्ख्य, वेदान्त दर्शन आदिको सारलाई खिची 'ब्रह्म सत्य जगत् मिथ्या' भन्ने तत्त्व दर्शनलाई जनसमक्ष फैलाएको प्रसङ्गलाई आख्यानका रूपमा लिइएको छ भने अर्वाचीन तपस्वीहरू शशिधर, लक्ष्मीनारायण र यदुकानन्दको तपः साधनाको पनि वर्णन गरिएको छ । रेसुङ्गा गिरिको ऐतिहासिक, धार्मिक, पौराणिक, जैविक विविधता, प्राकृतिक आदि पक्षको वर्णन गरिएकोले काब्यको कथानक प्रासाङ्गिक छ । रेसुङ्गा पर्वत (प्राकृतिक स्तम्भ) आफैंमा महान् नायक भएर ठडिएको छ । रेसुङ्गा

---

[७५] कुमारबहादुर जोशी, पूर्ववत् पृ. १११ ।

गिरिले धेरै जीवजन्तु, पशुपंक्षी आदिलाई आश्रय दिइरहेको छ । धेरै मानिसलाई जल, वायु र जडीवुटी दिएर पालनपोषण गरेको छ । यसैले यहाँ नायकको भव्य उपस्थिति छ ।

यसरी 'रेसुङ्गा' क्षीण कथानकमा आधारित महान् चरित्र भएको महाकाव्य हो भन्न सकिन्छ ।

## ६.३ चरित्र चित्रण

कथालाई गतिशीलता दिने भनेकै पात्रहरू हुन् । ती पात्रहरूको कथानकका सन्दर्भमा रहेको भूमिकाका आधारमा विशेषता औँल्याउनु नै चरित्र चित्रण हो । 'रेसुङ्गा' महाकाव्यमा रेसुङ्गा गिरिलाई प्राकृतिक नायक भन्न मिल्छ । रेसुङ्गा पर्वतमा तीर्थस्थल, महात्म्यहरू रहेका छन् वा अतीतमा रहे ती सबै यही प्राकृतिक नायकका परिवेशमा समेटिएका छन्[७६] भनेर भनिएकोले यस कृतिमा गतिशील पात्र कोही पनि छैन् कवि नै द्रष्टाका रूपमा देखिएका छन् । उनले भाषा र भावका माध्यमबाट प्राकृतिक नायकलाई पक्रेर अघि बढेका छन् । यस काव्यका सर्ग-सर्गमा जे -जे विषय (कथानक) को वर्णन गरियो त्यो सबै विवरणात्मक, वर्णनात्मक अनि व्याख्यानात्मक शैलीमा कविकै कलमबाट व्यक्त भएको छ ।

यस काव्यमा देखिएका बिभाण्डकाख्य, ऋष्य श्रृङ्ग, शशिधर, लक्ष्मीनारायण, यदुकानन्द जस्ता पात्रहरू मानवीय पात्रका रूपमा देखिन्छन्, तर यी केवल वर्ण्य विषय बनेका छन् । यी ऋषिहरूले रेसुङ्गामा रहँदा गरेको कार्यको मूल्याङ्कन गर्दै ती ऋषिहरूको परिचय गराउन मात्र खोजिएको छ । यस काव्यमा वर्णनात्मक शैलीमा परिचय गराउन खोजिएकोले चरित्र-चित्रण गर्नु पर्ने नै देखिँदैन। रेसुङ्गा पर्वत र यससँग संबद्ध पक्षहरूको सुरुदेखि अन्त्यसम्म वर्णन गरिएकोले यस पर्वतलाई नायकका रूपमा लिइएको छ ।

## ६.४ भाषाशैली

महाकाव्यका निम्ति स्तरीय र शिष्ट भाषाको प्रयोग हुनुपर्ने अपेक्षा पूर्वीय सिद्धान्तमा छ । विभिन्न छन्द, रस र अलङ्कारले युक्त लयात्मक र श्रुतिमधुर भाषाको प्रयोग महाकाव्यका

[७६] रमाकान्त पौडेल, पूर्ववत् ।

निम्ति ग्राह्य छ[७७] भनी पूर्वमा भनिएको छ भने पाश्चात्यहरूमा प्रसाद गुणले युक्त, परिस्कृत, प्रौढ, स्तरीय, सुसङ्गठित, श्रुतिमधुरतालाई[७८] जोड दिइएको छ ।

'रेसुङ्गा' महाकाव्यमा भाषा शैलीका सन्दर्भमा परिकृत र परिमार्जित भाषा शैलीको प्रयोग गरिएको छ । पूर्वीय काव्यशास्त्रीय मान्यताले भनेझैँ यस काव्यमा विभिन्न रस, छन्द र अलङ्कारको प्रयोग भएको छ । भाषा सरल र सम्प्रेष्य नभई संवेद्य बन्न पुगेको छ । संस्कृत भाषाका अधिकाधिक तत्सम शब्दहरू र केही श्लोकहरूलाई जस्ताको त्यस्तै कवितामा लिई उन्ने प्रयास गरिएकोले भाषा सम्प्रेष्य हुन नसकेको हो । जस्तै -

ती अष्टसिद्धी तप ध्यान योग संसारका ती सब नै प्रयोग
सारांश तिन्को यही सार बुझ्नु **'मूल मन्त्र सहनौ भुनक्तु' ।** (२/४८)

**'ज्ञानात् विभीतों दुःखसर्वत्रस्त'** ज्ञान्नै सबै हो दुःख छुट्ने अस्त्र । (३/४४)

यस्तो अद्भूत त्यो कर्म **"न भूतो न भविष्यति ।"** (६/४१)

वेद वौदिक यै कर्म **"एषधर्म सनातनः ।"** (६/४३)

परिष्कारधर्मी कविहरूको धर्मलाई कविले यस काव्यमा पालना गरेका छन् । भाषा रसात्मक र आलङ्कारिक छ । शब्द र अर्थ अलङ्कारहरूलाई यत्र तत्र प्रयोग गरिएको छ । शान्त रस आद्योपान्त सलबलाएर रहेको छ । कविताको भाव हार्दिकता भन्दा ज्यादा बौद्धिकतामा केन्द्रित छ । भाषा बढी आख्यानात्मक छ । यो पनि परिष्कारवादीहरूको विशेषता नै हो । काव्यमा प्रयुक्त सम्पूर्ण श्लोकहरू शास्त्रीय छन्दमा रचिएका छन् । सरसता, सरलता, माधुर्य र शान्तरस प्रवाहबाट काव्यको भाषा र शैली स्तरीय बनेको छ । **"अपि माषं मषं कुर्यात् छन्दोभङ्ग नकारयेत्"** भन्ने रीतिले बहुधा प्रषय पाएको छ । छन्द मिलाउनका लागि तत्सम्, तत्भव र अन्यविध शब्दहरूका खुट्टो काट्ने र ह्रस्वदीर्घमा परिवर्तन गर्ने काम यत्र तत्र भएको छ ।[७९] भनिएकाले काव्यमा दोष पक्ष पनि छ । यस काव्यमा प्रयोग भएका बौद्धिक र आलङ्कारिक श्लोकहरूलाई यहाँ चिनाउन खोजिएको छ :

---

[७७] कृष्णप्रसाद आचार्य, पूवर्वत् पृ. ५९ ।

[७८] ऐजन ।

[७९] टीकाराम पन्थी, पूर्ववत् ।

**बौद्धिक श्लोकहरू :**

ब्राह्मण-पनीषद् षट शास्त्र दर्शन पुराण अष्टादश दीर्घ चिन्तन
रामायणै-भारत शास्त्र काव्य बन्दै रहे रे उपजीव्य तत्त्व । (१/६)
भौतीक धन त्यो सारा ऐश्वर्य सुख सम्पदा
भव्य-वैभव सामग्री राजसी ठाँट दौलत । (६/५७)

**आलङ्कारिक श्लोकहरू :**

ती देवकन्या अनि यक्षकन्या, सृष्टी सिंगार्ने विधि र'छ धन्य
लिएर सूक्ष्मै अमरावती झैं देखिन्छ नन्दन वन झैं विछट्टै ॥ (९/१३)

निकुञ्जमा कुञ्जहरू बनाई त्यै ब्रह्मको सार सदा पुऱ्याई
पंक्षी हुनाले यहि देववाणी फिजाई राख्छन्, निधर्म थामी । (१२/५६)

यसरी यस काव्यको शैली पूर्वीय मान्यतानुसारको शास्त्रीय ढाँचामा छ भन्न सकिन्छ । यसमा प्रयोग भएका शब्दहरूलाई स्रोतका आधारमा अध्ययन गर्ने काम मूल्याङ्कन खण्डमा गरिएको छ ।

## ६.५ देशकाल परिवेश

महाकाव्यको कथानकले जुन स्थान, समय र वातावरणलाई पक्रेर अगाडि बढ्छ त्यसैलाई देशकाल परिवेश अन्तर्गत लिने गरिन्छ । महाकाव्यिक मान्यतानुसार -महाकाव्यको देशकाल र परिवेश-ऐतिहासिक, पौराणिक र कविकाल्पनिक जे भए पनि हुन्छ । देशकाल र परिवेशमा जीवन र जगत्का विविध युग, संस्कृति र वातावरणलाई वर्णन गर्न सक्ने त्रिकालदर्शी हुनुपर्ने देखिन्छ । अझ पाश्चात्य धारणा अनुसार त महाकाव्यमा धरतीदेखि स्वर्गसम्म र स्वर्गदेखि धरतीसम्मका परिवेशको अपेक्षा गरिएको छ ।[८०]

[८०] बूनु लामिछाने, पूर्ववत् पृ. २५ ।

'रेसुङ्गा' महाकाव्यको देश काल परिवेशलाई अध्ययन गर्दा नेपाल अधिराज्यको गुल्मी जिल्लाको दोस्रो अग्लो पर्वतको रूपमा रहेको रेसुङ्गा गिरिलाई नायकको रूपमा उपस्थित गराइएको छ । यसै पर्वतसँग सम्बद्ध हिजो (भूत), आज (वर्तमान) र भोलि (भविष्यत्) मा जे जति कार्यहरू भए, भइरहेका छन् र हुनुपर्छ भन्ने कुरालाई सिङ्गै महाकाव्यले समेटेको हुनाले यो काव्य प्राचीनदेखि अर्वाचीनसम्म फैलिएको छ । पौराणिक कालदेखि वर्तमान परिप्रेक्षसम्मको वर्णन यस काव्यमा गरिएको छ । प्राचीन कालमा ऋष्य श्रृङ्गले यस पवित्र तपोभूमिमा आई तपश्या गरेको जनश्रुतिमूलक कथानकको परिवेशदेखि वर्तमान (वि.सं. २०६०) मा आएर यसकै परिसरमा पं. नारायणप्रसाद पोखरेलले श्रीमद्भागवत महायज्ञ सम्पन्न गराएको परिवेशसम्मको वर्णन गरिएको छ ।

**<u>त्रेतायुगको परिवेशको वर्णन कवि यसरी गर्दछन् :</u>**

त्रेतायुग महा अवध्पुरिमहाँ राजा प्रतापी थिए ।
राजा श्री दशरथ् अहर्निष खटी शासन् सदा गर्दथे ।
दिक्पालै सव ती थिए अधिनमा सर्वत्र रथ पुग्दथ्यो
राज्यादर्श फिँजाइ भक्ति सबमै वर्चश्व उन्कै थियो । (२/१३)

उन्का मित्र थिए नि अङ्ग नृपति ती रोमपादै सखा
गर्दा राज्य कतै प्रमाद वशमा अन्याय भो कै कता
वर्षा बन्द भयो अनिष्ट हुनगो उत्पादनै ठप्प भो
हाहाकार भयो जसै सकलमा संकट पैदा भयो । (२/१४)

योगी सन्तहरू मिलेर नृपमा बिन्ती चढाई भने
ब्रम्हर्षी ऋषिश्रृङ्ग दिव्य तपसी आमन्त्रणै भो भने
दुख्यै पार हुने उपाय यहि हो श्रृङ्गी ऋषी निम्तियून्
संकट मोचन गर्न सत्त्वर त्यहाँ मानिसहरू नै पुगून् । (२/१५)

त्रेता युगमा रेसुङ्गा गिरिमा तपस्या गर्ने ऋष्य श्रृङ्गीको महिमा ठूलो थियो उनले पृथ्वीमा उत्पन्न सङ्कटलाई अन्त्य गर्न सक्थे भन्ने कुराको वर्णन माथिका श्लोकमा भएको छ ।

**वि.सं. २०६० सालको परिवेशको वर्णनमा**

वि.सं. दुई शुन्य र साठीमहाँ श्री जेष्ठ शुक्लः नवमी तिथीमा
आरम्भ भैगो रसज्ञान धारा आएर सुन्थे जन ती हजार । (७/२)

श्रीमद्महाभागवतै पुरण त्यो ब्रह्मविद्या सरी नै महान
संरक्षणै श्रृङ्ग्य ऋषी गुठीको आयोजनामा अति भव्य भैगो । (७/४)

रेसुङ्गा क्षेत्रको संरक्षणका निम्ति महायज्ञ लगाइएको थियो भन्ने कुराको वर्णन यी माथिका श्लोकमा पाइन्छ ।

यस 'रेसुङ्गा' महाकाव्यमा रेसुङ्गा गिरिको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, जैविक, आयुर्वेदिक पक्षको वर्णन गरिएको छ । रेसुङ्गा गिरि नै आफैंमा प्राकृतिक स्तम्भ भएकोले वातावरणको वर्णन प्रशस्त पाइन्छ । जस्तै :

अपूर्व शोभा नयनाभिराम श्रृङ्गी ऋषिको तपतीर्थधाम
प्रमत्त ती कोकिल एक छत्र गाई रहन्छन् वनमै विछट्ट । (९/३)

झर्नाहरूको कलकल छ स्वच्छ पंक्षीहरूको कलरव् छ स्पष्ट
ती वृक्ष जाती कति भाँतिभाँति सृष्टी यसैको विधि भिन्न जाति । (९/१८)

नन्दन वगैंचा अलका पुरी झैं सौन्दर्य शोभा मधु माधुरी नै
भन्ने गराए सबलाई भान श्रृङ्गेश्वरको कति दिव्य काम ! (१०/१३)

यसरी यस काव्यको देश-नेपालको गुल्मी जिल्लाको दोस्रो अग्लो पर्वत र यसैको वरपरको क्षेत्र, काल-त्रेतायुगदेखि वर्तमान हुँदै भविष्यको सङ्केत र परिवेशमा धार्मिक अनि आध्यात्मिक मान्यतानुसार रेसुङ्गा गिरिको ऐतिहासिक, साँस्कृतिक, जैविक, आयुर्वेदिक, धार्मिक प्राकृतिक आदि पक्षहरू रहेका छन् ।

## ६.६ उद्देश्य

चार पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) मध्ये कुनै एकको फलप्राप्तिलाई पूर्वीय मान्यतामा उद्देश्यका रूपमा लिइएको छ भने पाश्चात्यमा यसका वारेमा खासै चर्चा नभए पनि उद्देश्य विनाको कार्य नहुने देखिन्छ ।

रेसुङ्गा महाकाव्यको उद्देश्यलाई हेर्नुपर्दा मूलतः धर्म प्राप्ति नै देखिन्छ । मङ्गलाचरणको प्रथम श्लोकमै कवि यसरी देखिन्छन् -

सर्गाद्य सृष्टिलय देवी रूपा ज्योतिर्मय ब्रह्म उनै स्वरूप
अज्ञान सारा गर अन्त्य मात यो भक्तलाई गरिद्यौ कृतार्थ । (१/१)

अज्ञान भरि हटाई खुसी पारिद्यौ भन्दै कवि ईश्वर भक्तिमा लीन छन् । "पश्चिम क्षेत्रकै पुराण प्रसिद्ध पावन तीर्थस्थल रेसुङ्गाको पौराणिक ऐतिहासिक धार्मिक, आध्यात्मिक, प्राकृतिक, सामाजिक अवस्थाहरूको वर्णन गरी रेसुङ्गाको महात्म्य जनसमक्ष ल्याउने पुनित कर्तव्य मात्रै लेखकको उद्देश्य हो ।"[८१] भनी स्रष्टा आफैँले भनेका हुनाले यस महाकाव्यको उद्देश्य रेसुङ्गा गिरिका वारेमा गरिएका जनश्रुतिहरूलाई काव्यमा उतारी जनसमक्ष ल्याउनु रहेको देखिन्छ ।

पौराणिक कालमा ऋष्यश्रृङ्गी भन्ने ऋषिले तपस्या गरेको यस रेसुङ्गा पुण्य गिरिको धार्मिक एवं ऐतिहासिक महत्त्व जनसमक्ष पुऱ्याई यस पवित्र तीर्थस्थललाई चिनाउनु नै कविको एकमात्र उद्देश्य भएको कुरा तलका श्लोकहरूले स्पष्ट पार्दछन् :

रेसुङ्गा तीर्थ हो भन्ने सर्वत्र पुग्नु पर्दछ
श्रृङ्गीको तपतीर्थैको प्रचार गर्नुपर्दछ । (१४/१७)

रेसुङ्गा नामका लाखौँ राखियून यसको सँगै
श्रृङ्गीको तपतीर्थैको प्रचार गरिद्यौ अझै । (१४/३८)

अध्यात्म विषय मात्रै यसको वर्ण्य वस्तु हो

---

[८१] लक्ष्मणप्रसाद रिजाल, **रेसुङ्गा** महाकाव्य (दुई शब्द) गुल्मी, (रेसुङ्गा संरक्षण समिति २०६१) ।

आत्मवाद यही ज्ञान कविको त्यो अभिष्ट हो । (१४/१७)

प्रयास पहिलो भैगो 'महकाव्य' प्रकाशन
श्रृङ्गीको तप तीर्थैको ख्याती ठूलो गराउन । (१४/६३)

धर्म प्राप्ति र रेसुङ्गाको महिमा गान गाउनुको साथै यस काव्यमा कविको मोक्ष प्राप्तिको उद्देश्य पनि रहेको पाइन्छ । रेसुङ्गा गिरिमा तपस्या गर्ने स्वामीहरू-शशिधर, लक्ष्मीनारायण र यदुकानन्द तीनै जना रिजाल थरका ब्राह्मण भएका[८२] र कवि लक्ष्मणप्रसाद पनि रिजाल थरकै ब्राह्मण भएकोले ती तपस्वीहरूको तपःसाधनाको वर्णन गरेर आफ्नो कुल र परम्पराको पहिचान गराई आफ्नो कर्तव्य पूरा भएको सुखानुभूति गर्नुलाई पनि यस महाकाव्य रचनाको उद्देश्यका रूपमा लिइएको छ । उद्देश्य नै यही हो भन्ने विषयमा कवि यसरी देखिएका छन् :

आत्मज् लक्ष्मणबाट काव्य रचियो यै वंशको कीरती
पूर्खा सन्त ऋषि-महर्षिहरूको तीर्थीय त्यै पीरती
स्वामी शशिजी र लक्ष्मी, यदुकानन्दः जिको कर्म त्यो
रेसुङ्गा गिरिको तपस्थल अहा ! महात्म्य श्रृङ्गीजिको ।

आफ्नै वंश परम्परा कुलमणी-आलोक चम्काउन
साधू सन्त परम्परा तपसिको प्रकाश फैलाउन
योगाभ्यास कठोर साधनकला वेदान्तकै चिन्तन
यस्तै दीर्घ परम्परा तपसिको अध्यात्मकै मन्थन ।

गीता दर्शन योग शास्त्र तपको अध्यात्मको सार जो
ब्रह्म-सत्य, असत्य वस्तु भवको वेदान्त आधार त्यो
साख्यः योगकला जगत् हितभला त्यै ब्रह्मको चिन्तन
यस्तै तत्त्व झिकेर काव्य रचियो ॐ सत्यको मन्थन ।[८३]

---

[८२] टीकाराम पन्थी, पूर्ववत् ।

[८३] लक्ष्मणप्रसाद रिजाल, पूर्ववत् पश्च आवरण पृष्ठ ।

यसरी 'रेसुङ्गा' महाकाव्यको रचना हुनुमा धर्मप्राप्ति र मोक्ष प्राप्तिलाई उद्देश्यका रूपमा लिइएको छ ।

## ६.७ रस

'वाक्यं रसात्मकं काव्यं'[८४] भनेर पूर्वीय आचार्य विश्वनाथले रसलाई काव्यको आत्माका रूपमा स्वीकारेका छन् । महाकाव्य सिद्धान्तको पूर्वीय मान्यतामा शृङ्गार, वीर र शान्तमध्ये कुनै एक रसलाई अङ्गी रस र अन्य रसलाई अङ्ग रसका रूपमा हुनुपर्ने भनी रसका वारेमा कठोर धारणा पाइन्छ भने पश्चिमा सिद्धान्तमा करुण रस हुनुपर्ने[८५] झलक भेटिन्छ ।

कवि लक्ष्मणप्रसाद रिजालको यस 'रेसुङ्गा' महाकाव्यमा शान्त रस अङ्गी बनेर देखापरेको छ भने अन्य वीर, शृङ्गार, करुण, अद्भूत, विभत्स, भयानक आदि अङ्ग रस बनेर देखिएका छन् ।

प्राकृतिक स्तम्भ 'रेसुङ्गा' गिरिलाई मूल नायक बनाई पर्वत आल्म्वन विभाव र यस पर्वतमा तपस्या गर्ने तपस्वीहरूको तपः साधना, यहाँ गरिएका यज्ञ-यज्ञादि, यस गिरिको परिसरमा रहेका रूख-वृक्ष, चराचुरुङ्गीका मनोहारिता, जीव जनावरका क्रीडा आदिलाई उद्दीपन विभावको रूपमा लिएर शान्त रस प्रवाहमा काव्य पूर्ण भएको छ । प्रथम सर्गको मङ्गलाचरणमै कविले रेसुङ्गा गिरिमा ऋष्य श्रृङ्ग तपसाधना गर्न आए भन्ने चर्चामा शान्त रसलाई यसरी परिपालन गरेका छन्–

यो देव भूमी अनि पुण्य भूमि यो कर्म भूमी अनि सिद्ध भूमि
यै धाममा ती ऋषि श्रृङ्ग आए गर्दै तपस्या तपमा रमाए । (१/३)

जीव जीवात्मा सबै एकै हुन् र यी सबै ब्रह्म सन्तति हुन् भन्ने आध्यात्मिक चिन्तनलाई यसरी देखाइएको छ :

जीवात्मका रूप अनेक भेद एकै सबै हुन् रति छैन भेद
आत्मा परात्मा सबजीव रूप त्यै ब्रह्मका हुन् सबमूलरूप । (१/५४)

---

[८४] केशवराज उपाध्याय, **साहित्य प्रकाश**, छै.सं. काठमाडौं, (साझा प्रकाशन २०५९) पृ. १० ।

[८५] कृष्णप्रसाद आचार्य, पूवर्वत् पृ. २५ ।

यसरी प्रथम सर्गका सबै ६६ ओटै श्लोकहरू शान्त रसमा रहेका छन् । रेसुङ्गा गिरिमा रहेको अपूर्व शोभालाई यसरी देखाइएको छ :

यौटा भव्य-विशाल ताल अनुपम स्वर्गै सरी सुन्दर
शीतल-मन्द-सुगन्ध वायु वहने एकान्त रे निर्मल । (२/५)

यस काव्यका चौध ओटा सर्गका ११६९ श्लोकहरू मध्ये अधिकांश श्लोकहरू शान्त रस प्रवाहमा रहेका छन् । केही श्लोकहरू अन्य अङ्ग रसको रूपमा पनि आएका छन् । तिनलाई यसरी अध्ययन गरिन्छ :

**शृङ्गार रस**

प्रीति स्थायी भाव हुने रस शृङ्गार हो । पौराणिक कालमा रेसुङ्गामा तपसाधना गर्ने ऋषि विभाण्डकाख्यले तपसाधनाबाट ब्रह्मै प्राप्ति गरी जागा हुँदाको अवस्था देखाउँदा प्रयोग भएको शृङ्गार रस यस्तो छ :

खोली नेत्र विताई दीर्घ तपमा जागेर हेर्दा महाँ
देखी उर्वसि अप्सरा रसमहाँ स्नान् गर्न लाग्दा तहाँ
वत्तीस लक्षण युक्त सुन्दरी परीको रूपले मन हऱ्यो
कामात्तुर भई यसै वखतमा वीर्यस्खलन भै गयो । (२/७)

भमराहरू फूलको रस चुसेर रागले मत्तिन्छन् भन्ने सन्दर्भमा पनि शृङ्गार रस आएको छ । जस्तै :

भृङ्गादिछन् मत्त अति प्रमत्त परागको राग लिई विछट्ट
चुमेर ओष्ठै कलिपङ्क्तिहार संयोगको रूप सरी अपार । (५/४७)

रेसुङ्गा गिरिमा हुने चराहरूको क्रीडालाई कवि शृङ्गारमा यसरी भन्दछन्–

मयूर ती मत्त भएर नाच्छन् त्यो इन्द्रिनीमा सहवास गर्छन
भन्छन् यसै ती पशुपंक्षि विज्ञ ती प्राकृतै कानुनका नीतिज्ञ । (९/१५)

तम्घासको चिदी चौरमा बनेको 'रेसुङ्गा मञ्च' मा प्रेमी प्रेमिकाहरूको पर्खाइमा रहनेहरूको विरही क्षणलाई शृङ्गारमा यसरी देखाइएको छ ।

**विप्रलम्भ शृङ्गारमा–**

आँखा पाट्टिन जान्छ साँझ समनै पर्खाइ दुःखी क्षण
प्रेमैको छल बञ्चना भनी कठै आतुरताको मन !
गर्छन् पान निराश तिक्त अमिलो आकण्ठ त्यो बञ्चना
मान्छन् माकुरि जाल राग सब त्यो त्यै प्रेमकै संझना । (१४/१९)

यी बाहेक पनि शृङ्गार रसको उपस्थिति अन्य अन्य प्रसङ्गमा पनि भएको पाइन्छ ।

**वीर रस**

उत्साह स्थायी भाव हुने रसलाई वीर रस भनिन्छ । मानिस आफ्नो धर्म र कर्तव्यमा सधै निष्ठ हुनुपर्छ । राष्ट्रियतालाई विर्सनु हुँदैन भन्ने नैतिक सन्देश वीरताका साथ कविले आजका मानिसलाई यसरी दिएका छन् :

"झुक्दैन कैल्यै पनि सिंह वच्चा पराक्रमैको यहि हो महत्ता
खाँदैन घाँस डमरु कदापि प्राणन्त संकट् समय हुँदा नि ।" (७/८८)

यस पङ्क्तिले मानिसलाई स्वाबलम्बी भई बाँच्न सिकाएको छ । नेपालको गौरव सगरमाथा हो भन्ने भाव व्यक्त गर्न वीररसमा कवि यसरी देखिएका छन् :

उठेर हेर्नें सगरै छ माथा, वसेर चुम्ने सगरै छ माथ
कीर्ति प्रतिष्ठा सगरै छ माथा नेपालको गौरव यै छ माथ । (७/१९)

**करुण रस**

शोक स्थायी भाव हुने रसलाई करुण रस भनिन्छ । 'रेसुङ्गा' महाकाव्यमा करुण रसको परिपालन कुनै कुनै ठाउँमा भेट्टाउन सकिन्छ ।

करूण रसको प्रयोग तेह्रौ सर्गको ५२-५५ श्लोकमा भएको छ । द्वन्द्व, हिंसा, आतङ्क आदिले आक्रान्त अहिलेका समाजमा मानिसले कसरी मर्नु परिरहेको छ ? भन्ने यथार्थ यसरी व्यक्त छ :

के काल आयो अनिकाल आयो मान्छे स्वयंले मनुजै रुवायो
कु काल हो वा अथवा खराब परम्परामा सतीकै सराप ! (१३/५२)

मानिसले मानिसलाई रुवाउने अहिलेको खराब समयलाई कविले वृत्त्यानुप्रास अलङ्कारको शब्द संयोजनबाट व्यक्त गरेका छन् ।

मानिसले पानी पनि भन्न नपाइकन मर्नु परेको अहिलेको समयको अयथार्थ भित्रको यथार्थलाई कवि यसरी भन्छन :

नपाइ पानीकिन मर्नु पर्छ पिएर आँशू किन बाँच्नुपर्छ
खराव हो काल कराल रूप बुभ्दैन कोही 'गुढ' मूल रूपा । (१३/५४)

प्रस्तुत पङ्क्तिमा 'काल' लाई मृत्यु र समयका रूपमा लिइएको छ त्यसैले श्लोष अलङ्कारको प्रयोगले पङ्क्ति मीठो बन्न गएको छ ।

**अद्‌भुत रस**

विस्मय स्थायी भाव हुने रसलाई अद्‌भुत रस भनिन्छ । यस 'रेसुङ्गा' महाकाव्यमा अद्‌भुत रसलाई यदाकदा प्रयोग गरिएको छ । रेसुङ्गा गिरिका तपस्वी लक्ष्मीनारायण ब्रह्मशक्ति सम्पन्न थिए भन्ने कुरा बुझाउँदा प्रयुक्त श्लोक यस्तो छ :

स्वामीजिले उसवखत रुखमै चढेर
हल्लाई खर्सु त्यसमाथि गएर फेर
सुन्कै असर्फि बरबर भुइँमै खसाए
लैजाउ जंग तिमि नै अनि भन्न लागे । (५/१५)

स्वामी यदुकानन्दका समयमा रेसुङ्गा गिरिमा भएको कार्यलाई कवि यसरी व्यक्त गर्दछन्:

हजार पाँच तोलाको भव्य सिंहासनै बन्यो
सर्पाकार फणायुक्त दिव्य गादी तयार भो । (६/३०)

अर्जुनको लेकमा राज गर्ने कामुक राजाले नवविवाहित स्त्रीको सतित्व हरण गर्दा ती स्त्री सती गइन् र उनको श्रापले कुवाको जल नै सुकेको थियो भन्ने प्रसङ्गलाई यसरी देखाइएको छ :

धिक्कारदै लम्पट भूपलाई ती निद्य कर्मैहरू धेरलाई
त्यागिन् सतीले अपवित्र देह सुक्यो कुवाको जल स्वच्छ धेर । (८/२०)

पतिब्रतमा बस्न नसके नारीहरू सती जान्थे भन्ने सतीप्रथाको झलकलाई यस माथिको श्लोकले प्रस्ट पारेको छ ।

राणा प्र.म. जंगबहादुर राणाले रेसुङ्गामा तपस्वी लक्ष्मीनारायणको अग्नि परीक्षा लिन छद्म रूप धारण गरेर जाँदाको प्रसङ्ग यस्तो छ :

भाङ्ग्रो भिरीकन मलिन छ जीर्ण वस्त्र
हातैमहा दुध भरीकन पूर्णपात्र
त्यो छद्म भेष गरि जंग पुगेर ताहाँ
बुझ्दा भए प्रभुजिको सव शक्ति वहाँ । (५/११)

**भयानक रस**

भय स्थायी भाव हुने रसलाई भयानक रस भनिन्छ । यस काव्यमा केही श्लोकहरू भयानक रसका छन् । रेसुङ्गा गिरिका परिसरमा स्वच्छन्द भई हिँड्ने जङ्गली जनावरहरू सिंह र भालुको चाललाई वर्णन गर्दै कवि भन्छन् :

सिंह

वनै भरीमा सब राज चल्छ 'हुङ्क्रुङ' गरी द्वन्द्वभि सिंह गर्ज
सुनेर त्यो गर्ज समस्त भाग्छन 'जंगेसरी शासन नित्य गर्छन् । (११/४६)

यस श्लोकमा सिंहको शासनलाई जंगे (राणा प्र.म.) को शासनसँग दाँजी उपमा अलङ्कारको प्रयोग समेत गरिएको छ । साथमा भालुको वर्णन यसरी गरिएको छ :

भालु

भालू लटा चट्ट फिँजेर झट्ट भ्रमण गरीरहन्छ अहा बिछट्ट
झुप्लुङ्ग गर्दै अनि झाँक फेरी अहार खोजी सबतर्फ हेरी । (११/५५)

यस श्लोकमा भालुको डरलाग्दो चित्रण गरिएको छ । वृत्त्यानुप्रास शब्द अलङ्कारले काव्य रसिलो बनेको छ ।

यसरी यस काव्यमा शान्त रस अङ्गी रूपमा छ भने अन्य रसहरू अङ्ग रस बनेर उपस्थित भएका छन् ।

## ६.८ अन्य तत्त्वहरू

महाकाव्यका निम्ति कथानक, चरित्रचित्रण, उद्देश्य, भाषाशैली, देशकाल परिवेश र रसका साथमा अन्य तत्त्वहरूलाई पनि स्वीकार गरिएको छ । यहाँ 'रेसुङ्गा' महाकाव्यमा प्रयोग भएका अन्य केही तत्त्वहरूको अध्ययन गरिएको छ :

### ६.८.१ अलङ्कार

काव्यका सन्दर्भमा यस 'अलङ्कार' शब्दको तात्पर्य काव्यको गहना वा आभूषण हो । काव्यको गहना भन्नाले काव्यको सौन्दर्य र त्यस सौन्दर्यको कारक (उपमादि आलङ्कार) लाई पनि जनाउँछ ।[८६] भनी अलङ्कारलाई काव्यको शोभा बढाउने तत्त्वका रूपमा लिइएको छ ।

[८६] मोहनराज शर्मा, खगेन्द्र प्रसाद लुईटेल, **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त,** ते.सं. काठमाडौं, (विद्यार्थी पुस्तक भण्डार २०६७) पृ. ५८ ।

काव्यमा शब्दका तहमा देखिने अलङ्कार शब्दालङ्कार हो भने अर्थका तहमा प्रयोग हुने अलङ्कार अर्थालङ्कार हो ।

'रेसुङ्गा' महाकाव्यमा प्रयोग भएका अलङ्कारलाई सामान्य रूपमा यसरी अध्ययन गरिएको छ :

**६.८.१.१ शब्दालङ्कार**

शब्दका तहमा विचित्रता देखिएमा शब्दालङ्कार हुन्छ । यसका केही प्रयोग र उदाहरणहरूलाई यसरी अध्ययन गरिन्छ :

**क) अनुप्रास अलङ्कार**

उही क्रममा व्यञ्जन वर्णको पुनरावृत्तिलाई अनुप्रास अलङ्कार भनिन्छ ।[८७] 'रेसुङ्गा' महाकाव्यमा प्रयुक्त केही अनुप्रास अलङ्कारहरू :

**छेकानुप्रास :**

उही क्रममा व्यञ्जन वर्णको पुनरावृत्तिलाई छेकानुप्रास भनिन्छ ।[८८]

जस्तै,

सरोवरैमा त सरोज फुल्छ, सरोवरैबाट अलग रहन्छ
धर्ती सरोवर अनि पद्म ब्रह्म, आत्मा-परात्मा सबभिन्नतामा । (३/५५)

यहाँ,

पद्म
ब्रह्म } ध्, म् व्यञ्जनको एक पुनरावृत्ति भएकोले छेकानुप्रास छ ।

अर्को प्रयोग यस्तो छ :

निकुञ्जमा कुञ्जहरू बनाई

---

[८७] ऐजन पृ. ६२ ।

[८८] ऐजन ।

त्यै ब्रह्मको सार सदा पुऱ्याई । (१२/५६)

यहाँ,

निकुञ्ज<br>कुञ्ज } ञ्, ज् व्यञ्जनको एक पुनरावृत्तिले छेकानुप्रास भएको छ ।

त्यस्तै,

हुन्छन दास-उदास प्रेम वनिताको प्रेम पाशै परि
हुन्छन राग-विराग निष्ठुर कुनै कुनै घायल ठूलो परि । (१४/१७)

यहाँ पनि

दास<br>उदास } द्, स् व्यञ्जनको एक पुनरावृत्ति छ र

राग<br>विराग } र्, ग् व्यञ्जनको एक पुनरावृति छ ।

**वृत्त्यानुप्रास**

उही क्रममा एक वा अनेक व्यञ्जनहरूको पटक पटक पुनरावृत्तिलाई वृत्त्यानुप्रास भनिन्छ ।[८९] जस्तै :

को कृष्ण-को-को किल-कूज क्रीत ।
सराग सारेगम रागप्रीत । (५/६२)

यहाँ प्रत्येक शब्दको शुरुमा 'क' आवृत्ति भएकोले वृत्त्यानुप्रास अलङ्कारको धर्म पूरा भएको छ ।

**अन्त्यानुप्रास**

प्रत्येक हरफको अन्त्यमा गरिने समान वर्णको पुनरावृत्तिलाई अन्त्यानुप्रास भनिन्छ ।[९०]

---

[८९] ऐजन पृ. ६३ ।

'रेसुङ्गा' महाकाव्यमा अन्त्यानुप्रास अलङ्कारलाई अधिकाधिक प्रयोग गरिएको छ । केही उदाहरणहरू :

झिलीमिली सुदर सृष्टि जाल
सङ्गै रसैमा सब बित्छ काल
संसार माया दुःख विर्सी जान्छ
अमूल्य यो जीवन फेरी खान्छ । (३/१६)

लक्ष्मीनारायण स्वामी ब्रह्मयोगी उपासक
कर्मयोगी महाज्ञानी वृद्धयोगी विशेषक । (५/१०४)

यहाँ, जाल, काल, जान्छ-खान्छ, उपासक-विशेषक अत्यानुप्रास अलङ्कारका रूपमा देखिएका छन् ।

**ख) यमक**

उहीं भिन्न अर्थ भएका स्वर र व्यञ्जनको पुनरावृत्तिलाई यमक भनिन्छ ।

जस्तै :

हुन्छन् दास-उदास प्रेम वनिताको प्रेम पाशै परि
हुन्छन् राग-विराग निष्ठुर कुनै आघात ठूलो परि । (१४/१७)

यहाँ

दास } नोकर
उदास } विरक्त

राग } रस
विराग } वैराग

यी प्रत्येक शब्दमा वर्णको उही क्रममा पुनरावृत्ति भएको छ ।

[९०] ऐजन पृ. ६४ ।

### ग) श्लेष अलङ्कार

एक शब्दले अनेक अर्थ दिन्छ भने श्लेष अलङ्कार हुन्छ ।[९१]

जस्तै :

नाचेर गाई वनमै रमाई
श्रृङ्गेश्वरैको जयाकार गराई । (७/३६)

यहाँ-'नाचेर गाई' पदावलीलाई गाई नाचेर (जनावर विशेष) र नाचेर र गाएर (रमाइलो अर्थ) का रूपमा देखाइएको छ :

त्यस्तै :

खराव हो काल कराल रूप
बुभ्दैन कोही 'गुढ' मूल रूप (१३/५४)

यहाँ 'काल कराल' को अर्थ – समय खराव हो र मृत्युको रूप कालो हुन्छ भन्ने हुन आउँछ ।

यसरी श्लेष अलङ्कारको सफल प्रयोग काव्यमा पाइन्छ ।

### ६.८.१.२ अर्थालङ्कार

अर्थमा चमत्कार हुने अलङ्कारलाई अर्थालङ्का भनिन्छ ।[९२] 'रेसुङ्गा' महाकाव्यमा प्रयोग भएका केही अर्थालङ्कारहरू यस प्रकार छन् :

### दृष्टान्त

प्रस्तुत अप्रस्तुतको सम्भावना भएमा त्यसलाई दृष्टान्त अलङ्कार भनिन्छ ।

जस्तै :

असर्फी स्वर्ण चाँदी छन् धातु छन् पञ्च रत्न ती
वस्त्रालङ्कारले पूर्ण कुवेर राजधानी कि ?

---

[९१] ऐजन पृ. ६५ ।

[९२] ऐजन पृ. ६९ ।

यहाँ,

प्रस्तुत-सुन, चाँदी, रत्न, वस्त्रको शोभालाई अप्रस्तुत-कुवेरको राजधानी जस्तै भनी दृष्टान्त अलङ्कार प्रयोग भएको छ ।

**उपमा**

दुई व्यक्ति वा वस्तुको तुल्यता वा सादृश्यतालाई उपमा अलङ्कार भनिन्छ ।[९३]

जस्तै,

क्रिडा स्थलै रम्य अपूर्व रूप
श्रृङ्गी ऋषि धाम तपस्वरूप
आभा उज्यालो सुरलोक झैं छ
ज्वाजल्य ज्योती मणि द्वीप झैं छ । (१२/१)

**यस श्लोकमा -**

उपमेय-ऋषिधाम
उपमान-सुरलोक, मणिद्वीप
धर्म - हुनु
वाचक शब्द - झैं भएर उपमा अलङ्कार बनेको छ ।

**समासोक्ति**

विशेषणको प्रयोगद्वारा प्रस्तुतमा अप्रस्तुतका व्यवहारको आरोप हुने अलङ्कारलाई समासोक्ति अलङ्कार भनिन्छ ।[९४]

जस्तै,

छ कर्कशा वाणि स्वरूप कालो
सौन्दर्यमा छैन कतै उज्यालो । (१२/३०)

---

[९३] ऐजन ।

[९४] ऐजन ।

यहाँ विशेषण कर्कशा र कालोले प्रस्तुत वाणि र स्वरूपका माध्यमबाट अप्रस्तुत खराब चालवाजी भएका आजका मानिसको स्वभावलाई देखाइएको छ ।

**उत्प्रेक्षा**

प्रस्तुत अप्रस्तुतको सम्भावना देखाइएमा उत्प्रेक्षा अलङ्कार हुन्छ ।[९५]

जस्तै,

झङ्कार गर्छन् भ्रमरा तमाम
नन्दन् बनैको रमिता समान । (५/५९)

यहाँ,

प्रस्तुत-भ्रमर झङ्कारलाई अप्रस्तुत-नन्दन बनको रमितासँग सादृष्य गरिएकोले उत्प्रेक्षा अलङ्कार भएको छ । यसरी रेसुङ्गा महाकाव्यमा अलङ्कारको प्रयोग राम्रोसँग भएको पाइन्छ ।

## ६.८.२ छन्द विधान

छन्द विधानलाई पनि काव्यमा अनिवार्य तत्त्वका रूपमा लिइएको छ । महाकाव्य हुनको लागि छन्दोबद्ध पद्य रचाहरू हुनु आवश्यक छ ।

'रेसुङ्गा' महाकाव्यमा जम्मा सात किसिमका छन्दहरूको प्रयोग गरिएको छ । उपजाति छन्दको प्रयोग विशेष छ जसका जम्मा ११६९ श्लोक मध्ये ६३८ श्लोक रहेका छन् । त्यसपछि अनुष्टुप् छन्दले स्थान पाएको छ । यसका ३८१ श्लोक छन् । त्यस्तै शार्दूलविक्रीडितका ११३, वसन्ततिलका २०, शिखरिणीका १०, मन्दाक्रान्ताका ६ र मालिनी छन्दका जम्मा १ श्लोकहरू छन् । 'रेसुङ्गा' महाकाव्यमा प्रयोग भएका छन्दहरूलाई सर्गअनुसार तालिकीकरण गरी यसरी देखाइन्छः

[९५] ऐजन ।

रेसुङ्गा महाकाव्यमा प्रयोग भएका छन्दहरूको सर्गानुसारको विवरण

| छन्द / सर्ग | उपजाति | अनुष्टुप् | शार्दूलविक्रीडित | वसन्त तिलका | शिखरिणी | मन्दाक्रान्ता | मालिनी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | ४८ | १२ | ६ | - | - | - | - | ६६ |
| द्वितीय | २१ | ६ | २२ | ३ | - | २ | - | ५४ |
| तृतीय | ६२ | ६ | ५ | - | - | - | - | ७३ |
| चतुर्थ | ५८ | - | ४ | - | १० | - | - | ७२ |
| षञ्चम् | ८५ | ९ | ५ | १७ | - | - | - | ११६ |
| षष्ठ | - | ८९ | १ | - | - | - | - | ९० |
| सप्तम् | ९९ | २ | - | - | - | - | - | १०१ |
| अष्टम् | २९ | ८२ | - | - | - | - | - | १११ |
| नवम् | ४७ | ४ | १६ | - | - | - | - | ६७ |
| दशम् | ४३ | १२० | ९ | - | - | - | १ | १७३ |
| एकादश | ६० | १ | - | - | - | - | - | ६१ |
| द्वादश | ५१ | - | ३ | - | - | ४ | - | ५८ |
| त्रयोदश | २९ | ७ | २६ | - | - | - | - | ६२ |
| चतुर्दश | ६ | ४३ | १६ | - | - | - | - | ६५ |
| जम्मा | **६३८** | **३८१** | **११३** | २० | **१०** | ६ | १ | **११६९** |

यस तालिकाले छन्दप्रयोगको स्पष्टता देखाएको छ ।

## ६.९ निष्कर्ष

कुनै काव्य वा कृतिलाई अध्ययन गर्नु भनेको पढ्नु र भावमात्र खिच्नु भन्ने मात्र हुँदैन । त्यसका गहिराइसम्म पुगेर अङ्ग र अवयवहरूको बारेमा विश्लेषण र चिरफार गर्नु नै वास्तवमा अध्ययन हो ।

महाकाव्यका सन्दर्भमा पूर्वीय र पाश्चात्यमा विभिन्न मान्यताहरू अघि सारिएका छन् । महाकाव्यको तत्त्वहरूका आधारमा अध्ययन गर्नु भनेको कथानक, उद्देश्य, देशकाल परिवेश, भाषाशैली, चरित्रचित्रण, रस, छन्द, अलङ्कार, गुण रीति, दोष प्रयोग आदि धेरै तत्त्वका आधारमा महाकाव्यलाई अध्ययन गर्नु हो ।

कवि लक्ष्मणप्रसाद रिजालको 'रेसुङ्गा' महाकाव्यलाई यस छैठौँ अध्यायअन्तर्गत महाकाव्यका तत्त्वहरू - कथानक, चरित्रचित्रण, भाषाशैली, उद्देश्य, देशकाल परिवेश, रस, छन्द, अलङ्कार आदिको आधारमा अध्ययन गरिएको छ ।

यी बाहेकका अन्य तत्त्वहरूमा मुख्य गरी गुण र रीति हुन् । 'रेसुङ्गा' महाकाव्य शालीन र शान्त गिरि रेसुङ्गा पर्वतको प्राकृतिक सौन्दर्य, ऋषिमूनिहरूको तपस्या, जीवन र जगत्को तत्त्वज्ञान, आत्मा, परात्मा आदिको वर्णन गरिएको काव्य भएकोले यसमा शान्त रस मूल रूपमा प्रवाहित छ । शान्त रसको सम्बन्ध माधुर्य गुणसँग हुने र माधुर्य गुणको सम्बन्ध वैदर्भी रीतिसँग हुने हुनाले यस काव्यमा माधुर्य गुण र वैदर्भी रीति बढी मात्रमा प्रयोग भएको छ ।

क्षीण कथानक, आख्यान ज्यादा, प्राकृतिक स्तम्भ (पर्वत)नायक, स्थिर पात्र, विवरणात्मक र व्याख्यात्मक शैली, आलाङ्कारिक भाषा, शान्त अङ्गी रस, छन्दोबद्ध, माधुर्य गुण र वैदर्भी रीति आदि यस काव्यमा प्रयोग भएको छ ।

# अध्याय-सात

# 'रेसुङ्गा' महाकाव्यको मूल्याङ्कन

## ७.१ परिचय

महाकाव्य साहित्यकै जेठो विधा हो । पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तमा महाकाव्यका निम्ति आवश्यक पर्ने तत्त्वहरूका सम्बन्धमा मान्यताहरू स्थापित भएका छन् । कुनै पनि कृतिलाई मूल्याङ्कन गर्नु भनेको उक्त कृति मान्यतामा पर्न सकेको छ कि छैन भनी पहिचान गर्नु हो ।

कवि लक्ष्मणप्रसाद रिजालद्वारा रचित रेसुङ्गा महाकाव्यको परिचय र अध्ययन अघिल्यै अध्यायमा गरिसकिएको छ । यस अध्यायअन्तर्गत रेसुङ्गा महाकाव्यलाई काव्यिक तत्त्वका आधारमा मूल्याङ्कन गरिनुको साथै यस काव्यमा प्रयोग भएको वाद, दर्शन, प्रयोग आदिका आधारमा पनि सामान्य मूल्याङ्कन गरिएको छ । हुनत कविको दीर्घ साधनाबाट रचित कृतिलाई कुनै वाद सिद्धान्त र विचारहरूमा सीमित राख्न खोज्नु भनेको उनको प्रतिभाको जाँच गर्नु जस्तो देखिन्छ । प्रचलित मान्यताकै कसीमा मात्र उनको यो काव्यलाई तौलन खोज्नु अन्याय गर्नु जस्तै हो भन्ने लाग्दा लाग्दै पनि यस महाकाव्यलाई महाकाव्यको तत्त्वहरूबाट हेरी मूल्याङ्कनमा पुग्ने प्रयास गरिएको छ । मूल्याङ्कनका क्रममा महाकाव्यका निम्न पक्षहरूको अध्ययनलाई आधार लिइएको छ :

## ७.२ महाकाव्यका तत्त्वका आधारमा

७.२.१ कथानक

७.२.२ चरित्र चित्रण

७.२.३ देशकाल परिवेश

७.२.४ उद्देश्य

७.२.५ भाषाशैली

७.२.६ रस विधान

७.२.७ अलङ्कार विधान

७.२.८ छन्द विधान

७.२.९ संरचना

### ७.२.१ कथानक

'रेसुङ्गा' महाकाव्यको कथानक अति क्षीण छ । पूर्वीय मान्यताअनुसारको नाटकीय पञ्चसन्धिको पालना यहाँ गरिएको छैन । यस काव्यका चौध सर्गमा पृथक पृथक विषयहरू प्रस्तुत गरिएका छन् । सुरुका तीन सर्गमा वैदिक वाङ्मयमा वर्णित वैदिक धर्मीहरूको मान्यता अन्तर्गतका सर्गवाद, अध्यात्मवाद, र जीवन जगत सम्बन्धी विषयहरूका साथ ऋष्य श्रृङ्ग मूनिको नामबाट रेसुङ्गा भन्ने नाम रहन गएको हो भन्ने वर्णनका सन्दर्भमा ऋष्यश्रृङ्गको परिचय, महिमा जस्ता जनश्रुतिमूलक प्रागऐतिहासिक विषयहरू काव्यात्मक बनेर प्रस्तुत छन् । चतुर्थ, पञ्चम् र षष्ठ सर्गमा क्रमशः शशिधर, लक्ष्मीनारायण र यदुकानन्दको तपसाधनाको वर्णन छ । यी तीनै जना अर्वाचीन तपस्वीहरू हुन् । यहाँ यिनीहरूको ज्ञान योग, कर्मयोग र तपःसाधना काव्यात्मक बनी वर्णित छ । सातौं सर्गदेखि चौधौं सर्गसम्ममा पं. नारायणप्रसाद पोखरेलको प्रवाचकत्त्वमा सम्पन्न तम्घासको महायज्ञ, तम्घासको परिचय र वर्णन, रेसुङ्गाको वर्तमान अवस्था, रेसुङ्गाका नामबाट प्रचलित शिक्षणसंस्था, उद्योगधन्दा, व्यापार व्यवसाय आदिको विस्तृत विवरण[९६] प्रस्तुत गरिएको छ भनी रेसुङ्गा महाकाव्यको शुभाकाङ्क्षामा उल्लेख गरिएको विषयवस्तु नै यस महाकाव्यको कथानक हो ।

रेसुङ्गा गिरिसँग संबद्ध विषयमा हिजोदेखि आजसम्म जे जति कार्यहरू भए त्यसको काव्यात्मक वर्णन नै यस काव्यको कथानक हो ।

कथानकको चयन, अन्वितित्रयको पालना, कथानकको विकास यसका चुनौतीपूर्ण पक्ष अनुभव हुन्छन्[९७] भनी यसै काव्यको भूमिकामा भनिएकोले पनि कथानक क्षीण छ भन्न सकिन्छ ।

---

[९६] टीकाराम पन्थी, पूर्ववत् ।

[९७] रमाकान्त पौडेल, पूर्ववत् ।

### ७.२.२ चरित्र चित्रण

वास्तवमा आख्यानलाई पक्रने साहित्यिक विधामा कथानकलाई विस्तार गर्ने गतिशील पात्र नै चरित्र हो । त्यही गतिशील पात्रको विशेषताहरू औंल्याएनु नै चरित्र चित्रण हो । कथानक नै क्षीण भएको यस रेसुङ्गा महाकाव्यमा पात्र वा चरित्र पनि गतिशील नभई स्थिर छ ।

वास्तवमा भन्नुपर्दा रेसुङ्गा गिरि (प्राकृतिक स्तम्भ) लाई नायकको रूपमा उभ्याई यस गिरिसँग संबद्ध विषयवस्तुलाई विवरणात्मक र व्याख्यात्मक शैलीमा प्रस्तुत गरिएकोले कवि आफैं एकमात्र गतिशील पात्र हुन् । उनकै लेखनीबाट सबै कुरा स्पष्ट खुल्न गएको छ । रेसुङ्गा गिरिको वर्णन सुरुदेखि अन्त्यसम्म गरिएकोले यसलाई नायकको रूपमा उभ्याउन सकिन्छ ।

पूर्वीय र पाश्चात्य महाकाव्य सिद्धान्तले महाकाव्यको नायक-भव्य, शान्त, वीर, उदात्त गुणले युक्त हुनुपर्छ भने जस्तै यस काव्यको नायक वाच्यार्थ नभई लक्ष्यार्थमा हेर्नु पर्दा महान् नै छ । यसले धेरै तपस्वीहरूलाई ज्ञानामृत दिएको छ । धेरै जीवजन्तु र पशुपंक्षीलाई आश्रय दिएको छ । पानीका मुल फुटाएर सबै मानिस र प्राणीहरूलाई पालेको छ । मृत सञ्जीवनी जडीबुटीहरू उमारेको छ । त्यसैले नायक महान् नै छ तर महाकाव्यमा गतिशील पात्रको संवाद, द्वन्द्व आदि देखाई सत् पात्रको प्रसंशा र असत्को निन्दा गरिनु पर्ने जस्ता विषयमा काव्य कमजोर देखिन्छ ।

### ७.२.३ देशकाल परिवेश

महाकाव्यमा देशकाल परिवेश भन्नाले यसको कथानकले ओगटेको ठाउँ, समय र वातावरण भन्ने बुझिन्छ । साहित्य सिद्धान्तमा महाकाव्यको देशकाल र परिवेशका सन्दर्भमा 'ऐतिहासिक, पौराणिक र कविकाल्पनिक विषयमा जीवन र जगत्का विविध युग, संस्कृति र वातावरणलाई समेट्न सक्ने'[९८] भनी सिङ्गै युगको अपेक्षा गरिएको छ । अझ पाश्चात्य मान्यतामा त स्वर्गदेखि धरतीसम्मको परिवेशको वर्णनको अपेक्षा गरिएको छ ।

रेसुङ्गा महाकाव्यको देशकाल परिवेश भनेको– नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने लुम्बिनी अञ्चलको एक पहाडी जिल्ला गुल्मीको दोस्रो अग्लो पर्वत रेसुङ्गा र यस आसपासको क्षेत्र हो । यस पर्वतको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, जैविक, प्राकृतिक,

[९८] बूनु लामिछाने, पूर्ववत् पृ. २५ ।

आयुर्वेदिक महत्त्व प्राचीनकालदेखि नै रही आएकोले प्राचीनकालमा विभाण्डकाख्य ऋषिका पुत्र ऋष्य श्रृङ्गीले तपस्या गरेदेखि अर्वाचीन तपस्वीहरू शशिधर, लक्ष्मीनाराण, यदुकानन्द आदिले यहीँ तपः साधना गर्दै आएर वि.सं. २०६० मा पं. नारायणप्रसाद पोखरेलले यसको संरक्षण र संबर्द्धनका लागि सम्पन्न गराएको श्रीमद्भागवत महायज्ञसम्मको समयको वर्णन छ ।

वास्तवमा धरती नै स्वर्ग र स्वर्ग नै धरती भएकोले स्वर्गीय आनन्दले युक्त रेसुङ्गा गिरिको वर्णन लक्ष्यार्थ भएर देखिएको छ । यस काव्यले युगलाई समेट्न सके पनि व्यापक परिवेशलाई भने समेट्न सकेको छैन ।

### ७.२.४ उद्देश्य

रेसुङ्गा महाकाव्य रचना गरिनुको मुख्य उद्देश्य नै धर्म प्राप्तिका रूपमा देखिएको छ । कवि ब्रह्ममा लीन छन् । पूर्वीय वेदान्त दर्शन र साङ्ख्य दर्शनको सारकुरालाई जगत्मा फैलाई अहिलेका पथ भ्रष्ट मानिसलाई जीवन र जगत्को रहस्यका बारेमा बुझाउने कविको ध्येय रहेको छ । उनी मङ्गलाचरणमै यसरी देखिएका छन् :

सगार्ध सृष्टि लयदेवी रूपा  
ज्योतिर्मयब्रह्म उनै स्वरुप  
अज्ञान सार गर अन्त्य मात  
यो भक्तलाई गरिद्यौ कृतार्थ । (१/१)

यो सृष्टि भनेको ब्रह्मको सृष्टि हो, देवीदेवता नै यसका कारक हुन्, म मानव अज्ञानी भएकोले ज्ञान दिई कृतार्थ परिदेऊ भन्दै कवि देवीका चरणमा भक्ति गर्दछन् । यस काव्यको वर्ण्य वस्तु पनि अध्यात्मको चिन्तन नै भएकोले कविको उद्देश्य धर्म प्राप्ति हो भन्न सकिन्छ । यही विषयलाई कवि यसरी भन्छन् :

अध्यात्म चिन्तनै मात्र यसको वर्ण्य वस्तु छ  
जीवनी विविधपक्ष ऐले पनि अलुक छ । (१४/४२)

अध्यात्म विषय मात्रै यसको वर्ण्य वस्तु हो  
आत्मवाद यही ज्ञान कविको त्यो अभिष्ट हो । (१४/४७)

प्रयास पहिलो भैगो 'महाकाव्य' प्रकाशन
श्रृङ्गीको तपतीर्थैको ख्याती ठूलो गराउन । (१४/६३)

अध्यात्मकको वर्णन गरी मोक्ष प्राप्ति गर्नु महाकाव्य रचिनुको अभिष्टका रूपमा रहेको छ भन्दै कवि थप उद्देश्यलाई रेसुङ्गा महाकाव्यको पश्चआवरण पृष्ठमा 'परिचय' शीर्षकको कवितामा यसो भन्दछन् :

आत्मज लक्ष्मणबाट काव्य रचियो यै वंशको कीरती
पूर्खा सन्त ऋषि-महर्षिहरूको तीर्थीय त्यै पीरती
स्वामी शशिजी र लक्ष्मी, यदुका नन्दः जिको कर्म त्यो
रेसुङ्गा गिरिको तपस्थल अहा ! महात्म्य श्रृङ्गीजिको ।

आफ्नै वंश परम्परा कुलमणी-आलोक चम्काउन
साधू सन्त परम्परा तपसिको प्रकाश फैलाउन
योगाभ्यास कठोर साधनकला वेदान्तकै चिन्तन
यस्तै दीर्घ परम्परा तपसिको अध्यात्मकै मन्थन ।

गीता दर्शन योग शास्त्र तपको अध्यात्मको सार जो
ब्रह्म-सत्य, असत्य वस्तु भवको वेदान्त आधार त्यो
साख्यः योगकला जगत् हितभला त्यै ब्रह्मको चिन्तन
यस्तै तत्त्व झिकेर काव्य रचियो ॐ सत्यको मन्थन ।[९९]

यसरी काव्यको रचना गरी रेसुङ्गा गिरिको महात्म्य फैलाउँदै आफ्नै वंशका तपस्वीहरूको महिमा गान गाएर मोक्ष प्राप्तिलाई उद्देश्यका रूपमा लिइएको छ । पूर्वीय साहित्य सिद्धान्तअनुसार महाकाव्य रचना गरिनुको उद्देश्य पूरा भएको छ ।

### ७.२.५ भाषाशैली

महाकाव्यका निम्ति कस्तो भाषाशैली हुनुपर्छ भन्ने विषयको अध्ययन अघिल्यै अध्यायमा गरिसकिएको छ । महाकाव्यले अपेक्षा गरेको - विभिन्न रस, छन्द र अलङ्कार आदिको मूल्याङ्कन पछि रसविधान, छन्दविधान, अलङ्कार विधान उपशीर्षक अन्तर्गत गरिएको छ । यस उपशीर्षक

[९९] लक्ष्मणप्रसाद रिजाल, पूर्ववत् पश्च आवरण पृष्ठ ।

अन्तर्गत रेसुङ्गा महाकाव्यमा प्रयोग भएका तत्सम, तद्भव, आगन्तुक आदि शब्दहरूको प्रयोगलाई हेरिएको छ । केही शब्दहरू र तिनको स्रोत :

- यस महाकाव्यमा तत्सम शब्दहरूको अधिक प्रयोग गरिएको छ । परिष्कारवादी काव्य शैलीलाई अवलम्बन गरिएकोले शब्दहरू क्लीष्ट छन् र भाषा पनि ।

**केही तत्सम शब्दहरू :**

देह, जीर्ण, ब्रह्म, वस्त्र, जीव, स्वप्ना, कीर्ति, प्रासादा, चिडिया, भू, ज्योति, दीप, शैला आदि

यस काव्यमा ५० देखि ६० प्रतिशत जति शब्दहरू तत्सम देखिन्छन् ।

**तद्भव शब्दहरू -** यस काव्यमा रहेका केही तत्भव शब्दहरू यस प्रकार छन् :

आमा, घर, सल्लेरी, मान्छे, बाटो, रोग, शरीर, आदि । यस काव्यमा ३० देखि ४० प्रतिशतसम्म शब्दहरू तद्भव देखिन्छन् ।

**आगन्तुक शब्दहरू** - यस काव्यमा अङ्ग्रेजी, हिन्दी, उर्दू, फारसी जस्ता भाषाहरूबाट केही शब्दहरू ल्याइएको छ :

**अंग्रेजीबाट -** फेसन, ट्युसन, स्कूल, टाइ, सुट, फिस, ड्रेस, फर्निचर, फोटो, स्टुडियो, कल्व, टेक्निकल आदि

हिन्दीबाट - कमाल, घायल आदि

चिनियाबाट - चमेना

फारसीबाट - कानुन, मुद्धा

उर्दूबाट - कुर्वानी

यहाँ आगन्तुक शब्दहरू २/३ प्रतिशत जति रहेको पाइन्छ । यस काव्यको भाषाशैली बढी आख्यानीकरण गरिएकोले विवरणात्मक छ । तत्सम शब्दको बाहुल्यताले गर्दा काव्य केही जटिल बन्न पुगेको छ । यसका अतिरिक्त भाषामा संस्कृत छन्दशास्त्रीय मर्यादालाई पालना गरिएको छ । छन्दलयात्मक ढाँचालाई नखल्वल्याउन व्याकरण-कोशबाट अस्वीकृत तर

काव्यशास्त्रीय मर्यादा अनुकूल भाषिक प्रयोग यत्र तत्र पाइन्छ[१००] भनी देखाइएकोले व्याकरण कोशबाट अस्वीकृत शब्द लिएरै भए पनि भाषा लयात्मक बनाउन खोजिएको छ ।

### ७.२.६ रस विधान

महाकाव्यमा रसलाई अनिवार्य तत्त्वका रूपमा लिइएकोले यस रेसुङ्गा महाकाव्यमा प्रयुक्त रसका बरोमा अघिल्यै अध्यायमा अध्ययन भइसकेको छ ।

रेसुङ्गा महाकाव्यमा– काव्यको पूर्वीय सिद्धान्तले वीर, शृङ्गार र शान्तमध्ये कुनै एउटा रस अङ्गी रसका रूपमा रहनुपर्छ भनी अपेक्षा गरे जस्तै शान्त रस अङ्गीरूपमा रहेको छ । साधु, सन्त, ऋषि, तपस्वी, शैल, वोटवृक्ष, चराचर ईश्वरीय सत्ता, आत्मा र तत्त्वज्ञानको वर्णन जस्ता विषयलाई काव्यले आद्योपान्त समेटेकोले शान्त रस अङ्गी रूपमा देखिएको छ ।

काव्यमा 'एक रसको प्रतीति भए पनि यदाकदा अनेक रसको अभिव्यक्ति पाइन्छ'[१०१] भनी यसै काव्यको भूमिकामा उल्लेख गरिएको छ । अन्य रसका केही उदाहरणहरूलाई यसरी देखाइन्छ :

**शृङ्गार–** चुमेर पुष्पाकलिहारलाई,
पराग ओष्ठाम्मृतले भिजाई ।
अलीगणै फेर कति प्रमत्त
संयोगमा मग्न सरी विछट्ट ॥ (५/५५)

**करुण–** पानी पनि भन्न नपाइ मर्ने
आमा पनि भन्न नपाइ मर्ने ! (१३/५३)

**अद्भुत–** हीरै हिराको दरवारभित्र
स्फटीकले निर्मित भित्ति चित्र । (१२/२१)

**भयानक–** भालू लटा चट्ट फिँजेर झट्ट ।
भ्रमण् गरीरन्छ अहा विछट्ट ।
झुप्लुङ्ग गर्दै अनि झाँक फेरी

---

[१००] रमाकान्त पौडेल, पूर्ववत् ।

[१०१] ऐजन ।

आहारा खोजी सबतर्फ हेरी ॥ (११/५५)

यसरी यस महाकाव्यमा सवै रस प्रयोगमा आउन नसके पनि रस विधानका दृष्टिले महाकाव्यको कसीमा सफल रहेको छ ।

### ७.२.७ अलङ्कार विधान

अलङ्कार काव्यको गहना हो । आभूषणहरूले मानव शरीरलाई सिङ्गारे जस्तै अलङ्कारले काव्यलाई सिङ्गार्ने काम गर्छ । महाकाव्यका निम्ति आलङ्कारिक भाषा शैलीको प्रयोग हुनुपर्छ भनी पूर्वीयमा यसलाई अनिवार्य तत्त्वका रूपमा अपेक्षा गरिएको छ ।

रेसुङ्गा महाकाव्यमा - 'अलङ्कारका विविध प्रयोग भएका छन्'[१०२] भनी रेसुङ्गा महाकाव्यको भूमिका मै उल्लेख गरिएको छ । यस काव्यकृतिमा शब्दालङ्कारको प्रमुख अनुप्रास सर्वत्र चमत्कारपूर्ण बनेको छ । उपमा आदि अर्थालङ्कारहरूको प्रयोग कतै कतै मात्र पाइन्छ[१०३] भनी रेसुङ्गा महाकाव्यको शुभाकाङ्क्षामा अलङ्कार प्रयोगको बारेमा चर्चा भएको छ । यसको प्रयोगको अध्ययन अघिल्यै अध्यायमा गरिसकिएको छ । समग्र यिनै आधारमा भन्नुपर्दा 'रेसुङ्गा' महाकाव्य अलङ्कार विधानका दृष्टिले मध्यम रहेको छ ।

### ७.२.८ छन्द विधान

काव्यलाई लयात्मक र रसिलो बनाउने भनेको छन्द हो । छन्दलाई भाषाशैलीका रूपमा हेरिएको छ ।

रेसुङ्गा महाकाव्यमा 'अपि माषं मषं कुर्यात् छन्दो भङ्ग नकारयेत्' भन्ने रीतिले बहुधा प्रश्रय पाएको छ । अधिकतम मात्रामा उपजाति, अनुष्टुप र शार्दूलविक्रीडित छन्दको प्रयोग भए तापनि प्रस्तुत कृतिमा बसन्ततिलका, मन्दाक्रान्ता, शिखरिणी र मालिनी छन्दको प्रयोग यत्रतत्र

---

[१०२] ऐजन ।

[१०३] टीकाराम पन्थी, पूर्ववत् ।

पाइन्छ । सरलता, सरसता, माधुर्य र शान्तरस प्रवाहबाट काव्य स्तरीय बनेको छ[१०४] भनी शुभाकाङ्क्षामै छन्द विधानको मूल्याङ्कन गरिएको छ ।

छन्द मिलाउनका लागि ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व बनाउने, शब्दका तहमा खुट्टो काट्ने, संस्कृतबाट शब्द र पदावलीलाई खोजेर ल्याई जवर्जस्ती मिलाउन खोज्ने जस्ता कार्यहरू गरेको पाइन्छ । यसरी छन्द प्रयोगका दृष्टिले यस रेसुङ्गा महाकाव्यलाई मूल्याङ्कन गर्नुपर्दा वर्णविन्यासमा कमजोर देखिएकोले मध्यम स्तरको रहेको छ ।

### ७.२.९ संरचना

यस उपशीर्षक अन्तर्गत 'रेसुङ्गा' महाकाव्यलाई हेर्नुपर्दा यसको आवरण पृष्ठ, पश्चआवरण पृष्ठ, विषयसूची, सर्ग योजन श्लोक संख्या आदिलाई आधार बनाइएको छ ।

माथि ठूला अक्षरमा 'रेसुङ्गा' (महाकाव्य) लेखिएको तलपट्टि रेसुङ्गा गिरिमा हाल अवस्थित मन्दिर र त्यस भन्दा पनि तल सुन्दर नगरी सहितको पर्वत देखाइएको आवरण नै यस काव्यको अग्रआवरण पृष्ठ हो । पश्चआवरण पृष्ठमा लेखक लक्ष्मणप्रसाद रिजालको फोटो सहितको 'परिचय' भएको कविता श्लोक (पाँच श्लोक) छन् । काव्यलाई खोलेर हेर्दा प्रकाशकीय, शुभाकाङ्क्षा, भूमिका, दुईशब्द, हुँदै ॐ श्री सरस्वत्यै नमः (अथः) प्रथम सर्ग भएर सर्गबाट कथानक सुरु भएको छ । काव्यमा जम्मा चौध ओटा सर्ग छन् । कुन कुन सर्गमा कति श्लोक छन् ? कुन कुन छन्दको प्रयोग छ ? भन्ने कुरालाई अघिल्यै अध्यायमा देखाइ सकिएको छ ।

चतुर्थ सर्गमा श्री १०८ महाप्रभु शशिधर, षष्ठमा स्वामी यदुकानन्द, सप्तममा वाचन शिरोमणि पं. नारायणप्रसाद पोखरेल र अन्तिम पृष्ठमा योगी नरहरिनाथको श्यामश्वेत तस्वीरहरू राखिएका छन् । जम्मा १३३ पृष्ठमा काव्य फैलिएको छ । यो नै यस काव्यको बाहिरी संरचना हो । भित्री संरचनाका बारेमा अध्ययन र मूल्याङ्कन भै सकेको छ ।

---

[१०४] ऐजन ।

## ७.३ प्रवृत्तिगत आधारमा

७.३.१ पूर्वीय साहित्य सिद्धान्तमा केन्द्रित महाकाव्य

७.३.२ परिष्कारधर्मी महाकाव्य

७.३.३ दार्शनिक महाकाव्य

७.३.४ औषधशास्त्रमय महाकाव्य

७.३.५ पशुपंक्षीमय महाकाव्य

७.३.६ सांस्कृतिक महाकाव्य

७.३.७ एकनायकत्व प्राकृतिक महाकाव्य

माथि नै उल्लेख गरिए जस्तै रेसुङ्गा महाकाव्यलाई अन्य केही पक्षका आधारमा मूल्याङ्कन गरिएको छ :

### ७.३.१ पूर्वीय साहित्य सिद्धान्तमा केन्द्रित महाकाव्य

'रेसुङ्गा' महाकाव्यमा धेरै नयाँपनको प्रयोग पाइए तापनि यो पूर्वीय महाकाव्यका मान्यतामा आधारित महाकाव्य हो । पूर्वीय काव्य सूत्रहरूलाई वरण गर्ने क्रममा यस महाकाव्यलाई सोमनाथको **आदर्श राधव** जस्तो शास्त्रीय महाकाव्यका रूपमा लिन सकिँदैन । कथानक, चरित्रचित्रण जस्ता तत्त्वहरूका आधारमा मूल्याङ्कन गर्दा यो काव्य कमजोर सावित भएको छ ।

महाकाव्य सर्गमा लेखिनु पर्दछ[१०५] भन्ने पूर्वीय मान्यताको पालना गर्दै रेसुङ्गा महाकाव्य रचिएको छ । महाकाव्यमा कम्तिमा आठ सर्ग हुनुपर्दछ[१०६] भनिएकोमा यसमा चौध सर्ग छन् । सर्गहरू न लामा न छोटा हुनुपर्दछ[१०७] भन्ने मान्यताअनुसार यस काव्यमा सर्गहरू ५४ श्लोक देखि १७३ श्लोकका संख्यामा अडिएका छन् ।

---

[१०५] बूनु लामिछाने, पूर्ववत् पृ. १५४ ।

[१०६] ऐजन ।

[१०७] ऐजन ।

महाकाव्यको प्रारम्भ मङ्गलाचरणद्वारा गरिनुपर्ने र आशीर्वाद, नमस्कृया या वस्तुनिर्देश मध्ये कुनै एकबाट हुनु पर्ने[१०८] भन्ने मान्यता अन्तर्गत देवी र ब्रह्मलाई नमस्कार गरी आशीर्वाद मागेर मङ्गलाचरणबाट सुरु गरिएको छ ।

महाकाव्यको कथानक इतिहास प्रसिद्ध, महान् नाटकीय पञ्चसन्धि युक्त हुनुपर्दछ[१०९] भन्ने मान्यतालाई पालना गरिएको छैन । कथानक ज्यादै क्षीण छ । नाटकीय पञ्चसन्धि यस काव्यमा पाइँदैन केवल फरक-फरक विषयवस्तुलाई विवरणात्मक शैलीमा आख्यानीकरण गरिएको छ । मूल कथानक चाहिँ इतिहास प्रसिद्ध रेसुङ्गा गिरिसँग सम्बन्धित छ ।

महाकाव्यको नायक, शूर, सदवंशी वा क्षेत्रीय, धीरोदात्त गुण सम्पन्न[११०] हुनुपर्छ भन्ने मान्यतालाई परिपालन गरिएको छैन । नायक कुनै गतिशील पात्र नभई स्थीर प्राकृतिक स्तम्भ नायकको रूपमा स्थापित छ । अन्य पात्रहरू पनि यस काव्यमा पतका (सहायक) पात्र बनेर आएका छैनन् केवल कविको वर्णनका क्रममा मात्र मानवीय पात्रहरू देखिएका छन् । मानवेत्तर पात्रहरू जीवजन्तु र जनावरहरू पनि वर्णनका सन्दर्भमा मात्र आएका छन् ।

महाकाव्यमा सर्गहरू बदल्दा सर्गान्तमा छन्द वदल्नु पर्ने र भाविकथानकको संकेत गर्नुपर्ने मान्यतालाई पूर्णरूपमा पालना गरिएको छ ।

पूर्वीय साहित्यले महाकाव्यका क्षेत्रमा अपेक्षा गरेका अङ्गी रसका सम्बन्धमा शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक रस अङ्गी हुनुपर्ने भनिएकोमा शान्त रस अङ्गी बनेर आएको छ भने अन्य रसहरू-वीर, अदभूत्, श्रृङगार, करुण आदि अङ्ग रसका रूपमा आएका छन् ।

महाकाव्यको उद्देश्य धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एकको फल प्राप्ति हुनुपर्छ[१११] भन्ने पूर्वीय मान्यता अनुसार यस रेसुङ्गा महाकाव्यमा धर्म, मोक्ष र तीर्थ परिचयलाईर्क उद्देश्यका रूपमा लिइएको छ ।

---

[१०८] ऐजन ।

[१०९] ऐजन ।

[११०] ऐजन ।

[१११] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत् पृ. २७७ ।

उपमा आदि अर्थालङ्कार र अनुप्रास आदि शब्दालङ्कारले गर्दा महाकाव्य भव्य बन्न पुगेको छ ।

### ७.३.२ परिष्कारधर्मी महाकाव्य

परिष्कार वादका मान्यताका सम्बन्धमा पश्चिमाहरूमा विभिन्न मान्यताहरू रहेका छन् । प्रयासपूर्ण निर्मिति, अनुकरण, वस्तुनिष्ठता, आत्मसंयम, सार्वभौमता, परम्पराप्रति सजगता[११२] जस्ता प्रवृत्तिहरूलाई परिष्कारवादका मान्यताका रूपमा लिइएको छ । साहित्यिक कृति स्वतः स्फुर्त सिर्जना नभएर प्रयासपूर्ण निर्मिति हो[११३] भनी कृतिलाई कविको प्रयासबाट सिर्जना भएको रचनाका रूपमा लिइएको छ ।

रेसुङ्गा महाकाव्य पनि कवि रिजालको यस्तै प्रयासपूर्ण निर्मिति हो । परिष्कारवादका लागि परिष्कृत रुचि, व्यापक जीवन दृष्टि, बुद्धि, विवेक तथा सन्तुलनलाई यस रेसुङ्गा महाकाव्यमा परिपालन गरिएको छ । निर्धारित परिपाटी र शास्त्रीयताको अनुसरण गरी सिर्जना गरएकोले यो काव्य बढी परिष्कारवादी बन्न पुगेको छ ।

रस, छन्दविधान, अलङ्कार रीति, गुण, मङ्लाचरण, सर्गान्तमा छन्द परिवर्तन जस्ता विषयहरूमा निर्धारित परिपाटीलाई पालना गरिएको छ ।

यो काव्य मौलिकताभन्दा बढी कृति गत कलालाई जोड दिएको छ । संस्कृतबाट तत्सम शब्दहरूलाई लिएर सहजतामा बौद्धिकता थपिएको छ ।

परिष्कारवादले परम्पराप्रति विशेष सजगता राख्ने हुँदा यस काव्यमापनि कविले त्यही परम्परित मान्यतामा अडिग रही काव्य रच्न पुगेका छन् ।

---

[११२] ऐजन ।

[११३] रमाकान्त पौडेल, पूवर्वत् ।

भाषाको प्रस्तुतिमा लेखनाथको अनुशीलन हुने र भावमा पूर्वीय अध्यात्म दर्शनमा केन्द्रित हुने[११४] भनी यसै काव्यको भूमिकामा उल्लेख हुनुले पनि यो काव्य परिष्कारधर्मी महाकाव्य बनेकोछ ।

"'पोष्ट मोर्डनको' समयमा क्लासिकल परिवेशमै रचना गर्न लोभ लाग्नु 'रेसुङ्गा' बाबाकै अनुग्रह हो । श्रीमद्भागवतका भक्तिमय चरित्र ध्रुव र प्रल्हादबाट प्रेरणा लिई दुःखमै ईश्वर भेटिन्छ भन्ने आस्था - अङ्कुर पलाएकोले काव्य यसरूपमा आउन सकेको हो । आध्यात्मिक जटिल विषय, छन्दशास्त्रीय जटिल नियमलाई परिपालन गर्दा रसास्वादनमा आनान्दानुभूतिको कमी हुन सक्ला । माया पिरती जस्तो सम्बेद्य वस्तु पनि यहाँ नपाइएला । तीतो सत्य सबैलाई रुच्ने कुरा पनि होइन । आत्मवाद सबैको अधीनको कुरा पनि होइन तर आफ्नोपन विर्सनु पनि हुँदैन"[११५] भनी कवि स्वयंले रेसुङ्गा महाकाव्यको 'दुई शब्द' मा व्यक्त गर्दै आफैं लगायत अन्य समालोचकहरू र परिष्कारवादका मान्यताका कसीमा राखेर हेर्दा रेसुङ्गा महाकाव्य परिष्कारधर्मी काव्य बनेको छ ।

यस महकाव्यमा प्रकृतिको अनुपम चित्रण गरिएको भए पनि कवि प्रकृतिको भोक्ता नभई द्रष्टा भएर देखिएका छन् । महाकाव्यमा कल्पनाको उडान, लयात्मक तरलता, उदार मानवतावाद, ग्रामीण सभ्यताप्रतिको झुकाव, रहस्यमयता, क्रान्ति चेतना जस्ता कुराहरू कम छन् ।

महाकाव्यमा नियम-संयम र अनुशासनको पालना भएको छ । कविले यस काव्यमा हृदयलाई बौद्धिकताले नियन्त्रण गरेका छन् । यो काव्य पूर्वीय भारवीमार्गी काव्यमान्यतामा केन्द्रित रही रचना गरिएकोले पूर्णतः परिष्कारधर्मी महाकाव्यकारूपमा रहेको छ ।

---

[११४] लक्ष्मणप्रसाद रिजाल, पूर्ववत् दुई शब्द ।

[११५] ऐजन ।

### ७.३.३ दार्शनिक महाकाव्य

रेसुङ्गा महाकाव्यमा ईश्वरीय सत्ता, ब्रह्म स्वरूप, आत्माको अमरता, जीवनको सार, सेवा नै धर्म हो भन्ने जस्ता वैदिक धर्मका सारकुराहरूको वर्णन भएकोले यस काव्यमा अध्यात्म दर्शन सलबलाएको छ ।

'ब्रह्म नै सत्य हो भने जगत् सबै मिथ्या हुन्' भन्ने ब्रह्मवादी चिन्तन यस्तो रहेको छ :

संसार कच्चा र'छ राम सच्चा
संसार नबूझे गति हुन्छ कच्चा ।
यो जिन्दगी यात्रि समान जान
संसारमा दुख्ख सुखै समान ॥ (१/८)

सांसारिक मायाजाल सबै सपना सरी हुन यिनमा आशक्ति राख्नु दुःख निम्त्याउनु हो भन्ने आध्यात्मिक भाव रहेको छ । त्यस्तै भौतिक वस्तुहरू नाशवान् छन्, आत्मा नै अमर छ भन्ने भाव यस्तो छ :

त्यो सम्पत्ती दौलत इष्ट भित्र
आफन्त भन्ने छल हुन् विचित्र
जेलेर राख्छन् सबले तमाम
स्वप्ना सरी हुन् सब नाशवान । (१/३२)

जीवन कर्मशील हुनुपर्छ भन्ने कर्मवादी दर्शन यस्तो रहेको छ :

बाँच्नको निम्ति खाना हो, खान होइन जीवन
जीवन कर्म निम्ति हो सम्झरे मूल यो धन । (१/३८)

सेवा नै धर्म हो भन्ने धार्मिक स्वर यस्तो रहेको छ :

शिवी दधीची सब साधु त्यागी
छोडे शरीरै परमार्थ लागि
सर्वश्व दिन्थे उपकार निम्ति
कल्याण गर्थे मरमार्थ निम्ति । (१/५८)

पराइ बन्धन दुःख हो स्वतन्त्रता नै जीवन हो भन्ने जीवनवादी दर्शन यस्तो देखिन्छ :

अधीनता ती दुःखपूर्ण त्रास
स्वतन्त्रता मूल्य विशेष खास ।
चौरासी व्यञ्जन् मसला प्रशस्तै
मिष्ठानका रूप ती 'छाद' जस्तै ॥ (१२/२३)

यसरी यस काव्यमा ब्रह्मवादी, कर्मवादी, ईश्वरीय शक्तिका वारेमा वर्णित पूर्वीय वेदान्त दर्शन मुख्य छ । यसैले यस काव्यमा दार्शनिक पक्ष पनि रहेको छ ।

### ७.३.४ औषधशास्त्रमय महाकाव्य

यो महाकाव्य यसमा वर्णित विषयले गर्दा औषधशास्त्रमय काव्यका रूपमा देखिएको छ । रेसुङ्गा गिरिमा पाइने यावत् जडीबुटीहरूको महत्त्व के छ ? र यिनको प्रयोग कसरी गरिनुपर्छ ? भनी आयुर्बेदिक चिकित्सा पद्धति यस काव्यमा वर्णित छ । दशम् सर्गभरि नै कविले रेसुङ्गा गिरिको परिसरमा पाइने वनस्पति, तिनको महत्त्व र प्राप्त जडीबुटीलाई कसरी औषधीको रूपमा ल्याउने भनी काव्यात्मक शैलीमा वर्णन गरेका छन् । यसमा जडीबुटीले गर्ने फाइदा र प्रयोग विधिलाई समेत उल्लेख गरिएको छ । यस बीचका केही गम्भीर श्लोकहरू यसप्रकार छन् :

प्रयोग गर्न नजान्नाले धेरै औषधिहरू खेर गइरहेका छन् भन्ने सन्दर्भमा प्रयुक्त श्लोक यस्तो छ :

सञ्जीवनी औषधि शैल धेर
गईरहेछन् अनमोल खेर ।
सदुपयोग गरिद्यौन छिटो
हुन्छन अतीसार ति रोग निको ॥ (१०/७)

रेसुङ्गा गिरिमा पाइने जडीबुटीहरूको परिचय यस्तो छ :

हर्रो र बर्रो अमला कुरिलो
तीतो बिलाजोर अनी रुघिलो ।
पाषाण भेदेहरू ऐसेलु यी
सत्त्वा र कथ्या अमरावती ती ॥ (१०/९)

यस्ता सयौं जडीबुटीहरूको परिचय अन्य श्लोकहरूमा पनि गराइएको छ । जडीबुटीलाई सेवन गर्ने विधिलाई कवि यसरी बताउँछन् :

**हर्रो–** हर्रो हरितकी बुटी औषधी अति उत्तम
कषाय अभया पथ्था लवण रस वर्जित । (१०/१६)
ज्वरादि व्याधिले ग्रस्त भएमा फल सेवन
त्रिदोषहरू रोगादि निको पार्छ अनेकन । (१०/१७)

श्वास कास ज्वरा व्याधी अम्ल पित्त निमित्तक
प्रमेह वमन तृषा हिक्का रोग विनारक । (१०/२२)

**पखानभेद -** पाषाण-भेद अश्मघ्न मूत्र रोग विशेषमा
पिशाव पत्थरी निम्ति औषधी अति उत्तम । (१०/३८)

यसरी यस सर्ग अन्तर्गत हर्रो, बर्रो, अमला, कुरिलो, तीतो, विलाजोर, रुधिलो, पखानभेद, ऐँसेलु, सत्त्वा, कथ्या जस्ता अन्य सयौँ जडीबुटीको महत्त्व र प्रयोग विधिलाई काव्यिक शैलीमा अभिव्यक्त गरिएको हुनाले यस रेसुङ्गा महाकाव्यलाई औषधशास्त्रमय काव्य वा जडीबुटीमय काव्यका रूपमा लिन सकिन्छ ।

### ७.३.५ पशुपक्षीमय महाकाव्य

रेसुङ्गा महाकाव्यको एकादश र द्वादश सर्गमा रेसुङ्गा गिरिका परिसरमा ऋष्य श्रृङ्गीको वरदान पाई स्वच्छन्द रूपमा विचरण गर्ने जीवजन्तु र पशुपंक्षीको वर्णन गरिएको छ । यही प्रयोग पक्षका आधारमा यस काव्यलाई पशुपंक्षीमय काव्यका रूपमा लिन सकिन्छ । यी सर्गहरूमा पशुपंक्षीको परिचय गराउने केही पंक्तिहरू यस्ता छन् :

डुक्रन्छ साँढे अनि वारवार
‘हुङ्का र हुङ्का’ गरदै हजार
ती चौकीदारै सब हुन् कि क्यार ?
स्वजाति रक्षा गरनै तयार । (११/४)
जराय घोरल अनि बाह्रसिंह

घुम्छन वनैमा अति धेर सिंह ।
गधा र राते अनि जन्तु जीव
यी इश्वरका रचना अजीव ॥ (११/१९)

वनको राजा सिंहको वर्णन यस्तो छ :

सिंह – मृगेन्द्र सिंहैहरू भूपराजी गर्छन् सधै राज ती जातिमाथी
बाघै चितुवा नृप राज मन्त्र स्वशासनै चल्दछ एक छत्र । (११/४३)

पंक्षीहरूको चित्रण यसरी गरिएको छ :

धोवी रानी चरिहरू सधैं दिव्य सौन्दर्य साथ
क्यूरा, भ्याकुर अनि मन चरा दिव्य छर्छन् सुवास
कालोचित्रा सुन ढुकुर ती कल्की सौन्दर्य साथ
आफ्नै भाषा कलरव गरी दिव्य छर्छन् सुवास । (१२/५१)

यसरी कविले आफ्नो कवित्त्व प्रकट गर्दा एउटा पशु वा पंक्षीको धेरै श्लोकमा वर्णन गर्न समेत पुगेका छन् । रेसुङ्गा गिरि र यसको वरिपरि घुमफिर गर्ने जीवजन्तुहरूको वर्णनमा एक-दुई सर्ग नै खर्चन पुगेकोले यस काव्यलाई पशुपंक्षीमय काव्यका रूपमा पनि लिइएको छ ।

### ७.३.६ सांस्कृतिक महाकाव्य

यस रेसुङ्गा महाकाव्यले मुलतः अध्यात्म दर्शनको सार पक्रेर रेसुङ्गाको महात्म्यलाई जनसमक्ष फैलाउने काम गरेको छ । वर्णनका क्रममा देखिएका कतिपय विषयहरूले नेपाली जनजीवनमा पाइने संस्कृतिलाई पनि विर्सेको छैन । दान धर्म गर्ने, यज्ञ लगाउने, भोग दिने, घृतधारा बगाउने, मन्दिर बनाउने, पोखरी खन्ने, साउन एकादशी, औँशी, पूर्णिमा, कार्तिक जस्ता पुण्य महिना र तिथिहरूमा उपवास बस्ने, ईश्वरमा भक्तिभाव राख्ने जस्ता विषयहरूलाई यस काव्यमा उतारिएकोले सांस्कृतिक पक्ष पनि प्रबल देखिन्छ । केही सांस्कृतिक पक्षलाई चिनाउने श्लोकहरू यस्ता छन् :

**दानधर्म गर्ने संस्कृति :**

तीन लाख सम्म सहयोग दिनाले
पच्पन्न लाख पुगिगो मजाले । (७/५)

**भजनकीर्तन गर्ने संस्कृति -**

गाएर भक्ति कहिले नथाक्ने
नाचेर नर्तकहरू ती नथाक्ने । (७/१२)

**पुण्य महिना र तिथिमा उपवास वस्ने संस्कृति –**

साउनमा लाग्दछ भव्य मेला
कार्तिकमा पर्व विशेष वेला ।
एकादशी, औँसि र पूर्णिमा ती
गएर रम्छन् यस धाम माथि ॥ (७/३५)

**यज्ञ यज्ञादि गरेर ऋषिहरूलाई खुसी पार्ने संस्कृति –**

कर्मकाण्ड विषे बाटै बैदिक यज्ञ सनातन
धृतधारा गरी होम तृप्त अग्नि ऋषि गण । (६/४७)

यसरी कविले विविध पक्षमा विविध सँस्कृतिको चिनारी गराएकोले काव्यमा सांस्कृतिक पक्ष पनि राम्रो सँग झल्केको पाइन्छ ।

### ७.३.७ एक नायकत्व प्राकृतिक महाकाव्य

'रेसुङ्गा' कवि लक्ष्मणप्रसाद रिजालद्वारा रचित एक नायकत्व प्राकृतिक महाकाव्य हो । यस काव्यमा प्राकृति धरोहरको रूपमा रहेको गुल्मी जिल्लाको दोस्रो अग्लो पर्वत रेसुङ्गा गिरिलाई नायक बनाई यसैको परिसरमा भएका प्राकृतिक दृष्यहरूको वस्तुपरक वर्णन गरिएको छ । वोटविरुवा, चराचुरुङ्गी, ताल, पोखरी, मन्दिर, जडीबुटी, जीवजस्नु, आदि प्राकृतिक छटाहरूको वर्णन प्रशस्त भएकोले यो महाकाव्य प्राकृतिक महाकाव्यका रूपमा देखिएको छ । यसै प्राकृतिक स्तम्भ रेसुङ्गाका नामबाट महाकाव्यको नामकरण गरिएको छ । यसै एक मात्र स्थिर पात्रको वर्णन गरिएकोले यस काव्यलाई एक नायकत्व महाकाव्य पनि भन्न सकिन्छ ।

## ७.४ महाकाव्यका प्रमुख प्राप्ति र अप्राप्तिहरू :

नेपाली महाकाव्यको परम्परामा प्राकृतिक स्तम्भ रेसुङ्गा गिरिलाई नायक बनाएर नयाँ रूपमा देखिनु रेसुङ्गा महाकाव्यको प्राप्ती हो । अहिलेको अत्याधुनिक पोष्ट मोर्डनको समयमा पनि परिष्कारवादलाई अँगाल्दै रचना हुन सक्नु पनि प्राप्तिकै रूपमा लिनु पर्दछ ।

८/९ महिनाको अवधिमा लेखेर प्रकाशनमा आउन सकेको यस महाकाव्यमा देखिएका केही प्राप्ति र अप्राप्तिहरूलाई बूँदागत रूपमा देखाइएको छ :

**प्राप्तिहरू :**

- वर्तमान अत्याधुनिक 'पोष्टमोर्डन' को समयमा पनि पूर्वीय छन्दशास्त्रीय कठोर नियमको परिपालन गरी परिष्कारवादी शैलीलाई अँगालेर लेखिनु ठूलो प्राप्ति हो ।
- कवि लक्ष्मणप्रसाद र रेसुङ्गा गिरिमा तपस्या गर्ने तपस्वीहरू शशिधर, लक्ष्मीनारायण, यदुकानन्द एउटै वंशका भएकोले वंश परम्परालाई जोगाउँदै मूल्य स्थापित गर्न सक्नु यस काव्यको प्राप्ति हो ।
- अजीव र स्थिर प्राकृतिक स्तम्भ गिरिलाई नायक बनाएर महाकाव्य जस्तो विश्वजनिन विधा तयार हुन सक्नु पनि प्राप्ति नै हो ।
- महाकाव्यका कतिपय सर्गहरूमा वर्णन भएका साना विषयलाई पनि कवितामा ढालेर सर्ग सन्तुलनमा ल्याई रचना हुनु पनि यस काव्यको प्राप्ति हो ।
- युग र धर्मलाई बोकेर ललित महाकाव्यका रूपमा देखिनु यस महाकाव्यको प्राप्ति हो ।
- धार्मिक ऐतिहासिक तीर्थस्थलका रूपमा रहेको एउटा पर्वतलाई परिचय गराउन सक्नु पनि यस महाकाव्यको प्राप्ति हो ।
- लक्ष्मणप्रसाद रिजालका अन्य कुनै कृति पनि प्रकाशनमा नआउँदै एकाएक महाकाव्यका रूपमा प्रकाशित हुनु यस महाकाव्यको ठूलो प्राप्ति हो ।

**अप्राप्तिहरू :**

- पूर्वीय काव्यशास्त्रीय मान्यताअनुसार महाकाव्यको हुबहु लक्षणमा पर्न नसक्नु यस रेसुङ्गा महाकाव्यको अप्राप्ति हो ।
- छन्द मिलाउनका लागि नेपाली व्याकरणले नस्वीकारेका र अन्य भाषाबाट सापटी लिएका शब्दहरूमा पनि ह्रस्व दीर्घ परिवर्तन गर्ने र खुट्टा काट्ने काम देखिनु अप्राप्ति हो ।
- काव्यात्मकता भन्दा बढी आख्यानात्मकता भेटिनु यस काव्यको अप्राप्ति हो ।
- प्रागऐतिहासिक पक्षअनुसार रेसुङ्गा गिरिको चिनारी गराउँदा राजा दशरथ र ऋष्य श्रृङ्गीको प्रसङ्ग जोडेर देखाउनु पर्नेमा ऋष्य श्रृङ्गी पछिको परिवेशको मात्र चिनारी गराउनु यस काव्यको अप्राप्ति हो ।
- कवि लक्ष्मणप्रसाद रिजालका लघुकाय कृतिहरू प्रकाशनमा नआउँदै एकाएक महाकाव्य प्रकाशनमा आएकोले परिष्कार र परिमार्जन नभई सहजरूपमा देखिनु यस महाकाव्यको अप्राप्ति हो ।
- कविले यस महाकाव्यलाई पहिलो प्रकाशनका रूपमा वाहिर ल्याउनाले भाव र भाषाका तहमा पुनरावृत्ति पाइनु महाकाव्यको कमजोरी पक्ष हो ।

## ७.५ निष्कर्ष :

महाकाव्य जस्तो वृहत् काव्यलाई मूल्याङ्कन गर्नु जटिल कार्य हो । कविको प्रतिभालाई मूल्याङ्कनले केही मात्रमा वाधा पुऱ्याउन सक्छ ।

यस रेसुङ्गा महाकाव्यलाई मूल्याङ्कन गर्नुपर्दा मुख्यतः महाकाव्यका तत्त्वहरू– कथानक, चरित्रचित्रण, देशकाल परिवेश, उद्देश्य, भाषाशैली, रस, छन्द, अलङ्कार विधान आदिलाई आधार मानेर गरिएको छ । यसका अतिरिक्त यस काव्यमा देखिएका अन्य पक्षहरू– पूर्वीय काव्य परम्परा, परिष्कारधर्मिता, दार्शनिक पक्ष, औषधशास्त्र, पशुपक्षीमय, सांस्कृतिक पक्ष, एक नायकत्व आदिलाई पनि मूल्याङ्कनको आधारकारूपमा लिइएको छ ।

काव्यका प्रत्येक श्लोकमा गहिरिएर हेर्ने हो भने त्यहाँ फरक फरक विचार, भाव, चिनारी, गुण, दोष, विशेषता, प्रयोग आदि नदेखिने त होइन तर प्रत्येक श्लोकमा गहिरिएर पुग्न खोजिएको छैन । महाकाव्य पूर्णतः पूर्वीय शास्त्रीय काव्यढाँचाका सीमाबन्धनमा रही रचना गरिएकोले साथै वस्तुपरकतालाई जोड दिइएकोले परिस्कारवादी काव्यका रूपमा देखिएको छ ।

### अध्याय-आठ

# उपसंहार र निष्कर्ष

कवि लक्ष्मणप्रसाद रिजाल लुम्बिनी अञ्चल, गुल्मी जिल्ला, बडागाउँ गा.वि.स., वडा नं. ७ मा वि.सं. २०२३ भाद्र १० गते जन्मेका हरिकला रिजाल र थानेश्वर रिजालका कान्छा छोरा हुन् । १०/१२ वर्षको उमेरमा बुबा-आमा दुवैको मृत्यु भएकोले उनलाई कान्छा हजुरबुबा लालमणिले पालन पोषण गरी हुर्काएका हुन् । उनले प्राथमिक शिक्षा गाउँमै पढी २/३ वर्ष जति स्कुलको पढाइ छोडेर गाउँमै लघुकौमुदी, अमर कोष, चण्डी, रुद्री पढ्छन् । पछि दाइको प्रेरणाबाट भारतमा गई दिल्लीबाट पूर्वमध्यमा र हरिद्वारबाट उत्तरमध्यमा पूरा गर्छन् । उनी २०४६ मा नेपालमा आई दाङबाट शास्त्री पूरा गरी पछि २०५१ मा त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर र एकवर्षे बी.एड. को अध्ययन पूरा गर्छन् ।

धार्मिक संस्कारबाट हुर्केका र अघि बढेका रिजाको विवाह २०४५ मा कलावती भट्टराईसँग हुन्छ । हाल उनी तीन छोराका बाबु बनिसकेका छन् ।

मध्यम खालको आर्थिक स्थिति भएका रिजालले विद्यार्थी जीवनमा आर्थिक चुनौतिहरूलाई पार लगाउँदै अघि बढेका हुन्छन् । उनको जागिरे जीवन वि.सं. २०४५ तिरबाट सुरु हुन्छ । हाल उनी रे.व.क्या तम्घास गुल्मीमा प्राध्यापक छन् ।

तम्घास मै एउटा सानो घर बनाई बसेका रिजालले प्राध्यापनका साथै नेपाली साहित्यको कविता विधामा कलम चलाउँछन् । भारतको हरिद्वारमा पढ्दा 'गरिब' शीर्षकको कविता त्यहाँको मुखपत्रिकामा प्रकाशित गराएर उनी नेपाली साहित्यको फाँटमा देखिएका हुन् । हालसम्म उनका थुप्रै फुटकर रचनाहरू प्रकाशित छन् । पुस्तककार कृति भने 'रेसुङ्गा' महाकाव्य मात्र एक हो । उनको 'विवेकानन्द' महाकाव्य प्रकाशोन्मुख कृति हो ।

सधैं चिन्तनशील देखिने, जाँगरिला, फुर्तिला, मध्यम कद, गहुँगोरो वर्ण, चिन्तनशील, शान्त, गम्भीरता नै उनको बाह्य व्यक्तित्त्व हो ।

साहित्यका क्षेत्रमा रिजाल कवि, लेखक र समीक्षक व्यक्तित्त्वका रूपमा देखिएका छन् भने साहित्येतर व्यक्तित्त्वमा मुलतः उनी प्राध्यापक व्यक्तित्त्व हुन भने धार्मिक, एवं भाषा र

संस्कृति प्रेमी व्यक्तित्त्वका रूपमा पनि उनी देखिएका छन् । नेपाली साहित्यको फाँटमा कलम चलाउँदा उनले स्थानीयस्तरमा हुने कवि गोष्ठीहरूमा भाग लिई पुरस्कृत समेत भएका छन् । साहित्य सिर्जनाको प्रेरणा भने आफ्ना गुरुहरू, साथीभाइ र टीकाराम पन्थीबाट पाएको पाइन्छ । उनका कवितामा भानुभक्त, लेखनाथ, देवकोटा, घिमिरे र समको शास्त्रीयतावादी अनुशीलन पाउन सकिन्छ ।

दीर्घकालीन कविता साधनाको उपजको रूपमा वि.सं. २०६१ मा रिजालको 'रेसुङ्गा' महाकाव्य प्रकाशनमा आउँछ । कवि लक्ष्मणप्रसाद रिजालको रेसुङ्गा महाकाव्यलाई अध्ययन गर्नु अघि महाकाव्य सिद्धान्त र नेपाली महाकाव्यको परम्पराका बारेमा जान्नु पर्ने हुन्छ ।

विश्व साहित्यमा महाकाव्यको आदि काव्यका रूपमा पूर्वीयमा **रामायण** र **महाभारत** देखिन्छन् भने पाश्चात्यमा होमरका **इलियड** र **ओडेसी** देखिन्छन् । यिनै महाकाव्यलाई आधार मानेर महाकाव्य लेखन र चिन्तनको परम्परा विकसित भएको पाइन्छ । सुरुमा 'काव्य' शब्दबाट महाकाव्य शब्द रुढ हुन पुगेको पाइन्छ । पछि आएर यस 'काव्य' शब्दले सम्पूर्ण बाङ्मयलाई बुझाउन थालेको छ ।

महाकाव्यका सन्दर्भमा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तमा विभिन्न विद्वान् आचार्यहरूले परिभाषित गर्ने काम गरेका छन् । पूर्वमा सर्वप्रथम यस विधाको परिभाषा गर्ने आदि आचार्य भामह हुन् । त्यसपछि दण्डी, रुद्रट, विश्वनाथ जस्ता आचार्यहरूले परिभाषित गरेका छन् । पूर्वमा महाकाव्यका सन्दर्भमा कठोर मान्यता अघि सारिएको छ । महाकाव्य - भव्य, सर्गवद्ध, लामो कथानक, नाटकीय पञ्चसन्धि समन्वित, चर्तुवर्ग फलप्राप्ति, सर्गान्तमा छन्द परिवर्तन, युग धर्म बोकेको, महान् चरित्रमा आधारित, सत्को विजय, असत्को हार देखाइएको, सुखान्त, आलङ्कारिक, शृङ्गार, वीर र शान्तमध्ये एक अङ्गी रस हुनुपर्ने, छन्दोबद्ध, लयात्मक स्वर्गदेखि धरतीसम्मको वर्णन भएको परिवेश आदि भएको हुनुपर्छ भनी पूर्वीयमा भनिएको छ ।

पाश्चात्य साहित्य सिद्धान्तका आदि व्याख्याता अरस्तु हुन् । अरस्तु पछि एवर क्राम्बे, सी.एम. बावर जस्ता विद्वानहरूले महाकाव्य सम्बन्धी धारणाहरू अघि सारेका छन् । पूर्वीय र पाश्चात्य सिद्धान्तअनुसार महाकाव्यका मान्यताका बारेमा खासै भिन्नता पाइँदैन ।

उपजीव्य ग्रन्थहरू - **रामायण, महाभारत, इलियड, ओडेसी** आदिलाई आधारभूमि सावित गरी पूर्वीय र पाश्चात्यमा महाकाव्यहरू लेखिँदै गएका पाइन्छन् । श्रीहर्ष, माघ, अश्वघोष जस्ता महाकविहरू महाकाव्य लेखन परम्परामा देखिएका छन् ।

भारतका साहित्यकार डा. नागेन्द्र, विश्म्भर मानव र नेपालका समालोचकहरू - बासुदेव त्रिपाठी, भानुभक्त पोखरेलहरूले पनि महाकाव्य सम्बन्धी धारणाहरू प्रस्तुत गरेका छन् ।

यी सबै विद्वानहरू - भामह, रुद्रट, डण्डी, विश्वनाथ अरस्तु, एवरक्राम्बे, सी.एम.बावर, डा. नागेन्द्र, विश्वभर मानव, त्रिपाठी, पोखेल आदिले महाकाव्यका सन्दर्भमा - कथानक, चरित्र-चित्रण, भाषाशैली, देशकाल परिवेश, उद्देश्य, रस, छन्द, अलङ्कार आदिलाई अनिवार्य तत्त्वका रूपमा स्थापित गरेका छन् । यिनै स्थापित मान्यतामा रहेर महाकाव्यहरू लेखिएका छन् ।

नेपाली महाकाव्यको परम्परा पुरानो नै रहेको छ । नेपाली कविता इतिहासको प्राथमिक काल (वि.सं. १८२६-१९४०) मै महाकाव्य लेखिएको पाइन्छ । संस्कृतको वाल्मीकिद्वारा रचित अध्यात्मरामायणको भावानुवादका रूपमा रहेको भानुभक्तको रामायणको प्रकाशन यसै अवधिमा भएको हो । परन्तु यो काव्य मौलिकता र अनुवादको दोसाँधमा रहन पुग्यो ।

नेपाली कविताको माध्यमिक काल (१९४१-१९७४) का बीचमा महाकाव्य लेखनका प्रयासहरू मात्र भए तर महाकाव्यका रूपमा प्रकाशित हुन सकेनन् । वि.सं. १९७५ पछिको समय नेपाली कविताको आधुनिक काल हो । यस कालको पूर्वार्द्ध (१९७५-२०१६) नै नेपाली मौलिक महाकाव्यको उर्वर युगका रूपमा देखा पर्दछ । यस समयमा वि.सं. २००२ सालमा पूर्ण मौलिक महाकाव्य **शाकुन्तल** प्रकाशन गरेर देवकोटाले महाकाव्य लेखनको अभावलाई पूर्ति गर्दछन् । यस समयमा देवकोटाका **शाकुन्तल** (२००२), **सुलोचना** (२००३), **महाराणाप्रताप, प्रमिथस, पृथ्वीराज चौहान, वनकुसुम** गरी ६ ओटा, सोमनाथ सिग्द्यालको **आदर्श राधव**, लेखनाथको **तरुण तपसी**, बालकृष्ण समको **चिसो चूल्हो** गरी जम्मा ९/९ ओटा उत्कृट महाकाव्यहरू देखा पर्दछन् ।

आधुनिक नेपाली कविताको उत्तरार्द्ध (२०१७-हालसम्म) समयमा सङ्ख्यात्मक हिसाबले दर्जनौं महाकाव्यहरू देखिएका छन् । केही महाकाव्यहरू प्रयोगका हिसाबले नौला पनि छन् ।

विभिन्न वाद र प्रणालीलाई अवलम्बन गर्दै लेखिएकाले वर्तमान समयका महाकाव्यहरू आफ्नै महत्वका रहेका छन् ।

यसै समयको वि.सं. २०६१ मा आएर लक्ष्मणप्रसाद रिजालको 'रेसुङ्गा' महाकाव्य देखा पर्दछ । रिजालको यो प्रकाशित पहिलो कृति हो । गुल्मी जिल्लाको माथका रूपमा रहेको धार्मिक र ऐतिहासिक गिरि रेसुङ्गा र यस गिरिमा तपस्या गरेका प्राचीन ऋषि ऋष्यश्रृङ्गीको परिचय र तपः साधनाको चित्रण यस काव्यले गरेको छ । यस गिरिसंबद्ध विषयहरू नै महाकाव्यको फरक-फरक कथानकका रूपमा सर्ग-सर्गमा देखिएका छन् ।

छन्दशास्त्रीय कठोर नियमलाई परिपालन गरी परिष्कारवादी धारामा रचित काव्य भारवी मार्गी ललित-महाकाव्य भित्र पर्दछ । यस काव्यमा स्थिर पात्र रेसुङ्गा गिरिलाई नायकका रूपमा स्थापित गरिएको छ । गतिशील पात्रहरू कोही नभएकोले कथानक क्षीण छ । खलपात्रको प्रयोग गरिएको छैन । कवि नै आत्मलापका रूपमा देखिएका छन् ।

पूर्वीय महाकाव्यको सिद्धान्तले भनेका - सर्गबन्धन, सर्ग सीमा, सर्गान्तमा छन्द परिवर्तन, शृङ्गार, वीर र शान्त रसमध्ये एक अङ्गी रस, मङ्गलाचरण, सर्गवाद, नगर, पर्वत, प्राकृतिक दृश्य आदिको वर्णन, अलङ्कृत भाषाशैली, सर्गान्तमा भावी कथानकको सङ्केत , नायकको प्रशंसा, सज्जनको प्रशंसा र दुर्जनको निन्दा जस्ता मापदण्डहरू परिपालन भएका छन् ।

कथानकको चयन र अन्वितित्रयको पालना, कथानकको विकास यसका चुनौतीपूर्ण पक्ष भएका छन् । छन्द मिलाउन शब्द र अक्षरका तहमा भाँचभूँच गर्ने काम यत्रतत्र भएको छ । यो महाकाव्य लेखनको कमजोरी पक्ष हो ।

यस काव्यका माध्यमबाट रेसुङ्गा पर्वतमा तपस्या गर्ने महापुरुषहरूको गरिमामय वर्णन गरी तपोभूमि रेसुङ्गालाई धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वका दृष्टिले परिचित गराउनु र कविकै कुलका अर्वाचीन तपस्वीहरूको बारेमा पहिचान गराई कुलपरम्पराको धर्म र गरिमा फैलाउनु कविको एकमात्र उद्देश्य रहेको छ ।

पूर्वीय वेदान्त दर्शन, गीताको निष्काम कर्मयोग, साङ्ख्य दर्शन, जीवन दर्शन यस काव्यमा सलबलाएर रहेका छन् ।

काव्यमा वर्णन र प्रयोग भएको विषय वस्तुका आधारमा यस महाकाव्यलाई परिष्कारवादी, पशुपक्षीमय, औषधशास्त्रमय, संस्कृति प्रधान, एक नायकत्व महाकाव्य आदि भनी अध्ययन गरिएको छ ।

कवि प्रतिभाबाट जन्मिएको, पहिलो, आध्यात्मिक पृष्ठभूमिमा रचित प्रस्तुत काव्यको आफ्नै महत्त्व रहेको छ । आध्यात्मिक पृष्ठभूमिमा रही प्रकृतिको वस्तुपरक वर्णनले गर्दा कवि परिष्कारवादी भएर देखिएका छन् ।

# सन्दर्भ ग्रन्थसूची

अवस्थी महादेव, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** काठमाडौं : इन्टेलेक्चुअल बुक प्यालेस, २०६४ ।

आचार्य कृष्णप्रसाद, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** काठमाडौं : क्षितिज प्रकाशन, २०६४ ।

उपाध्याय केशवप्रसाद, **साहित्य प्रकाश,** छैं.सं. काठमाडौं : साभ्ना प्रकाशन, २०५९ ।

गौतम कृष्ण, **पाश्चात्य महाकाव्य**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५५ ।

जोशी कुमारबहादुर, **महाकवि देवकोटा र उनका महाकाव्य,** काठमाडौं : चौ.सं. साभ्ना प्रकाशन, २०६५ ।

थापा मोहन हिमांशु, **साहित्य परिचय,** ते.सं. काठमाडौं : साभ्ना प्रकाशन, २०४७।

नेपाल देवी, **छन्द पराग,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६६ ।

पन्थी टीकाराम, **अर्वाचीन रेसुङ्गा,** गुल्मी : किरण पुस्तकालय, २०६४ ।

लामिछाने बूनु, **सुलोचना महाकाव्य : एक अध्ययन,** कीर्तिपुर : त्रि.वि. शोधपत्र, २०५६ ।

शर्मा मोहनराज, लुइँटेल खगेन्द्रप्रसाद, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** ते.सं. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७।

श्रेष्ठ ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** काठमाडौं : साभ्ना प्रकाशन, २०६२ ।

# पत्रपत्रिका सूची

**गुल्मी टाइम्स,** गुल्मी : साप्ताहिक पत्रिका, अङ्क : १ देखि ४३ सम्म ।

**गुल्मेली आवाज,** काठमाडौं : गुल्मी-काठमाडौँ सम्पर्क मञ्च, अङ्कः १ ।

**दीप ज्योति,** गुल्मी : कर्मचारी मिलन केन्द्र, अङ्क : ४, ५, ६, ७, ८ र ९ ।

**भावना,** बुटवल : राष्ट्रिय दैनिक, अङ्क : ९४ ।

**विद्या,** गुल्मी : रेसुङ्गा बहुमुखी क्याम्पस, अङ्क : ६, ७, ८, ९, १०, १२, १४, १५, १६, १७, १८, १९ र २० ।


**शैल-सन्देश,** गुल्मी : महेन्द्र उ.मा.वि. अङ्क २१, २३ र २४ ।

**स्रोतकेन्द्र दर्पण,** गुल्मी : उपल्लो तम्घास स्रोत केन्द्र, अङ्क : ४ ।

**हाम्रो पुरुषार्थ,** गुल्मी : किरण पुस्तकालय, सम्पूर्णाङ्क : ३९, ४२, ४६ र ४७ ।

# परिशिष्ट

# शोधनायक लक्ष्मणप्रसाद रिजालको वंशवृक्ष



## कवि लक्ष्मणप्रसाद रिजालको जीवनी, व्यक्तितव र कृतित्वको अध्ययन विषयक शोधपत्र तयार गर्नको लागि शोधनायकसँग लिइएको अन्तर्वार्ता

### कवि लक्ष्मणप्रसाद रिजालको व्यक्तिगत विवरण

१. नामथर : लक्ष्मणप्रसाद रिजाल

२. ठेगाना :

क) स्थायी ठेगाना : वडागाउँ गा.वि.स. वाड नं. ७ भराहा, गुल्मी

ख) गोत्र : धनञ्जय

ग) हालको ठेगाना : तम्घास गा.वि.स. वार्ड नं. १ गुल्मी

३. बाबुको नामथर : श्री थानेश्वर रिजाल

४. आमाको नामथर : हरिकला रिजाल

५. बाजेको नामथर : श्री तेजनारायण रिजाल

६. बजैको नामथर : भूमिश्वरा रिजाल

७. जन्म मिति : ४-१०-१९६७ सन्/२०२३-५-१०

८. जन्मकुण्डली अनुसार

क) नक्षत्र : अनुराधा

ख) राशी : वृश्चिक

**प्रश्नावलीहरू :**

**१. बाल्यकाल र पालनपोषणका सम्बन्धमा जानकारी दिनुहोस् न ।**

म संयुक्त परिवारमा जन्मेको, कान्छी हजुरआमा हाम्रो घरको मूल जिम्मेवारी बहन गर्ने गर्नुहुन्थ्यो र हजुरबुबा, हजुरआमा, काका, काकी कै काखमा मेरो बाल्यकाल व्यतीत भयो । हाम्रा हजुरबुवाहरू देखिनै संयुक्त परिवारमा रहनुभयो, मेरा बुबाआमा पनि संयुक्त रूपमै रहनु भएकोले काका, काकी, कान्छाहजुरबुबा, हजुरआमाको सान्निध्यमा मेरो बाल्यकाल वित्यो र पालन पोषण पनि त्यसै अनुरूप नै भयो ।

## २. शिक्षा-दीक्षाको प्रारम्भ र विस्तार के कसरी भयो ?

पृथ्वी नि.मा.वि. वडागाउँमा प्रा.वि. तहको शिक्षा, घरमा चन्डी, रुद्री, वेद लगायत धार्मिक कृति र पं.लक्ष्मी निधि घिमिरे र पं. विश्वनारायण रिजालको प्रेरणाबाट अमरकोश रघुबंश, लघुसिद्धान्त कौमुदी पढी संस्कृत क्षेत्रमा समर्पित हुने (पण्डित बनी कथा वाचन, शिक्षक बनी शिक्षण र कवि बनी साहित्य सिर्जना गर्ने भित्री इच्छाले यो क्षेत्रमा मेरो अरु रुची बढेको हो ।

## ३. आफूले प्राप्त गरेको शैक्षिक योग्यता क्रमशः भनिदिनु हुन्छ कि ?

क) S.L.C. (पूर्व मध्यमा) : श्री भारती ऋषिकुल संस्कृत महाविद्यालय बकौली, दिल्ली ।

ख) I.A. (उत्तरमध्यमा) : श्री ऋषि संस्कृत महाविद्यालय हरिद्वार, भारत

ग) B.A. (शास्त्री) : जनता क्याम्पस, बिजौरी, दाङ

घ) M.A. (स्नोतकोत्तर) : त्रि.वि. किर्तिपुर, काठमाडौं

ङ) B.Ed. (१ वर्षे बी.एड.) : त्रि.वि. विद्यालय किर्तिपुर, काठमाडौं

## ४. धार्मिक जीवनमा लाग्ने प्रेरणा कोबाट कसरी प्राप्त गर्नुभयो ?

म धार्मिक पृष्टभूमि भएको संयुक्त परिवारमा जन्मी हुर्कने सु-अवसर पाएकोले परिवार, समाज, वातावरण अनुकूल रहेकोले यसै अनुरूप मेरो रुची यस क्षेत्रमा बढ्दै गयो । ब्राह्मणसमाज, धार्मिक अनुष्ठान र सामाजिक एवम् सांस्कृतिक आदर्शले प्रेरित गरेकोले तथा प्रातः स्मरणीय गुरुहरू र पढ्दा प्रेरणा मिल्ने आध्यात्मिक चिन्तक कविहरू जस्तै लेखनाथ पौड्याल, माधवप्रसाद घिमिरे, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटाका प्रवृत्तिहरूबाट पनि प्रेरणा प्राप्त गरें ।

## ५. बिबाह र सन्तानका सम्बन्धमा पनि केही जानकारी पाउँ न ?

क) पत्नीको नामथर : श्रीमती कलावती रिजाल

ख) विवाहको साल : २०४५ असार

ग) सासुको नामथर : भुमकला भट्टराई

घ) ससुराको नामथर : श्री हरिप्रसाद भट्टराई

ङ) ससुराली ठेगाना : अर्खले गा.वि.स. वार्ड नं. ८ र वेवँरे टाकुरा

च) सन्तान

अ) श्री रमेश रिजाल (२०४९)

आ) श्री केशब रिजाल (२०५१)

इ) श्री गिरिजा रिजाल (२०५४)

**६. आफ्नो आर्थिक स्थितिका सम्बन्धमा केही जानकारी दिनुहोस् न ?**

म बहुसङ्ख्यक नेपाली सरह निम्न आर्थिक अवस्था भएको, श्रममा विश्वास गर्ने, प्राध्यापन पेशा गरी जेनतेन घरधन्दा टार्ने अवस्थाको व्यक्ति मात्र हूँ ।

**७. शिक्षण पेशालाई कहिलेदेखि र कसरी सुरुवात गर्नुभयो ?**

श्री तुलसी बोडिङ्ग दाङबाट २०४५ बाट आरम्भ गरी श्री महेन्द्र मा.वि. तम्घास गुल्मीमा २०४७ देखि मा.वि. श्री सूर्योदय मा.वि. जुभुङ गुल्मी, अर्जुन आ.मा.वि. मा २०५१ देखि र श्री रेसुङ्गा ब. क्याम्पसमा २०५३ साल देखि प्राध्यापन अविच्छिन्न ।

**८. संस्थागत संलग्नता भएमा जानकारी गराउनुहोला ।**

लेकाली स्वाबलम्वन वचत तथा ऋण सहकारी संस्था तम्घास, गुल्मीको साधारण सदस्य, रेसुङ्गा संरक्षण समिति गुल्मीको साधारण सदस्य, रेसुङ्गा बहुमुखी क्याम्पस गुल्मीको सभासद् रही स्थानीय स्तरमा मात्र सीमित रहेको छु ।

**९. साहित्यिक पत्रकारिता तथा सम्पादन गोष्ठी केहीमा संलग्नता पनि छ की ?**

साहित्यिक गोष्ठीहरू स्थानीय तहमा मात्रै संलग्नता रह्यो ।

**१०. साहित्यिक प्रेरणा कसबाट कसरी पाउनुभयो ?**

नेपाली साहित्यका मूर्धन्य कविहरू भानुभक्त, मोतीराम, लेखनाथ, देवकोटा, सम, घिमिरे जस्ता कविहरूको आदर्शबाट प्रेरित भई छन्द शास्त्रीय परिपाटिमा समर्पित भएर काव्यसिर्जना गर्ने प्रेरणा पाएँ । स्वर्गीय गुरु टीकाराम पन्थीको सल्लाह र प्रेरणा पनि अविस्मरनीय छ ।

**११. प्रकाशित पहिलो रचनाका सम्बन्धमा केही उल्लेख गर्नुहोस् न ।**

हरिद्वार भारतमा बस्दा नेपाली विद्यार्थीहरूको प्रेरणाबाट त्यहाँको मुख पत्रिकामा मेरो गरिव शीर्षकको कविता प्रकाशित भएको थियो ।

**१२. त्यो कविता उपलब्ध हुन सक्छ ?**

कविता चाहिँ मसँग सङ्ग्रहित छैन तापनि त्यसको एक श्लोक स्मरण छ -

भोको छ पेट दुःखीको व्यथा यस्तै छ जीवन<br>
कसले सुन्छ गरीवको कथा विवश जीवन

**१३. प्रकाशित पहिलो कृति कुन हो ? र यो कति सालमा प्रकाशित भयो ?**

प्रकाशित पहिलो कृति 'रेसुङ्गा' महाकाव्य हो । यो कृति २०६१ को माघ महिनामा प्रकाशित भएको हो । यस कृतिलाई मैले २०६१ कै ९/१० महिनाको अन्तरालमा लेखेर प्रकाशन गरेको हूँ । हतार हतारमा प्रकाशन गरेकोमा केही त्रुटिहरूले गर्दा केही पछुतो लागेको पनि छ ।

**१४. प्रकाशोन्मुख कृति कुनै छन् कि ?**

मैले **विवेकानन्द** भन्ने महाकाव्य निकट भनिष्य मै प्रकाशन गर्दै छु । यो जहाँसम्म १५ सर्ग भन्दा माथिको रहने छ ।

**१५. हजुरको सबैभन्दा बढी कलम चल्ने साहित्यिक विधा कुन हो ? र किन ?**

मेरो कलम सबैभन्दा बढी पद्य कवितामा चल्दछ । कहिलेकाहीँ गद्य पनि लेख्ने गर्दछु । गद्यमा खासगरी विचार र सन्दर्भमा लेख्ने गरेको छु । गद्य साहितयमा भने खासै हात चलाएको छैन ।

**१६. सरको कलम खासगरी कुन भाव, धारा र दर्शनमा चल्ने गर्दछ ?**

मुख्य पृष्ठभूमि भनेको पूर्वीय अध्यात्म दर्शन नै हो यसमा पनि पारिष्कारवादमा म विशेष रमाउन चाहन्छु ।

**१७. सरको कुनै पनि फुटकर वा कविता सङग्रह प्रकाशनमा नआइकन एकाएक महाकाव्य जस्तो विश्वजनीन विधा प्रकाशनमा आयो । यस्तो हुनुको पछाडि केही कारण छ की ?**

मेरा फुटकर रचनाहरू स्थानीय पत्रपत्रिकाहरू र मुखपत्रहरूमा प्रकाशित भइरहेका छन् । हुन त मैले फुटकर रचनाहरूलाई सङ्गालोको रूपमा प्रकाशित गरेर पाठक प्रतिक्रिया समेटी महाकाव्य तिर हात हाल्नु पर्ने हो तर भावमा डुब्दै जाँदा रेसुङ्गा बाबाको अनुग्रहले काव्य रचिन पुग्यो अनि यसलाई प्रकाशन गरिहालेँ । यो हुनुलाई एउटा नियमित आकास्मिकताका रूपमा लिनु पर्दछ ।

**१८. हजुरको व्यक्तित्वका सम्बन्धमा बाह्य व्यक्तित्वको जानकारी गराइदिनु भए हुन्थ्यो ।**

उचाई : ५ फिट ४ इन्च

तौल : ५५/५७ के.जी.

पोषाक : खासगरी सर्ट पाइन्ट वा घर बस्दा धोती कछाड मन पराउँछु ।

स्वभाव : एकान्तमा रमाउन चाहन्छु ।

**१९. अन्त्यमा हजुरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयमा शोधपत्र तयार गर्न लागेकोमा केही भन्न चाहनुहुन्छ की ?**

मलाई एउटा साहित्यिक व्यक्तिको रूपमा चिनाउने प्रयास गर्नुभएकोमा विशेष आभार व्यक्त गर्न चाहन्छु । जीवनी त म जे दिएँ तपाईं त्यसैमा केन्द्रित हुनुहुन्छ होला तर व्यक्तित्व र कृतित्वका सम्बन्धमा तपाई शोधखोज र अध्ययन गर्दा जे पाउनुहुन्छ सोही कुरालाई नबङ्गाई उल्लेख गरिदिने प्रयास गरिदिनुहोला । साथमा तपाईले गर्न लागेको कार्यप्रति पूर्ण सफलताको कामना गर्दछु ।

**२०. झर्को नमानी जानकारी दिनुभएकोमा धन्यबाद !**

धन्यवाद !

..........................................

**लक्ष्मणप्रसाद रिजाल**

**तम्घास-१, गुल्मी**

**शोधनायककी पत्नी कलावतीसँग कुराकानी गरी जीवनी र व्यक्तित्वका सम्बन्धमा जानकारी लिँदाका प्रश्नावलीहरू :**

१. **नाम थर :** कलावती रिजाल

२. **उमेर :** ३९ वर्ष

३. **हजुरको श्रीमान लक्ष्मणप्रसाद रिजालको रुचीका सम्बन्धमा केही जानकारी पाउँ न ।**

उहाँ एउटा एकान्तप्रीय र कल्पनामा डुब्ने व्यक्तित्व हो । क्याम्पसबाट आएपछि उहाँ कि त वारीमा तरकारी गोलमेल गर्न पुग्नु भएको हुन्छ कि त कोठामा ढोका बन्द गरेर केही लेखिरहेको हुनुहुन्छ । सित्तै उहाँलाई रिस उठदैन । कहिलेकाहीँ रिसाइ हालेपनि कोठामा गएर ढोका लगाई कविता कोरेर पछि हामीलाई सुनाएर आफ्नो रिसलाई कम गर्नुहुन्छ । कहिले काहीँ हामी (म, छोराहरू) बाट भएका कमजोरीलाई पनि कवितामा जोडेर हामीलाई सुनाएर हाम्रो स्वभावमा परिवर्तन ल्याउन खोज्नु हुन्छ ।

४. **सरको दैनिकी कस्तो छ ? केही बताउनुहोस् न ।**

उहाँ सधै विहानै उठ्ने, सधै नुहाउने, पूजापाठ गर्ने, सकेसम्म दिनको एक अध्याय भागवत पाठ गर्नुहुन्छ । साँझमा पनि घरमा पूजा नगरी उहाँ कहिल्यै खानुहुन्न ।

५. **उहाँको विशेष रुची केही पाउनुभएको होला नी ?**

खानपानमा कहिल्यै दोष लगाउनुहुन्न क्यार । कहिलेकाहीँ तरकारीमा नुन नै नलागेको वा बढी भएको रहेछ भने पनि उहाँले खाएर गएपछि मैले खाँदा मात्र थाहा हुन्छ । रुची त माछामासु केही खानुहुन्न । अरु अम्मल पनि केही छैन । रक्सी त परै जाओस् । खास गरी हरियो सागपात भनेपछि अलि बढी मन पराउनुहुन्छ । लगाउने कुरामा भने उहाँलाई धोती कछाड मनपर्छ तर क्याम्पस पढाउन जाँदा भने उहाँ साधारण सर्ट, कोट, पाइन्टमा जानुहुन्छ । गाउँमा पनि त्यही काम पर्दा मात्र निस्कनु हुन्छ । जतिबेला पनि बाहिर जाने, अरुका बारेमा कुरा काट्ने, जुवातास खेल्ने केही गर्नुहुन्न । केहीको पनि मतलब गर्नुहुन्न अति सोझो स्वभावको जस्तो हुनुहुन्छ ।

**६. अन्य केही जानकारी दिनुहुन्छ की ?**

खासै के पो छ र ! छोराहरूलाई सधैं पढ्नुपर्छ भनी प्रेरणा दिइरहनुहुन्छ । लेखन कार्यमा भने उहाँ प्रायः व्यस्त जस्तै देखिनुहुनछ । कहिलेकाहीँ साहित्यनुरागीहरू र विद्यार्थीहरू आए भने अध्यापन सम्बन्धी कुराहरू गरेर समय विताउनुहुन्छ ।

**७. अन्त्यमा केही भन्नु छ भने ?**

तपाईले गर्न लागेको कामप्रति सफलताको कामना व्यक्त गर्दछु ।

**८. आफ्नो श्रीमान्‌को व्यक्तित्वको बारेमा जानकारी दिनुभएकोमा धन्यबाद !**

धन्यवाद !

कलावती

..........................................

**कलावती रिजाल**


**तम्घास-१, गुल्मी**

## शोधपत्र तयार गर्दा शोधनायकको जीवनी व्यक्तित्वका बारेमा जानकारी गराउने व्यक्तित्वहरूको परिचय

१) प्रेमनाथ अर्याल - रे.व.क्या. तम्घास गुल्मीका क्याम्पस प्रमुख वर्ष - ६१

२) माधवप्रसाद अर्याल - रे.व.क्या तम्घास गुल्मीका लाइब्रेरियन वर्ष ३४

३) विश्वनाथ पन्थी - तम्घासका एक पण्डित वर्ष ६०/६२



# प्रमाण-पत्र


लोकतन्त्र दिवस मूल समारोह समिति तथा नेपाल पत्रकार महासंघ, गुल्मीको संयुक्त आयोजना र जिल्ला शिक्षा कार्यालयको सहयोगमा प्रथम लोकतन्त्र दिवसको अवसरमा आयोजित कवि गोष्ठी कार्यक्रममा भाग लिनु भएका श्री लक्ष्मण प्रसाद रिजाल ज्यूले प्रथम स्थान हासिल गर्न सफल हुनु भएकोमा वहाँलाई हार्दिक बधाई सहित धन्यवाद छ।

**संयोजक**
हरिकुमार श्रेष्ठ
सभापति
नेपाल पत्रकार महासंघ, गुल्मी

**आयोजक**
पुरन गिरी
अध्यक्ष
लोकतन्त्र दिवस मूल समारोह समिति, गुल्मी

२०६४।१।११

**स्थानीय कवि गोष्ठीमा शोधनायक लक्ष्मणप्रसाद रिजालले प्राप्त गरेको प्रमाणपत्र**




शोधपत्रमा अध्ययन गरिएको कवि लक्ष्मणप्रसाद रिजालको 'रेसुङ्गा महाकाव्य'



युवा अवस्थामा शोधनायक लक्ष्मणप्रसाद रिजाल



शोधनायक लक्ष्मणप्रसाद रिजाल श्रीमती कलावती र छोराहरू